एम्नेस्टी इन्टरनेसनल नेपाल

# सत्ताइसौं वार्षिक साधारणसभा

## टाँडी, चितवन ।

२०७५ असोज ६, ७ र ८ (२२, २३ र २४ सेप्टेम्बर २०१८)

# वार्षिक प्रतिवेदन २०७४/७५

# एम्नेस्टी इन्टरनेसनल

सन् १९६१ मा बेलायती ***वकिल पिटर बेनेन्सन***लाई पोर्चुगलका दुईजना युवकले स्वतन्त्रताका नाममा टोस्ट गरेको निहुँमा त्यहाँको सरकारले उनीहरूलाई सात वर्ष कैद सजाय दिएको कुराले साह्रै चिन्तित तुल्यायो । शान्तिपूर्ण तवरले आफ्नो आस्था प्रकट गर्न पाउने नैसर्गिक अधिकारको उपयोग गरेकै निहुँमा बन्दी बनाएर सरकारले ती युवकहरूमाथि अन्याय गरेको  र त्यस्ता पीडितहरूलाई अरु नागरिकहरूले समेत बिर्सेको महसुस पिटर बेनेन्सनले गर्नुभयो र ती पोर्चुगिज युवा र उनीहरूजस्तै अन्यायमा परेका अन्य कयौं आस्थाका बन्दीहरूका पक्षमा आवाज उठाउन आह्वान गर्दै उहाँले बेलायतबाट प्रकाशित हुने अखबार **'दी अब्जर्भर'** (The Observer) मा २८ मे १९६१ का दिन "बिर्सिएका बन्दीहरू" (The Forgotten Prisoners) शीर्षकको एक लेख प्रकाशित गर्नुभयो । उक्त लेखमा विभिन्न स्थानमा आस्थाका आधारमा बन्दी बनाइएका नागरिकहरूको रिहाइका लागि २८ मे १९६१ देखि "आममाफीका लागि अनुरोध १९६१" (Appeal for Amnesty 1961) नामक अभियानको थालनी गरिने र सो अभियानसम्बन्धी कामको समन्वय गर्न बेलायतको लन्डनमा कार्यालय स्थापना गरिने कुरा उल्लेख गरिएको थियो । अन्ततः अभियानलाई संस्थागत रूपमा व्यवस्थित तवरले अघि बढाउन ३० सेप्टेम्बर १९६२ मा "एम्नेस्टी इन्टरनेसनल" भनी आधिकारिक रूपमा नामाकरण गरियो ।

एम्नेस्टी इन्टरनेसनल (ए.आई.) अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानवअधिकारहरू सम्मानित र संरक्षित हुनु पर्दछ भनेर अभियान सञ्चालन गर्ने व्यक्तिहरूको एक विश्वव्यापी अभियान हो । यो साधारण व्यक्तिहरूद्वारा सञ्चालित असाधारण (Extraordinary movement by ordinary people) अभियान हो जसमा विश्वभर रहेका ए.आई. का सदस्य एवं समर्थकहरू विश्वको कुनै पनि स्थानमा हुने कुनै पनि प्रकारको मानवअधिकार उल्लङ्घन वा ज्यादतीको विरुद्धमा नैतिक दवाब सिर्जना गर्दछन् । एम्नेस्टीले मानवअधिकारको क्षेत्रमा गरेको कामको मूल्यांकन स्वरूप  सन् १९७७ को नोवेल शान्ति पुरस्कार तथा १९७८ को संयुक्त राष्ट्रसंघीय मानवअधिकार पुरस्कार लगायतका थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरेको छ । हाल संसारभर ७० लाख भन्दा बढी सदस्य र सहयोगदाता यसमा आवद्ध छन् ।

**एम्नेस्टी नेपाल शाखा**लाई नेपालमा सन् १९६९ मा कानुन व्यवसायी नुतन थपलियाले पहिलो पटक स्थापना गर्नु भएको हो । त्यसको केही वर्षपछि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" (Nepal Section) को मान्यता प्रदान गरेको थियो । तर तत्कालीन शासन व्यवस्था र परिस्थितिका कारण सन् १९८२ पछि अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपालशाखा" को मान्यता खारेज गऱ्यो । "नेपाल शाखा" को मान्यता खारेज भएपछिका वर्षहरूमा पनि विभिन्न बुद्धिजीवी तथा मानवअधिकार अभियन्ताहरू सोझै एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयबाट सदस्यता लिने, एम्नेस्टी समुहहरू गठन गर्ने एवं एम्नेस्टीले सञ्चालन गर्ने विश्वव्यापी अभियानमा सहभागी हुने क्रम निरन्तर थियो । वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालमा एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय कार्यालय गठनको प्रयास भयो र सन् १९९० मा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयको पहलमा एक समन्वयात्मक संरचना (Coordinating Structure) गठन भयो । त्यसपछि सन् १९९३ मा नेपाल सो Coordinating Structure लाई अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" को मान्यता प्रदान गऱ्यो । त्यसपछिका वर्षमा एम्नेस्टी नेपालले निर्वाध र सकृयतापूर्वक आफ्ना गतिविधिहरू अघि बढाइरहेको छ र हाल एम्नेस्टी नेपालमा ३७ जिल्लाहरूमा सक्रिय ७५ समूह, ५ निर्माणाधिन समूह र ४६ युथ नेटओर्कहरूमा आबद्ध झण्डै ८००० सदस्य/अभियन्ताहरू र लाखौंको सङ्ख्यामा सुभेच्छुक र समर्थकहरू रहनुभएको छ ।

# विषय सूची


१. निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को योजना कार्यान्वयनको प्रतिवेदन १

२. कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को आर्थिक प्रतिवेदन ९४

३. आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण प्रतिवेदन ९८

४. एम्नेस्टी नेपाल पुनरावेदन समितिका पदाधिकारी, नेसनल बोर्डका पदाधिकारी तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरूको नामावली विवरण १०९

## निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०७४/७५को योजना कार्यान्वयनको प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपालको सम्मानित सत्ताइसौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध समूह तथा निर्माणाधिन समूहका प्रतिनिधि/पर्यवेक्षकज्यूहरू, अन्तर्राष्ट्रिय बोर्ड/सचिवालयका प्रतिनिधिज्यू, एम्नेस्टी इन्टरनेसनलका अन्य सेक्सनका प्रतिनिधिज्यूहरू, राष्ट्रिय बोर्ड एवं पुनरावेदन समितिका पदाधिकारीज्यूहरू, एम्नेस्टी नेपालका पूर्व अध्यक्षज्यूहरू एवं राष्ट्रिय सचिवालयका सहकर्मी साथीहरू,

मानवअधिकारको क्षेत्रमा कार्यरत विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको निर्देशकको हैसियतले संस्थाको सम्मानित २७ औं वार्षिक साधारण सभासमक्ष एम्नेस्टी नेपालको वर्ष २०७४/७५को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

गत वर्षहरूमा झैं यस आर्थिक वर्षमा पनि एम्नेस्टी नेपालले मानवअधिकारसम्बन्धी विभिन्न अभियान सञ्चालन गर्दै विविध गतिविधिहरू सम्पन्न गरेको छ । यस वर्ष पनि एम्नेस्टी नेपालले आप्रवासी श्रमिकहरूको अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय सचिवालयको समेत संलग्नता र प्राविधिक सहयोग तथा सुझावका आधारमा विभिन्न अभियानात्मक गतिविधिहरू सम्पन्न गरेको छ । यस वर्षको सबैभन्दा ठूलो अभियानमा आप्रवासी श्रमिकहरूको अधिकार सुनिश्चितताका लागि २०७४ श्रावणमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म आयोजना गरिएको चेतनामूलक र दबाबमूलक अभियान क्याराभान रह्यो । यस क्याराभानका क्रममा वैदेशिक रोजगारी क्षेत्रमा व्याप्त मानवअधिकार चुनौती र तीनका समाधानका लागि स्थानीय सरकार र नागरिक समाजको समेत कस्तो भूमिका रहन सक्छ भन्ने अन्तर्क्रियात्मक गतिविधिहरू आयोजना गर्दै सर्वसाधारणहरूलाई पनि जागृत गराउँदै नेपालको १७ जिल्लाहरूको भ्रमण गरी हजारौं जनमानसमा पुग्न सफल भइयो ।

महिला हिंसाका घटनाहरूविरुद्धका अभियान, सङ्क्रमणकालीन न्याय र दण्डहीनताविरुद्धका अभियान, जोखिममा परेका व्यक्ति तथा मानवअधिकारको अवस्था सङ्कटग्रस्त रहेको मुलुकहरूमा नागरिक स्वतन्त्रता र मानवअधिकारका लागि गरिएका अभियान, मानवअधिकारसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यहरू, एम्नेस्टी नेपालमा आबद्ध समूह र युथनेटवर्कका सदस्यहरूका लागि क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिहरू, मानवअधिकार शिक्षासम्बन्धी अभियान लगायतका विभिन्न गतिविधिहरू यस आर्थिक वर्षमा सम्पन्न भएका छन् । यस आर्थिक वर्षको दौरानमा एम्नेस्टी नेपालले एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी रणनीतिक लक्ष्यअन्तर्गतको गोल ५ अन्तर्गत *म्याक्सिमाइजिङ्ग इन्गेजमेन्ट*अन्तर्गत अन्दाजी एक लाख सपोर्टहरूलाई मानवअधिकारसम्बन्धी *एक्सन* लिन उत्प्रेरित गर्न सफल भएको छ ।

अध्यक्षज्यू तथा सम्मानित साधारणसभाका सभासदज्यूहरू,

अब म २०७५ भाद्र १६ गते (१ सेप्टेम्बर २०१८) मा बसेको नेसनल बोर्डको बैठकमा पेश भई उक्त बैठकले पारित गरेको यस संस्थाको वर्ष २०७४/७५ को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु । यस प्रतिवेदनमा संस्थाका तर्फबाट २०७४ साउन १ देखि २०७५ असार मसान्त (**१६ जुलाई २०१७ देखि १६ जुलाई २०१८**) सम्म भएका प्रमुख गतिविधिहरूलाई समेटिएको छ ।

# खण्ड १

# मानवअधिकार अभियानसम्बन्धी गतिविधि

# १. दण्डहीनताविरुद्धको अभियान

## १.१. पृष्ठभूमि

मानवअधिकार संरक्षणका निम्ति दण्डहीनताको अन्त्य अपरिहार्य छ । दण्डहीनताले पीडितहरूको न्याय र निवारणको पहुँचलाई नकार्दछ । एम्नेस्टीले निकै लामो समय देखि मानवअधिकारका सवालमा हुने दण्डहीनताका विरुद्ध आवाज उठाउदै आएको छ । युद्ध अपराध, मानवताविरुद्धको अपराध, नरसंहार लगायत चरम मानवअधिकार हनन्, गैरन्यायिक हत्या, यातना, बलपूर्वक बेपत्ता, यौन हिंसाका घटनाहरू हुनुहुँदैन र भईहालेमा त्यस्ता घटनाहरूको अविलम्ब छानबिन भई पीडकलाई न्यायिक कठघरामा ल्याइनुपर्दछ भन्दै अभियान गर्दै आएको छ । सन् २००२ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाले एम्नेस्टीको यो अभियानलाई थप उर्जा र प्रेरणा प्रदान गरेको छ ।

हाम्रो देश नेपालमा पनि दण्डहीनताले व्यापक र गहिरो जडा गाडेर बसेको छ. । विशेष गरेर दश वर्षे द्वन्दकालमा भएका गैरन्यायिक हत्या, यातना, बलपूर्वक बेपत्ता, यौन हिंसाका घटनाहरूको अहिले सम्म उचित सम्बोधन भएको छैन । नागरिक समाज, द्वन्दपीडित समुदाय लगायत राष्ट्रिय तथा अर्न्तराष्ट्रिय दबाबबाट ती मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनका घटनाहरूको स्वतन्त्र र निष्पक्ष छानबिन गरी सत्यतथ्य उजागर गर्ने, पीडितलाई परिपूरण र न्याय प्रदान गर्ने एवं भविष्यमा त्यस्ता घटना नदोहोरिने सुनिश्चितता गर्ने उद्देश्यका साथ सत्य निरुपण तथा मेलमिलाप आयोग (सत्य आयोग) र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग (बेपत्ता आयोग) गठन भएको चार वर्ष हुन लाग्दा पनि आयोगहरूले सत्यको उजागर गर्ने, गम्भीर अपराधमा संलग्न पीडकको पहिचान गर्ने एवं पीडितहरूलाई परिपूरण सिफारिस गर्ने, गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्रवृत्ति अध्ययन गर्ने, संस्थागत सुधारका लागि सिफारिस गर्ने जस्ता मूल भूमिकामा आफ्नो ध्यान केन्द्रित गर्न सकेका छैनन् । सरकारले पनि मेलमिलाप र आर्थिक क्षतिपूर्तिलाई प्राथमिकतामा राख्न खोजिएको र विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा फौजदारी अभियोजनलाई प्राथमिकता नदिएको देखिन्छ । गएको महिना मात्र सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी मस्यौदा विधेयक ल्याएको छ, यसलाई सरकारले अर्न्तराष्ट्रिय कानुनको मर्मलाई टेकेर नेपालको मौलिकता र धरातललाई ख्याल गरी ल्याएको भनी दाबी गरेतापनि द्वन्दपीडित तथा केही नागरिक समाजले दण्ड सजायको व्यवस्था न्यूनिकरण गरिएको, मस्यौदा पीडितमूखी भन्दा पनि पीडकमूखी ढङ्गले ल्याइएको भनी आशङ्काहरू व्यक्त गरेका छन् ।

## १.२. प्रधानमन्त्री कार्यालयमा पत्राचार

मानवअधिकार परिषद्मा नेपालको उमेदवारी परेको सन्दर्भमा नेपाल सरकारलाई उसको मानवअधकार दायित्वहरू खासगरी दण्डहीनता र सङ्क्रणकालीन न्यायको वर्तमान अवस्था लगायत तराईमा भएका मानवअधिकार उल्लङ्घनहरूमा जवाफदेहिता स्थापित गर्न अझै बाँकी रहेको स्मरण गराउँदै नेपाल सरकारले अर्न्तराष्ट्रिय समुदायमा राखेको “स्वैच्छिक वाचा र प्रतिबद्धताहरू (Voluntary Commitments and Pledges)”को बारेमा स्मरण गर्न आग्रह गर्दै २०७४ भाद्र २१ अर्थात ६ सेप्टेम्वर २०१७ मा आइसिजे र एम्नेस्टी नेपालद्वारा संयुक्त रूपमा प्रधानमन्त्री कार्यालयमा एक पत्र प्रेषित गरिएको थियो ।

## १.३. सङ्क्रमणकालीन न्यायका आयोगहरूको म्याद थपिएको सन्दर्भमा चासो सहित प्रेस विज्ञप्ति

सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरूको म्याद यथास्थितिमा नै पुनः एक वर्षका लागि थप्ने गरी सरकारले २०७४ फाल्गुन १ (५ फेब्रुअरी २०१८) मा गरेको निर्णयमा चासो जनाउँदै एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट र ह्युमन राइट्स वाचले २०७४ फाल्गुन १ (१३ फेब्रुअरी २०१८)मा प्रेस विज्ञप्ति जारी गरे । नेपालको सर्वोच्च अदालतको आदेश र संयुक्त राष्ट्रसङ्घ समेतका सुझाव बमोजिम सङ्क्रमणकालीन न्यायसम्बन्धी मौजुदा कानुनलाई परिमार्जन नगरी अध्यादेशमार्फत थप एक वर्ष म्याद थप्ने हिसाबमा मात्रै सरकार अगाडि बढेकोले सङ्क्रमणकालीन न्याय प्रक्रिया थप अन्योलग्रस्त बनाएको र पीडितहरूको न्याय प्राप्त गर्ने उद्देश्यमा कुठाराघात भएको उक्त विज्ञप्तिमा जनाइएको थियो। तीन वर्षको समय बित्दा आयोगहरूले मात्र उजुरी सङ्कलन गरेका र अनुसन्धानात्मक गतिविधिहरूमा खासै प्रगति गर्न नसकेको तथा पीडितमैत्री वातावरण पनि बनाउन नसकेकोमा पनि चासो व्यक्त गरिएको थियो । सो विज्ञप्तिको प्रारम्भिक मस्यौदा तयार गर्ने र पछि फलोअप तथा मिडियामा सम्प्रेशण गर्ने काम एम्नेस्टी नेपालको सचिवालयबाट भएको थियो ।




उक्त विज्ञप्तिलाई विभिन्न समाचार माध्यमहरूले प्रसारण गरेका थिए । केही मिडिया कभरेजहरूको लिङ्क तल उल्लेख गरिएको छ :

1. http://kathmandupost.ekantipur.com/news/2018-02-14/transitional-justice-delay-draws-flak.html
2. https://thehimalayantimes.com/kathmandu/trc-ciedp-short-international-standards/
3. http://www.myrepublica.com/news/36263/
4. http://www.nepalitimes.com/blogs/thebrief/2018/02/14/transitional-justice-denied/

5. https://www.indiatoday.in/pti-feed/story/intl-human-rights-groups-slam-nepal-over-failure-to-probe-wartime-abusers-1169516-2018-02-14
6. http://www.publicnow.com/view/EDCEE9D5FEB0791B936D679E4755696B09F15883
7. http://setopati.net/political/117266
8. https://www.channelnewsasia.com/news/asiapacific/rights-groups-slam-nepal-s-failure-to-probe-wartime-abuses-9959708
9. http://www.dailymail.co.uk/wires/afp/article-5389441/Rights-groups-slam-Nepals-failure-probe-wartime-abuses.html
10. http://www.business-standard.com/article/pti-stories/intl-human-rights-groups-slam-nepal-over-failure-to-probe-wartime-abusers-118021400874_1.html
11. http://www.newindianexpress.com/world/2018/feb/14/rights-groups-slam-nepals-government-over-failure-to-probe-wartime-abuses-1773175.html
12. http://www.scmp.com/news/asia/south-asia/article/2133389/families-have-waited-too-long-answers-rights-groups-slam-nepals
13. http://www.thedailystar.net/world/asia/rights-groups-slam-nepal-failure-1535077
14. http://www.gulf-times.com/story/581757/Nepal-stymies-probe-into-wartime-abuses
15. https://www.outlookindia.com/newsscroll/intl-human-rights-groups-slam-nepal-over-failure-to-probe-wartime-abusers/1253157


## १.४.मुक्तिनाथ अधिकारी स्मृति दिवसको सन्दर्भमा सङ्क्रमणकालीन न्यायसम्बन्धी छलफल कार्यक्रमको आयोजना

एम्नेस्टी इन्टरनेसनल नेपालको समूह ७९ लमजुङ्का तत्कालीन संयोजक तथा पाणिनि संस्कृत माध्यामिक विद्यालयका तत्कालीन प्रधानाध्यापक मुक्तिनाथ अधिकारीलाई वि.सं २०५८ माघ ३ मा तत्कालीन माओवादी कार्यकर्ताहरूद्वारा निर्मम ढङ्गमा हत्या गरिएको १६ औं वार्षिक तिथिको सन्दर्भमा एम्नेस्टी नेपालको सहयोग, समन्वय र सहकार्यमा एम्नेस्टी नेपाल र मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठानद्वारा संयुक्त रूपमा जनवरी १७ अर्थात माघ तीन गते स्मृति सभा आयोजना गरी नेपालको सङ्क्रमणकालीन न्याय विषयमा एक छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

प्रमुख अतिथिका रूपमा पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठ रहनुभएको उक्त कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गोविन्द शर्मा पौडेल, सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष सूर्यकिरण गुरुङ, बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका सदस्य बिजुल वि.क.दुलाल, नेपाली काङ्ग्रेसका नेता शेखर कोइराला, नेकपा एमालेका पोलिट्ब्युरो सदस्य तथा पूर्व कानुन मन्त्री अग्नी खरेल, मानवअधिकार कर्मीहरू चरण प्रसाईं, सुबोध प्याकुरेल, कपिल श्रेष्ठ, नुतन थपलिया लगायतका व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।




मुक्तिनाथ अधिकारीको स्मृतिमा उहाँको तस्वीरमा माल्यार्पण र एक मिनेटको मौनधारण पश्चात शुरू भएको *"नेपालमा सङ्क्रमणकालीन न्याय निकायहरूको प्रभावकारीता र वर्तमान समस्या समाधानका उपायहरू"* शीर्षकको अन्तर्कृयामा बोल्दै विभिन्न वक्ताहरूले नेपालको राजनीतिक नेतृत्वले सङ्क्रणकालीन न्यायको प्रकृयालाई प्राथमिकतामा नपारेको तथा राजनीतिकरण गरको जनाएका थिए । द्वन्द्वपीडित साझा चौतारीकी सदस्य अनिता ज्ञवाली र उपाध्यक्ष गीता रसाइलीले सङ्क्रमणकालीन न्यायका आयोगहरूको म्याद थपले मात्र समस्या समाधान नहुने बताउँदै ऐनमा संशोधन गरी आयोगलाई पुनर्गठन गरी पीडितमैत्री वातावरणमा काम गर्ने संयन्त्र विकास

गर्नुपर्ने जनाउनुभएको थियो। नेता शेखर कोइरालाले नेताहरूले राजनीतिक इच्छाशक्ति देखाई समस्या समाधानमा अघि बढ्नुपर्ने बताउनु भएको थियो। त्यसैगरी नेता अग्नी खरेलले आफू कानुन मन्त्री हुँदा सङ्क्रमणकालीन न्यायको मुद्दालाई होलिस्टिक ढङ्गमा समाधान गर्न गम्भीर प्रयत्न गरेको भएपनि सरकार विघटनले सो कार्य उत्तिकै अड्किएको र अहिलेसम्म कुनै प्रगति नभएकोमा दुःख व्यक्त गर्नुभएको थियो। सत्य आयोगका अध्यक्ष सूर्य किरण गुरुङले नेपाल मानवअधिकार परिषद्मा सदस्य राष्ट्रका रूपमा निर्वाचित भएको सन्दर्भमा आफ्नै मानवअधिकार समस्याहरूलाई सम्बोधन गर्न नसकेमा नेपालले अरु मुलुकको मानवअधिकार समस्याहरूका बारेमा प्रश्न गर्ने नैतिक धरातल गुमाउने तर्क गर्नुभएको थियो। बेपत्ता आयोगका सदस्य बिजुल वि.क.ले श्रोत साधनको अभाव र सरकारी असहयोगका कारण काम अघि बढाउन नसकेको जानकारी गराउनुभएको थियो।



उक्त कार्यक्रममा पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठले नेपालमा कसरी न्याय प्रकृयालाई दिशान्तरण गरिँदै छ र कसरी न्यायको बाटो मिच्ने काम भइरहेको छ भन्ने कुरामा गहन मन्तव्य राख्नुभएको थियो। उहाँले राजनीतिक नेतृत्व र सबैलाई आ-आफ्नो जिम्मेवारी बोध गर्न र वृहत्तर हितका सवालमा उत्पादनशील भई योगदान पुऱ्याउन आग्रह गर्नुभयो। उहाँले न्याय प्रदान गर्नमा राजनीतिक तहबाट भइरहेको ढिलाइमाथि प्रश्न गर्दै पीडित सुमदायलाई न्याय प्राप्तिको बाटोमा निरन्तर सङ्घर्ष गर्न आग्रह गर्नुभएको थियो।

मानवअधिकार समुदाय, पत्रकार, पीडित परिवारजनहरू, एम्नेस्टी नेपालआबद्ध अभियन्ताहरू समेत गरी झण्डै १६० जनाको उक्त कार्यक्रममा उपस्थिति रहेको थियो।

vs/2018/01/18/20180118064122.html

कान्तिपुर

समाचार

## 'न्यायको दिशान्तरण हुन सक्दैन'

माघ ४, २०७४ | कान्तिपुर संवाददाता

काठमाडौं — मुलुकमा ठूलो परिवर्तन आए पनि त्यसबाट द्वन्द्वपीडितहरूले न्याय भने पाउन नसकेको सन्दर्भ कोट्याउँदै पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले लोकतन्त्रको जगमा 'दण्डहीनताको अट्टालिका' ठडिएको बताएका छन्।

'लोकतन्त्र जनताको जित हो भने यसका विजेता द्वन्द्वपीडित पनि हुनुपर्ने हो तर तिनले अहिलेसम्म न्याय पाएका छैनन्। यसको अर्थ के ती लोकतन्त्रका पराजितहरू हुन्?' माओवादीद्वारा मारिएका लमजुङ दुराडाँडाका शिक्षक मुक्तिनाथ अधिकारीको १६ औं स्मृति दिवसमा बोल्दै श्रेष्ठले भने, 'लोकतन्त्रमा न्यायको दिशान्तरण हुन सक्दैन।'

बोस्निया हर्ज गोबिनियाका द्वन्द्वपीडित दुई बालकले न्याय नपाएको झोकमा पछि सैन्य अधिकृत भएपछि बदलास्वरूप ठूलो तहसनहस निम्त्याएको स्मरण गर्दै श्रेष्ठले थपे, 'यहाँ पनि राज्यले न्याय दिन इन्कार गर्‍यो वा दिएन भने हिंसाको पुनरावृत्ति हुने ठाउँ रहन्छ।' न्याय स्थुल नभएर सूक्ष्म तत्त्व भएकाले पीडितहरूको संवेदना र पीडामा संक्रमणकालीन न्यायिक संयन्त्रहरूले 'अन्तरनिहित शक्ति' को प्रयोगगर्नुपर्ने सुझाए।

हत्या गरिएका शिक्षक मुक्तिनाथका छोरा सुमन अधिकारीले जिल्ला प्रहरीदेखि सत्यनिरूपणसम्म उजुरी दिए पनि कतै केही सुनुवाइ नभएको बताए। मानव अधिकारवादी सुदीप प्याकुरेलले पनि दुई आयोगहरूले पीडितलाई न्याय दिने काममा ढिलासुस्ती गरेको टिप्पणी गरेका थिए। लमजुङका पूर्वसांसद रामचन्द्र अधिकारी, मानव अधिकारवादी चरण प्रसाईं, कपिल श्रेष्ठलगायतले द्वन्द्वपीडितको न्यायका लागि ठोस काम गर्न आयुक्तहरूलाई
सुझाएका थिए।

जवाफमा सत्यनिरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष सूर्यकिरण गुरुङ र बेपत्ता छानबिन आयोगका सदस्य बिजुल विके दुलालले विभिन्न प्रतिकूलताका बीच पनि आफूहरूले काम जारी राखेको भन्दै ऐन संशोधन नभएकाले भनेजस्तो प्रगति गर्न नसकिएको बताएका थिए।

प्रकाशित : माघ ४, २०७४ ०६:४१

https://www.kantipurdaily.com/news/2018/01/18/20180118064122.html

ekantipur

the kathmandupost

GENERAL NATIONAL CAPITAL SILVER LININGS SPORTS EDITORIAL OPED PHOTO-FEATURE INTERVIEW OTHERS

NATIONAL

## 'Political will to deliver justice crucial to settle conflict-era cases'

*Transitional Justice Mechanism*

- Post Report, Kathmandu

*With the tenures of the two transitional justice bodies due to expire in less than a month, the government is planning to seek a year extension through an ordinance*

Jan 18, 2018-Only extending terms of the transitional justice (TJ) bodies would not guarantee justice to the conflict victims until there is a real political will to do so, political leaders and officials from TJ mechanisms have said.

They said blaming the Truth and Reconciliation (TRC) and Commission of Investigation on Enforced Disappeared Persons (CIEDP) alone for the sluggish investigation into war-era crimes would not yield anything.

Speaking at an interaction held jointly by the Amnesty International and the Muktinath Adhikari Memorial Foundation in the Capital on Wednesday, they warned that dragging the investigation process further would only make the situation more complex. Nepali Congress leader Shekhar Koirala said the two TJ bodies have been trapped in the lack of political support.

Unless the leadership of three major political parties come together, there will

be no progress in providing justice to the victims, Koirala said. "There are so many lapses in the legal provisions. Neither TRC nor CIEDP can work unless they are amended as per the international standards," he told the programme.

http://kathmandupost.ekantipur.com/news/2018-01-18/political-will-to-deliver-justice-crucial-to-settle-conflict-era-cases.html

## १.५. सङ्क्रमणकालीन न्यायका विज्ञसँग भेटघाट

मिति २०७४ चैत्र २५ (८ अप्रिल २०१८) कादिन काठमाडौं आउनुभएकी सङ्क्रमणकालीन न्यायकी विज्ञ प्रिसिला हेनरसँग एम्नेस्टी नेपालले भेट गरेको थियो । नेपालको सङ्क्रमणकालीन न्यायको पछिल्लो अवस्था लगायत समग्र परिस्थितिका बारेमा उनले विविध जिज्ञासाहरू एम्नेस्टी नेपाल समक्ष राखेकी थिइन उनी हाल संयुक्त राष्ट्रसङ्घको राजनीतिक मामिला विभागको मिडियसन अड्भाइजर टिमकी सिनियर मिडियसन अडभाइजरकी रूपमा कार्यरत छिन् र सङ्क्रमणकालीन न्याय विषयको विख्यात पुस्तक "Unspeakable Truths: Transitional Justice and the Challenge of the Truth Commissions" की लेखिका हुन् त्यस्तै २७ चैत्र १० अप्रिलमा आइसिजेका पूर्व कर्मचारी निखिल नारायनसँग पनि एम्नेस्टी नेपालले भेटघाट गरी सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयमा विचार आदान प्रदान गरेको थियो ।

## १.६. अनसनरत गङ्गामाया अधिकारीको न्यायको मागलाई सम्बोधन गर्न माग गर्दै प्रेस वक्तव्य जारी

आफ्ना छोरा कृष्णप्रसाद अधिकारीको हत्यारालाई पक्राउ गरी न्यायिक अनुसन्धान र कारबाही गरी पाउँ भनी पुनः अनसन सुरू गरेको २१ दिन बितिसक्दा पनि सरकार मुकदर्शक बनिरहेको तथा उक्त माग सम्बोधनका सवालमा कुनै ठोस प्रयासहरू नभएको सन्दर्भमा मानवअधिकार उल्लङ्घनका पीडितहरूलाई न्याय प्रदान गर्ने सरकारको राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको दायित्वका बारेमा स्मरण गराउँदै एम्नेस्टी नेपालले नेपाल सरकारको जवाफहीनता र अकर्मण्यताबाट चिन्तित भएको जनाउँदै २०७४ असार ५ अर्थात जुन १९, २०१८ का दिन प्रेस वक्तव्य जारी गरेको थियो ।

**AMNESTY INTERNATIONAL** NEPAL
Amnesty Marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 (1) 4364706 and 4364431
Fax: +977 (1) 4354987
E: info@amnestynepal.org
W:www.amnestynepal.org

**प्रेस विज्ञप्ति**

काठमाडौं/५ असार २०७५

**गङ्गामाया अधिकारी लगायत नेपालको द्वन्द्वकालीन अपराधका पीडितहरूको न्यायको मागप्रति एम्नेस्टी इन्टरनेसनलन नेपाल समर्थन गर्दछ**

गङ्गमाया अधिकारी लगायत वि.सं. २०५२ देखि २०६३ सम्म चलेको नेपालको सशस्त्र द्वन्द्वका क्रममा भएका अपराधका पीडितहरूका लागि न्यायको आवाज उठाइरहेका नेपालका पिडित समूहहरू, नागरिक समाज सङ्गठनहरू र राष्ट्रिय मानवअधिकार आयोगप्रति एम्नेस्टी इन्टरनेसनल नेपाल ऐक्यबद्धता व्यक्त गर्दछ ।

गङ्गामाया अधिकारीले भोक हड्ताल थालेको आज २१ दिन बितिसक्दा पनि नेपाल सरकारबाट देखिने गरी कुनै काम नभएको र अहिलेसम्म गङ्गामायाप्रति दर्शाएको जवाफहीनताले एम्नेस्टी इन्टरनेसनल नेपाल गहिरो रूपमा चिन्तित भएको छ । न्यायको आवाजप्रतिको सरकारको चरम उदासिनताका कारण २०७१ असोज ६ गते ३२९ दिनको भोक हड्तालपछि गङ्गामायाकी श्रीमान नन्दप्रसाद अधिकारीको दुःखद् निधन भएको बारेमा एम्नेस्टी इन्टरनेसनल नेपाल जानकार छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको सन्दिग्ध पीडकलाई गिरफ्तार गरी प्रभावकारी अनुसन्धान गर्नुपर्ने तथा गङ्गामाया लगायत आफूमाथि अन्याय भएको दावी गर्ने सबै पीडितहरूलाई शीघ्र न्याय प्रदान गर्नुपर्ने दायित्वका बारेमा एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई स्मरण गराउँदछ ।

आफ्नो छोराको हत्यामा संलग्न भएकाहरूको विरुद्ध कानुनी कारबाही गर्ने अधिकरीहरूको कानुनी दायित्वलाई स्मरण गराउन समेत भोक हड्ताल जस्तो विषम छनोटलाई अन्तिम अस्त्रका रूपमा प्रयोग गर्नुपर्ने अवस्था रहनु एकदमै दुर्भाग्यपूर्ण कुरा हो ।

"गङ्गामाया अधिकारीको स्वास्थ्य गम्भीर बन्दै गइरहेको यस अनसनरत अवस्थामा उनको जीवन रक्षाका लागि उपाय खोज्ने विषयमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष र प्रधानमन्त्रीका बीच हाल चालु संवादका बारेमा एम्नेस्टी इन्टरनेसनल नेपाल जानकार रहेको छ । यस पहललाई स्वागत गर्दैगर्दा हामी गङ्गमाया अधिकारी लगायत द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका सबै पीडितहरूलाई न्याय प्राप्त हुने बाटो निर्माण गर्ने दिशामा ठोस कार्यहरू गर्न तथा विश्वसनीय सङ्क्रमणकलीन न्याय प्रकृयाका सवालमा सर्वोच्च अदालतका फैसलाहरूलाई कार्यन्वयन गर्न अधिकारीहरूसमक्ष गम्भीर आग्रह गर्दछौं," एम्नेस्टी इन्टरनेसनल नेपालका अध्यक्ष राजनप्रसाद कुईंकेलले भन्नुभयो ।

उक्त प्रेस वक्तव्यलाई विभिन्न मिडियाहरूले प्रसारण गरेका थिए :

1. http://kathmandupost.ekantipur.com/news/2018-06-20/amnesty-slams-inaction-over-ganga-maya.html
2. http://epaper.thehimalayantimes.com/textview_9282_5067_4_1_2_20-06-2018_71_0.html
3. https://www.ictj.org/news/amnesty-international-calls-justice-ganga-maya
4. http://nep123.com/index.php/2018/06/20/ai-calls-for-justice-to-ganga-maya/
5. http://nagariknews.nagariknetwork.com/news/50010/
6. http://www.imagekhabar.com/news/470/society
7. http://www.suryakhabar.com/2018/06/60302/
8. http://reportersnepal.com/2018/06/252271.html#.WyppqjwRATo.facebook
9. http://ratopati.com/story/49871#
10. http://deshkokhabar.com/गंगामायाको-माग-सम्बोधन-ग/
11. https://hamrakura.com/news-details/44010/2018-06-20

## १.७. नागरिक समाजका प्रतिनिधिहरूसँगको छलफल बैठक

एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालयका प्रतिनिधिहरू विराज पटनायक र राजु चापागाईं नेपालमा भएको सन्दर्भ र सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित पछिल्लो विकासक्रमलाई ख्याल गर्दै एम्नेस्टी नेपालले २०७५ असार ८ (२२ जुन २०१८) का दिन सङ्क्रमणकालीन न्यायका क्षेत्रमा केन्द्रित रहेर कार्यरत मानवअधिकार संस्थाहरूका प्रतिनिधिहरूलाई निमन्त्रणा गरी एक छलफल बैठकको आयोजना गरियो । उक्त कार्यक्रममा वरिष्ठ मानवअधिकार कर्मी, द्वन्द्वपीडित लगायत २४ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उक्त बैठकको



उद्देश्य केही अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाका प्रतिनिधिहरूलाई सङ्क्रमणकालीन न्यायको विधेयक मस्यौदा समितिले असार ७ मा आमन्त्रण गरी ब्रिफिङ्ग गरेको सन्दर्भमा उक्त ब्रिफिङ्गमा के भएको थियो भन्ने कुरा नागरिक समाजका प्रतिनिधिहरूलाई प्रकाश पार्ने र सङ्क्रमणकालीन न्यायका सन्दर्भमा अबको बाटो अर्थात *फ्युचर स्टेप* के हुनसक्छ भन्ने विषयमा विचार विमर्श गर्नु थियो । बैठकमा एम्नेस्टी इन्टरनेसनल दक्षिण क्षेत्रीय कार्यालयका निर्देशक बिराज पटनायकले मस्यौदा समिति र सरकारका अन्य प्रतिनिधिहरूलाई नेपाली नागरिक र पीडितले के चाहन्छन् र त्यो प्रकृयाबाट उनीहरू सन्तुष्ट हुन्छन् की हुँदैनन् भन्ने विषयवस्तुलाई हृदयङ्गम गरी अघि बढ्न सुझाव दिएको जानकारी गराए । बैठकको निचोडमा सङ्क्रमणकालीन न्याय प्रकृयालाई टुङ्ग्याउने नाममा *रिड्युस्ड सेन्टेन्सिङ्ग*को अवधारणामा आधारित रहेर जुन नियतका साथ मस्यौदा विधेयक अघि आएको छ त्यसमा चनाखो भई सकारात्मक हस्तक्षेप गर्नुपर्ने, सबैका भनाईहरू एकिकृत हुनुपर्ने र विद्यमान मस्यौदाको अन्तर्राष्ट्रिय कानुनसँग तादात्यमता रहे/नरहेको बारेमा मूल्याङ्कन गरी शीघ्र प्रतिकृया जनाउनुपर्ने जस्ता सुझावहरू प्राप्त भएको थियो ।

## १.८. सङ्क्रमणकालीन न्यायसम्बन्धी विविध कार्यक्रमहरूमा सहभागिता तथा सहयोग



द्वन्द्वपीडित समुदाय खासगरी द्वन्द्वपीडित साझा चौतारी, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले विभिन्न समयमा बेपत्ता, परिपूरण, सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन र आयोगहरू लगायत विषयहरूमा सम्बन्धित रहेर आयोजना भएका विभिन्न कार्यक्रमहरूमा एम्नेस्टी नेपाल सहभागी भई आफ्ना सुझाव र धारणाहरू व्यक्त गर्ने कार्य जारी राख्यो ।



२०७४ कार्तिक १८ अर्थात् ५ नोवेम्बर २०१७ का दिन मैना सुनार हत्यासम्बन्धी सुनुवाईमा एम्नेस्टी नेपाल सर्वोच्च अदालतमा उपस्थित भयो । त्यस्तै २०७४, फाल्गुन १ गते रिना रसाईली वार्षिक स्मृति दिवसको सन्दर्भमा आयोजना गरिएको दीप प्रज्वलन कार्यक्रममा एम्नेस्टी नेपालले विभिन्न सामग्रीहरू रिना अर्पण दलित उत्थान मञ्चलाई उपलब्ध गराएको थियो ।

२०७५ असार ३ (१७ जुन २०१८) मा गङ्गामाया बचाऊ अभियानअन्तर्गत प्रधानमन्त्री निवास, बालुवाटार नजिक आयोजित धर्ना कार्यक्रममा एम्नेस्टी नेपालले पनि ऐक्यबद्धता सहितको उपस्थिति जनायो । एक घण्टा लामो सो धर्नामा गङ्गामायाको माग सुनुवाई हुनुपर्ने, अदालतको आदेश कार्यान्वयन हुनुपर्ने, दोषीमाथि कारबाही हुनुपर्ने जस्ता नारा लगाइएको थियो । करिब ६० जना मानवअधिकारकर्मी तथा द्वन्द्वपीडितहरू न्यायको माग गर्न उपस्थित भएका थिए ।



## १.९. राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा दण्डहीनता र सङ्क्रमणकालीन न्यायसम्बन्धी भएका अभियानहरू

एम्नेस्टी नेपालले कुनै पनि महत्वपूर्ण सन्दर्भलाई मानवअधिकार अभियान गर्ने अवसरका रूपमा उपयोग गर्दै आएको छ । विशेष गरेर मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दिवसहरूलाई प्राथमिकता दिई आफ्ना समूह तथा युथ नेटवर्कलाई स्थानीय स्तरमा अभियानात्मक गतिविधिहरू गर्न अभिप्रेरित गर्दै एक्शन सर्कुलर प्रेसित गर्ने गर्दछ । यसरी प्रेसित एक्शन सर्कुलरले सदस्यहरूलाई कुनै पनि विषयमा पृष्ठभूमि सहितको जानकारी गराउँदछ, सो विषयबारे एम्नेस्टीको धारणा र दृष्टिकोण अवगत् गराउँदछ र स्थानीयस्तरमा कसरी कार्यक्रम आयोजना गर्ने बारे निर्देशन गर्दछ ।

### १.९.१. बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस (International Day of the Victims of Enforced Disappearances 2017)



एम्नेस्टी नेपालले मानवअधिकार उल्लङ्घनका पीडितहरूका लागि सत्य, न्याय र परिपूरणको सुनिश्चिताका लागि जारी राखेको अभियानअन्तर्गत बलपूर्वक बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गरिनुपर्दछ र पीडितलाई न्याय र परिपूरण एवं दोषीलाई कानुनी कारबाहीको माग गर्दै स्थानीय स्तरदेखि दबाब सीर्जना गर्नका लागि विगत्का वर्षहरू देखि निरन्तर अभियान गर्दै आइरहेको छ । यस वर्षको **बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अर्न्तराष्ट्रिय दिवस (International Day of the Victims of Enforced Disappearances)** का सन्दर्भमा सचिवालयले आफ्ना समूह र नेटवर्कहरूलाई एक्सन सर्कुलर प्रेसित गरी दश वर्षे सशस्त्र द्वन्द्वका बेलामा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्न, परिवारहरूको सत्य जान्ने अधिकार सुनिश्चित गर्न, जिम्मेवार दोषीहरूमाथि कारबाही गरी फौजदारी जवाफदेहिता सुनिश्चित गर्न माग गर्दै र बेपत्ता पारिएका सबै पीडित र उनीहरूका परिवारहरूको सत्य, न्याय र परिपूरणको अधिकार प्राप्तिको लडाईमा ऐक्यबद्धता जनाउँदै स्थानीयस्तरमा गतिविधि गर्न आह्वान गर्यो । त्यस्तै सचिवालयले सोही दिन (२०७४ भाद्र १४) द्वन्द्वपीडित समूहहरू, नागरिक समुदाय र अन्यको समन्वयमा नयाँ बानेश्वरको होटेल एभरेष्ट अगाडी दीप प्रज्वलन कार्यक्रमको व्यवस्थापन गरेको थियो । कार्यक्रम बेपत्ता परिवारका सदस्यबाट दीप प्रज्वलन गरी उद्घाटन गरिएको थियो जसमा मानवअधिकारकर्मी, पत्रकार, द्वन्द्वपीडित, काठमाडौँ उपत्यकामा रहेका एम्नेस्टीमा आवद्द समूह र युथ नेटवर्कका सदस्यहरू, नेसनल बोर्डका सदस्यहरू गरी करिब २०० जनाको उपस्थिति थियो । साथै सोही दिवस मनाउने सन्दर्भमा भएका विभिन्न समन्वयात्मक बैठक, संयुक्त प्रेस विज्ञप्ति सम्पादन र प्रुफरिडिङ गर्ने तथा उक्त प्रेस विज्ञप्तिलाई संप्रेषण गर्ने कार्यमा एम्नेस्टी नेपालको सक्रिय सहभागिता थियो ।

## १.९.२. स्थानीयस्तरमा आयोजना भएका कार्यक्रमहरू

| समूह / नेटवर्क | कार्यक्रमहरू |
|---|---|
| समूह २, सुर्खेत | दिप प्रज्वलन |
| समूह ११, २३, ४१ र ७३ | दिप प्रज्वलन |
| समूह ८७, काँकडभिट्टा, झापा | विधालयमा नारा प्रदर्शन |
| समूह ८२, ५४ र बाराही युथ नेटवर्क, पोखरा | अर्न्तक्रिया तथा दिप प्रज्वलन कार्यक्रम |
| समूह ८० र जोसेफ युथ नेटवर्क | हस्ताक्षर संकलन |
| समूह ७५, दमक | बेपत्ता पारिएका पीडितका सम्बन्धमा विद्यार्थीलाई अभिमुखिकरण |
| समूह ६७, हेटौंडा | दीप प्रज्वलन, र्‍याली |
| समूह ५७ र ४६ , जनकपुर | दिप प्रज्वलन |
| समूह ४३, बनेपा | काभ्रे जिल्लाबाट बेपत्ता पारिएकोहरूको फोटो प्रदर्शनी तथा दिप प्रज्वलन कार्यक्रम |
| समूह ४०, कावासोती | बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी अनुमोदन गर्न नेपाल सरकारसंग माग गर्दै शान्ति र्‍याली |
| समुह २८, अछाम | अभिमुखिकरण कार्यक्रम |
| सोसियल वर्कर निर्माणाधिन समूह, चितवन (हाल समूह २५) | दिप प्रज्वलन |
| समूह ३४, काठमाडौं | भिडियो प्रदर्शन र छलफल |
| अम्बिकेश्वरी युथ नेटवर्क, दाङ | द्विप प्रज्वलन |
| दमक युथ नेटवर्क र इमोर्टल युथ नेटवर्क | अन्तरक्रिया |
| भिक्टोरिया युथ नेटवर्क, दाङ | द्विप प्रज्वलन |

बलपूर्वक बेपत्ता पारिएका पीडितहरूका अर्न्तराष्ट्रिय दिवसमा आयोजित द्विप प्रज्वलन प्रेसमा प्रकाशित








बेपत्ताहरूका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा २०७४ भाद्र १४ (३० अगष्ट २०१७) मा ***भिक्टोरिया युथ नेटवर्क****द्वारा* करीब ६० जनाको सहभागितासहित तुलसीपुर चोक, घोराही, दाङमा प्याम्प्लेट प्रदर्शन तथा द्विप प्रज्वलन गरियो ।




द्वन्द्वकालमा बेपत्ता पारिएका मानिसहरू र उनीहरूका परिवारलाई न्यायको माग गर्दै ***अम्भिकेश्वरी युथ नेटवर्क****द्वारा* International Day of the Disappeared २०७४ भाद्र १४ (३० अगष्ट २०१७) मा तुलसीपुर, दाङमा द्विप प्रज्वलन गरियो।







## १.९.३. अन्तर्राष्ट्रिय सत्यको अधिकार दिवस (International Day for the Right to the Truth Concerning Gross Human Rights Violations and for the Dignity of Victims)

नेपालमा भएको एक दशक लामो सशस्त्र द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घन र गम्भीर अपराधका घटनाहरूको अझैसम्म अनुसन्धान भएको छैन । दुई निकायहरू - सत्य निरुपण तथा मेलमिलाप आयोग ( सत्य आयोग) र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग (बेपत्तासम्बन्धी आयोग) ले क्रमशः ६०,००० र ३,००० भन्दा बढी हत्या, यातना, बलपूर्वक बेपत्ता जस्ता राज्यका सुरक्षा फौज र माओवादी पक्षबाट सन् १९९६ देखि २००६ को द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित उजुरीहरू सङ्कलन गरेका भएपनि ती उजुरीहरूउपर अझै प्रभावकारी अनुसन्धान हुन सकेको छैन जसले गर्दा द्वन्द्व समाप्त भएको १२ वर्ष बितिसक्दा पनि पीडित लगायत आम नेपाली समाजको सत्य थाहा पाउने अधिकार कुन्ठित भएको छ। द्वन्द्व पीडितहरू पीडकहरूको पहिचान, उल्लङ्घन हुनुको कारणहरू तथा परिस्थितिहरू र उल्लङ्घनका तथ्यहरू जान्न चाहन्छन् । त्यस्तै बलपूर्वक बेपत्ता पारिएका १५ सय बढी नेपाली नागरिकका आफन्त आफ्ना प्रीयजनको स्थितिका बारेमा जान्न चाहन्छन् । यसै विषयलाई मध्यनजर गर्दै एम्नेस्टी सचिवालयले एक्सन सर्कुलर जारी गरी विभिन्न समूह र नेटवर्कहरूलाई छलफल, अन्तरक्रिया कार्यक्रमहरू देखि लिएर दीप प्रज्वलन, ऱ्याली लगायतका गतिविधिहरू आयोजना गर्न आग्रह गरेको थियो ।

## १.९.४. स्थानीयस्तरमा आयोजना भएका कार्यक्रमहरू



मिति २०७४ चैत्र १० गतेका दिन अर्न्तराष्ट्रिय सत्य अधिकार दिवसको अवसर पारेर मिडिया निर्माणाधीन समूह, काठमाडौँले एक वृहत अर्न्तक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा देशमा हाल भइरहेका मानवअधिकार हनन् विशेष गरेर द्वन्द्वपीडितका अधिकारको सवालमा छलफल गरियो । उक्त कार्यक्रममा प्रमुख अतिथि कानूनमन्त्री शेरबहादुर तामाङले गम्भीर प्रकारका मानवअधिकार हनन्का घटनामा क्षमादानको सिफारिस गर्न सक्ने गरी सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गरिनु निकै चिन्ताजनक भएको बताउदै अपराधीलाई जस्ले संरक्षण गर्दछ उनीहरू पनि अपराधी नै हुन्छन् भन्नुभयो ।

त्यस्तै समूहहरू ५४, ८२ र बाराही युथ नेटवर्क, पोखरा मिलेर छलफल र दिप प्रज्वलन कार्यक्रम गरे भने समूह ११, २३, ४१ र ७३ विराटनगरले दिप प्रज्वलन कार्यक्रम आयोजना गरेका थिए ।



## १.९.५ द्वन्द्वको समयमा हुने यौन हिंसा उन्मूलनका लागि अर्न्तराष्ट्रिय दिवस (International Day for the Elimination of Sexual Violence in Conflict)

यौन हिंसाले युद्ध अपराध, मानवताविरुद्धको अपराध, यातनाको स्वरूप अथवा जातिय संहारको तत्वको रूपमा प्रतिनिधित्व गरेतापनि द्वन्द्वको बेलामा बलात्कारलाई राजनीतिक र सैन्य उद्देश्य प्राप्तिका लागि युद्धअस्त्र तथा रणनीतिको रूपमा व्यापक प्रयोग हुने गरेको छ । विशेषगरी जनमानसलाई आतङ्कित पार्न, परिवारलाई फुटाउन, कुनै समुदायलाई नाश पार्न वा कुनै जात वर्गको अर्को पुस्तामा अदलाबदली ल्याउन बलात्कारलाई प्रयोग गरेको पाइन्छ । हाम्रो देश नेपालको सन्दर्भमा पनि १० वर्षे द्वन्द्व कालमा यौन हिंसाका घटनाहरू प्रशस्तै भएका छन् । नेपाल सरकारले संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को प्रस्तावना १३२५ (सन् २०००) र प्रस्तावना १८२० (सन् २००८) कार्यान्वयन गर्न सन् २०११ मा राष्ट्रिय कार्ययोजना पनि बनाइसकेको छ तर पनि यौन हिंसाका पीडितहरूले न्याय पाएका छैनन् नत नेपाल सरकारले उहाँहरूको दीर्घकालीन स्वास्थ्य, जीविकोपार्जन लगायत गम्भीर आवश्यकता पुरा गर्न कुनै परिपूरणका कार्यक्रमहरू ल्याएको नै छ । यस गम्भीर विषयलाई हृदयङ्गम गरी एम्नेस्टी इन्टरनेसनल नेपालले **यौन हिंसा उन्मूलनका लागि अर्न्तराष्ट्रिय दिवस**का सन्दर्भमा आफ्ना सदस्यहरूलाई एक्सन सर्कुलर प्रेसित गरी द्वन्द्वको समयमा हुने यौन हिंसा उन्मूलनका लागि स्थानीयस्तरमा सचेतना, छलफल, संवाद लगायतका कार्यक्रमहरू आयोजना गर्न अनुरोध गरियो ।

## १.९.६. स्थानीयस्तरमा आयोजना भएका कार्यक्रम




मिति २०७५ असार ५ का दिन ***समूह ७२,*** *पनौतीले* **द्वन्द्वको समयमा हुने यौन हिंसा उन्मूलनका लागि अर्न्तराष्ट्रिय दिवस**का अवसर पारेर, बसपार्क परिसर पनौतीमा सचेतना र दीप प्रज्वलन कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा करिब ४२ जनाको उपस्थिति रहेको थियो । त्यस्तै ***समूह ३२,*** काठमाडौँले असार १६ का दिन एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो जसमा २७ जनाको उपस्थिति थियो ।




युद्धमा हुने यौनिक हिंसाको अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा ***एन.सी.सी. युथ नेटवर्क*** र ***डाइन्यामिक युथ नेटवर्क***द्वारा २०७५ असाढ ९ ( जुन २३, २०१८) मा युद्धमा जन्मिएका बाल-बालिकाहरूको रक्षाको माग गर्दै ३४७ हस्ताक्षर सङ्कलन गरिएको थियो ।

# २. आप्रवासी श्रमिकअधिकारसम्बन्धी अभियान

## २.१. पृष्ठभूमि

नेपालमा हरेक वर्ष करिब ५,००,००० युवाहरू श्रम बजारमा आउने गर्छन् जसमा २० प्रतिशत नेपालमै श्रम गर्दछन् भने बाँकी ८० प्रतिशत आफ्नो देशमा सन्तोषजनक कामको अभाव र आय आर्जनको अवसर फेला पार्न नसकेर वैदेशिक रोजगारीमा जाने गर्दछन् । सन् २०१६-२०१७ मा मात्रै ३,८२,८७३ नेपालीहरू वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृती लिएर कामका खातिर विदेश गएका थिए । पछिल्लो दुई दशकमा वैदेशिक रोजगारले समग्र राष्ट्र र नेपालीको घरपरिवारमा आर्थिक सामाजिक परिवर्तनहरू ल्याएको छ । नेपालको कुल गार्हस्थ उत्पादनमा विप्रेषणको २५ देखि ३० प्रतिशत हिस्सा भएता पनि विप्रेषण पठाउने ती श्रमिकहरू विदेशजाने निर्णय लिएदेखि निरन्तर ठगी, जालसाझी र शोषणमा पर्ने गर्छन् ।

आप्रवासी श्रमिकउपर वैदेशिक रोजगार व्यवसायी र एजेन्टहरूले विधिवत रूपमा गैरकानुनी र कसुरजन्य व्यवहार गरिरहेका छन् भने उनीहरूलाई प्रभावकारी संरक्षण दिलाउन र श्रमिक भर्नासम्बन्धी गैरकानुनी र आपराधिक अभ्यासहरूमा विद्यमान दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्न नेपाल सरकार विफल देखिन्छ । गत् वर्ष एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन “मानिसलाई मुनाफामा परिणत गरिँदै” (ताचलष्लन एभयउभि ष्लतय एचयाष्तक) ले आप्रवासन ऋणले नेपाली आप्रवासी र उनीहरूका परिवारको जीवनमाथि घातक प्रभाव पारिरहेको छ भन्ने कुरा देखाएको थियो । यस्ता ठूला ऋणले रोजगारको खोजीमा रहेका व्यक्तिलाई बँधुवा मजदुरका रुपमा परिणत गरिदिन्छ, र वैदेशिक रोजगारीका क्रममा उनीहरू सजिलै शोषित हुन पुग्दछन् । यस वर्ष २०७४ पौष ३ ( डिसेम्बर १८, २०१७) अन्तर्राष्ट्रिय आप्रवासन दिवसका दिन एम्नेस्टी इन्टरनेनसलले सार्वजनिक गरेको नयाँ सर्वेक्षण प्रतिवेदन **“ऋणको पासो : गरिबीबाट आफूलाई मुक्त गर्ने नेपाली आप्रवासीहरूको प्रयासलाई अवमूल्यन गर्दै व्यवसायी र सरकार”** ले पनि त्यही परिदृश्यलाई थप पुष्टि गरेको छ ।

यी तथ्यलाई मध्यनजर गर्दै एम्नेस्टी नेपालले आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी अभियानलाई विशेष प्राथमिकताको अभियानअन्तर्गत राखेको छ र स्थानीयस्तर देखि राष्ट्रियस्तर सम्म विभिन्न चेतनामूलक र पैरवीमूलक गतिविधिहरू आफ्ना सदस्यहरूसमेतलाई परिचालन गरी गर्दै आइरहेको छ ।

## २.२. आप्रवासी श्रमिकहरूको अधिकार र अभियानसम्बन्धी दुई कार्यशाला सम्पन्न



एम्नेस्टी नेपालले आप्रवासी श्रमिकहरूको अधिकार र ती अधिकारहरूसम्बन्धी अभियानका बारेमा आफ्ना अभियानकर्ताहरूको ज्ञान, सीप र दक्षता अभिवृद्धि गराउने उद्देश्यअनुरुप २०७४ असार २५ र २६ ( जुलाइ ९ र १०, २०१७) मा झापादेखि सर्लाहीसम्मका पूर्वी नेपालका अभियन्ताहरूलाई इटहरीमा र मकवानपुरदेखि कञ्चनपुर सम्मका पश्चिम नेपालका अभियन्ताहरूलाई असार २९ र ३० (जुलाई १३ र १४, २०१७) मा बुटवलमा प्रशिक्षणात्मक कार्यशाला आयोजना गरेको थियो । इटहरीको कार्यशालामा पूर्वका एम्नेस्टी नेपाल आबद्ध समूह र युथ नेटओर्कका करिब ५५ भन्दा बढीको सहभागिता रहेको थियो भने बुटवलको कार्यशालामा पश्चिमका झण्डै ७० जना एम्नेस्टी नेपालका अभियन्ताहरूको सहभागिता रहको थियो ।

उक्त कार्यशालाहरूमा काम र आप्रवासनसम्बन्धी अभियन्ताहरूको अवधारणागत स्पष्टतामा विशेष जोड दिँदै निम्न विषयहरूमा केन्द्रित रहेर कार्यक्रम सम्पन्न गरिएको थियो




- स्थनागमन अधिकार (Right to Mobility)
- काम गर्न पाउने अधिकार (Right to Work)
- एम्नेस्टी इटरनेसनल र एम्नेस्टी नेपालको आप्रवासी सम्बन्धी अभियान (Brief Introduction of Amnesty Nepal and its campaing on the Rights of the Migrant Workers)
- वैदेशिक रोजगार र यसका चुनौती र अवसर
- आप्रवासन भर्ना र "निशुल्क भिसा निशुल्क टिकट" नीति
- आप्रवासी अधिकार सुनिश्चित गर्न भएका सरकारी प्रयासहरू

साथै उक्त कार्यशालाहरूमा **२०७४ श्रावण ५** देखि देशव्यापी रूपमा हुन गइरहेको आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी दबाबमूलक र चेतनामूलक अभियान *क्याराभान*मा सकृय सहभागिता जनाउन र आ-आफ्नो क्षेत्रहरूका कार्यक्रमलाई सफल र प्रभावकारी बनाउन विस्तृत छलफल गरी कार्ययोजना तयार बनाइएको थियो ।

## २.३. देशव्यापी दबाबमूलक र चेतनामूलक अभियान क्याराभान सम्पन्न




एम्नेस्टी इटरनेसनलले रोजगारका लागि विदेश जाने श्रमिकहरूको मानवअधिकार र श्रमअधिकार हननका विषयमा अनुसन्धान गर्दै आएको छ । सन् २०११ देखि एम्नेस्टीले विभिन्न गन्तव्यमा रहेका नेपाली आप्रवासी श्रमिकहरूको समस्याका बारेमा अध्ययन र अनुसन्धान गर्दै प्रतिवेदनहरू सार्वजनिक गर्दै आएको छ । ती प्रतिवेदनहरू मध्ये दुई **"झुटा वाचाहरू"** (२०११) र **"मानिसलाई मुनाफामा परिणत गरिँदै"** (२०१७) विशेष रूपमा नेपाली आप्रवासी श्रमिकहरूको समस्यालाई केन्द्रमा राखेर गरिएको अनुसन्धान हो । प्रत्येक प्रतिवेदन सार्वजनिक गरेसँगै एम्नेस्टी नेपाल शाखाले अनुसन्धानबाट आएका प्रमुख विषहरू गाउँ, जिल्लास्तरसम्म पुऱ्याउन र स्थानीय सरकार र राजनीतिक दलहरूलाई आप्रवासनलाई सुरक्षित र मर्यादित बनाउन आह्वान तथा दबाब दिने उदेश्यले **"क्याराभान"** आयोजना गर्दै आएको छ ।

पछिल्लो प्रतिवेदन "मानिसलाई मुनाफामा परिणत गरिँदै (२०१७)" जुन ६, २०१७ (जेष्ठ २३, २०७४० मा सार्वजनिक भएसँगै एम्नेस्टी नेपालले देशव्यापी जनचतेनामूलक क्याराभान आयोजना गरेको थियो । यस क्याराभानका क्रममा देशका विभिन्न १७ जिल्लामा एम्नेस्टी नेपालका सचिवलाय र नेसनल बोर्ड तथा स्थानीय समूहहरूमा आबद्ध अभियन्ताहरूको सकृयातामा हजारौं जनमानससँग प्रत्यक्ष साक्षात्कार गर्नका साथै उनीहरूलाई सुरक्षित वैदेशिक रोजगारीका विषयमा सुसूचित गराई हस्ताक्षरहरू सङ्कलन



गर्ने पर्चा र पोष्टरहरू वितरण गर्ने आदि कार्य गरिएको थियो । दुई चरणमा आयोजना गरिएको उक्त कार्यक्रमको औपचारिक सुरुवात मिति २०७४ श्रावण ५ (२० जुलाई २०१७) मा झापाको काकरभिट्टामा भएको थियो । पहिलो चरणको कार्यक्रम काकरभिट्टा, बिर्तामोड, दमक, इटहरी, बिराटनगर, इनरुवा, राजबिराज, लाहन, जनकपुर, जलेश्वर हुँदै श्रावण ६ मा लालबन्दीमा पुगेर टुङ्गिएको थियो भने दोश्रो चरणको कार्यक्रम श्रावण १४ देखि चितवनबाट सुरू भई कावासोती, परासी, बुटवल, चन्द्रौटा, घोराही, तुलसीपुर, कोहलपुर, नेपालगञ्ज, गुलरिया, टिकापुर हुँदै श्रावण १७ मा महेन्द्रनगरमा पुगेर समापन भएको थियो ।

यस दबाबमूलक र चेतनामूलक अभियान क्याराभानमा मुख्यत दुई किसिमका कार्यक्रमहरू भएका थिए १) विभिन्न सरोकारवालाहरूसँग बहुउद्देश्यीय छलफल कार्यक्रमहरू २) सडक नाटक, शान्तिपूर्ण जुलुस, हस्ताक्षर सङ्कलन, र्‍याली लगायतका सार्वजनिक गतिविधिहरू जसमा १३०० भन्दा धेरैको प्रत्यक्ष रूपमा सहभागिता थियो । कार्यक्रमहरूमा नवनिर्वाचित नगर प्रमुख लगायत स्थानीय जनप्रतिनिधिहरू, र सरकारी निकायका प्रतिनिधिहरूको उत्साहजनक उपस्थिति रहेको थियो र धेरैंले वैदेशिक रोजगारलाई सुरक्षित बनाउन बलियो प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । यस दौरानका धेरैं जसो कार्यक्रमहरूको आयोजना र व्यवस्थापन एम्नेस्टी नेपालमा आबद्ध समूह तथा नेटवर्कका अभियन्ताहरूले गर्नुभएको थियो भने नेसनल बोर्ड र पुनरावेदन समितिका पदाधिकारी, भुतपुर्व अध्यक्षहरू र बोर्डका पदाधिकारीको सक्रिय सहभागिता र सहयोग रहेको थियो ।




उक्त क्याराभान कार्यक्रमको एम्नेस्टी इन्टरनेसनलका तत्कालीन महासचिव सलिल सेट्टीले प्रशंशा गर्दै रीट्वीट गर्नुभएको थियो । साथै उहाँले जुलाई महिनाको मासिक अपडेटमा पनि नेपालद्वारा आयोजित क्याराभानको बारेमा उल्लेख गर्नुभएको थियो ।















## २.४. मिडिया र प्रेसमा क्यारभ्यान अभियान

http://kathmandupost.ekantipur.com/news/2017-07-20/cultural-campaign-caravan-for-migrant-workers-rights.html
http://www.myrepublica.com/news/24161/
http://www.jhapatimes.com/news-details/526/2017-07-18

# CULTURAL CAMPAIGN CARAVAN FOR
# MIGRANT WORKERS' RIGHTS

The campaign, which includes street drama, dance and other cultural events, kicks off in Kakarbhitta



POST FILE PHOTO

POST REPORT
KATHMANDU, JULY 19

A nationwide cultural campaign, Migrant Workers' Rights Caravan 2017, is slated to start this week. The campaign will include street drama, dance, flash-mob, and other game shows.

The 11-day long event has been divided into two phases: the first phase of the campaign will traverse the eastern cities like Birtamode, Damak, Biratnagar and Lahan; while the second phase, slated to start from Chitwan on July 29, will travel to cities like Nawalparasi, Rupandehi, Dang and Banke, among others.

Spearheaded by the Amnesty International Nepal, an INGO working towards human rights, the campaign which aims for "public awareness and pressure" will kick off from the eastern city of Kakarvitta on Thursday.

The event, the organisers said, focuses on areas where the density of migration for foreign employment is relatively high. Besides cultural programmes, the campaign will also host multi-stakeholder interactive programmes that tap into the issue of foreign employment.

"One of the objectives of the campaign is to inform foreign employment aspirants about their rights and the ways in which they can claim justice in case of violations of those rights. The campaign, we hope, will go on to educate those aspirants on how to embark on foreign employment in a safe manner, and in turn, hold the stakeholders accountable," said Nirajan Thapaliya, director of Amnesty International Nepal Secretariat.

The Caravan campaign will draw to a close with an event in Kanchanpur on July 31.

PHOTO COURTESY: NAVARAJ WAGLE

विविध Goraksha National Daily, Sunday, 30 July. 2017 3

अन्तर्वार्ता

नेपालबाट दैनिक हजारभन्दा बढी नेपाली नागरिक वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरू जाने गर्दछन् । यसरी श्रमका लागि नेपालीहरू खाडीका विभिन्न मुलुकहरू जस्तै कतार, दुबई, साउदी, अरब, यमन, बहराइन, युएइ र अन्य विभिन्न मुलुकहरू जस्तै मलेशिया, इजरायल आदिमा जाने गर्दछन् । वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले पठाएको विप्रेषण (remittance) ले नेपाली अर्थतन्त्रको ठूलो भरथेग भएको छ । कुल ग्राहस्य उत्पादनको झण्डै ३० प्रतिशतमा विप्रेषणाको योगदान रहेको छ । तर, वैदेशिक रोजगारीको यो प्रक्रियासँग मानवअधिकारसम्बन्धी एउडा डर लाग्दो पक्ष पनि रहेको छ जुन अक्सर ओझेलमा पर्ने गरेको छ । यस सन्दर्भमा एम्नेस्टी इन्टरनेशनल नेपालका निर्देशक **निराजन थपलिया**सँग **विपिन बुढाथोकी**ले गरेको कुराकानीको सारसंक्षेप ।

# मानिसलाई मुनाफामा परिणत गरिँदैछ : थपलिया

**नेपालको वैदेशिक रोजगारीका क्षेत्रमा हाल विद्यमान अक्सर र चुनौतीहरू के–के छन् ?**

नेपाली श्रम बजारमा हरेक वर्ष अन्दाजी तीनदेखि चार लाख नयाँ जनशक्ति थपिने गर्दछ । यसरी थपिने जनशक्तिलाई कसरी व्यवस्थापन गर्ने अर्थात् उनीहरूको कामको अधिकार कसरी सुनिश्चित गर्ने भन्ने नै नेपालको अहिलेको सबैभन्दा ठूलो चुनौती हो । यसमा वैदेशिक रोजगारीका अवसरहरूले ठूलो सहयोग पुऱ्याएको छ । नेपाली जनशक्ति ग्रहण गरी नेपाली नागरिकलाई रोजगारीको अवसर प्रदान गरेर बाह्य मुलुकहरूले नेपाललाई राम्रो गुण लगाएका छन् । हाल झण्डै चालिस लाख नेपालीहरू विभिन्न मुलुकहरूमा रोजगारीमा रहेका छन् । त्यस्तै अनौपचारिक ढङ्गमा विभिन्न मुलुकमा र विशेषगरी भारतमा श्रम गर्न जाने नेपालीहरूको संख्या पनि लाखौंमा रहेको छ । जसको कुनै लेखाजोखा छैन । यो संख्या दैनिक बढ्दो छ । यसरी वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले पठाएको विप्रेशन अर्थात् रेमिट्यान्सले नेपाली अर्थतन्त्र उभिन सफल भएको छ । दशवर्षे सशस्त्र द्वन्द्व, अन्य विविध राजनीतिक अस्थिरता, कृषि उत्पादनमा भएको ह्रास, भएका उद्योग कलकारखानाहरूको पनि धमाधम बन्द, २०७२ सालको भूकम्प र त्यसपछिको सीमा अवरोधका कारण सिर्जित आर्थिक संकटलगायतका विभिन्न आन्तरिक उथलपुथलका बावजुत पनि नेपाली अर्थतन्त्र आज यसरी टिकिरहनुमा वैदेशिक रोजगारीको योगदान नै प्रमुख हो । झण्डै एकलिहाई अर्थात् ३० प्रतिशत नेपाली कूल ग्राह्यस्थ उत्पादनमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेसनको हिस्सा रहेकाले पनि यो थप स्पष्ट हुन आउँदछ । वैदेशिक रोजगारीमा रहेको चुनौतीका विषयमा कुरा गर्दा यसलाई मानवअधिकारको आँखाबाट हेर्दा राम्रो हुन्छ । यो क्षेत्रमा थुप्रै समस्याहरू छन् । ती समाधानयोग्य पनि छन् । तर समाधानका प्रयासहरू अत्यन्तै न्यून भएका छन् र नेपालबाट गएका आप्रवासी श्रमिकहरूको मानवअधिकार सधैं जोखिममा रहेको छ । खासगरी उनीहरू ठगी, शोषण, श्रम, दासता, स्वतन्त्रताबाट वञ्चित, शारीरिक र मानसिक दुर्व्यवहारलगायत विभिन्न



नै हाल्यो भने पनि दश हजार रुपैयाँसम्मको रसिद दिइन्छ, जब कि श्रमिकहरूले उनीहरूलाई ९० हजारदेखि दुई लाख ३७ हजारसम्म तिरेको हामीले पाएका छौं । त्यस्तै उनीहरूलाई दुईवटा करारपत्रमा सम्झौता गर्न लगाउने, एउटा एयरपोर्टमा च्याल लगाउने, करारपत्र पनि उर्दू वा अंग्रजी भाषमा लेखिएको हुने र के लेखिएको छ भनी नभन्ने जस्ता प्रपञ्चहरू गरी छक्काउने र फसाउने खेल खेलिन्छ । चर्को व्याजमा लिएको

क्याराभान २०७४' नाम दिइएको उक्त अभियान झापाको काँकरभित्ताबाट शुरू गरिएको थियो र यो क्याराभान कञ्चनपुरको महेन्द्रनगरमा गएर अन्त्य हुने छ । वैदेशिक रोजगारीमा जाने युवाहरूको उच्च जनघनत्वको आधारमा यो क्याराभानलाई विशेषतः तराईका जिल्लाहरूमा केन्द्रित गरिएको छ । पहिलो चरणको क्याराभान मिति २०७४ श्रावण ५ गते विहान ८ बजे झापा जिल्लाको



# आप्रवासी श्रमिकको अवस्थामा अझै सुधार आएन





# एमनेष्टीद्वारा आप्रवासी अधिकारका लागि क्याराभान अभियान



घोराही। एमनेष्टी इन्टरनेशनलले आप्रवासीको अधिकारका लागि देशव्यापीरुपमा क्याराभान अभियान सुरु गरेको छ। पूर्वको काँकडभिट्टाबाट सुरु भएको अभियान अन्तर्गत आइतबार घोराहीमा र्‍याली एवं अन्तर्क्रिया कार्यक्रम गरेको छ। कार्यक्रममा प्रमुख जिल्ला अधिकार गजेन्द्रबहादुर श्रेष्ठ, घोराही उपमहानगरपालिकाका मेयर नरुलाल चौधरी, नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष सविन प्रियासन, मानव अधिकार रक्षक सञ्जालकी केन्द्रीय सचिव लक्ष्मी आचार्यलगायतकाले बोल्नुभएको थियो। कार्यक्रममा जनप्रतिनिधि, एमनेष्टीका पदाधिकारी, विद्यार्थी, सञ्चारकर्मी, सुरक्षाकर्मीहरुको सहभागिता रहेको थियो।

## २.५. एम्नेस्टी नेपालको आप्रवासी श्रमिक अधिकार अभियानबारे अन्तर्राष्ट्रिय सचिवालयद्वारा सफलताको कथा (Success Story) प्रेशित

आप्रवासी श्रमिकहरूको अधिकारका क्षेत्रमा एम्नेस्टी नेपालले सन् २०१० देखि अन्तर्राष्ट्रिय सचिवालयसँगको सहकार्यमा गरेको कामको प्रभावलाई चित्रण गर्दै २०७४ असोज २६ (अक्टोबर १०, २०१७) मा अन्तर्राष्ट्रिय सचिवालयले मुभमेन्ट स्टोरीअन्तर्गत अन्तर्राष्ट्रिय बोर्डलगायत एम्नेस्टीको ग्लोबल मुभमेन्टमा सेयर गरेको छ।

## २.६. आप्रवासी अधिकारसम्बन्धी अनुसन्धानकर्ताहरूको नेपाल भ्रमण

नेपाली आप्रवासी श्रमिकहरूको अधिकारका विषयमा अन्तर्राष्ट्रिय सचिवलयमा रहेर अनुसन्धान गर्दै आइरहेकी एन्जेला शेरउड र मध्यपूर्वका अनुसन्धानकर्ता मे रोमानसले २०७४ कार्तिक २२ देखि मंसिर ४ (नोभेम्वर ८ देखि २० २०१७) सम्म नेपालको भ्रमण गरेका थिए। यस मिसनलाई सहयोग गर्न एम्नेस्टी नेपालले विभिन्न सरकारी कार्यालयहरूसँग बैठक सेट गर्ने, विभिन्न बैठकहरूमा साथ दिने, कार्तिक २८ देखि मंसिर १ सम्म (नोभेम्वर १४ देखि १७) मा भएको सप्तरी जिल्लाको राजविराजको भ्रमणमा साथ दिने लगायतका सहयोगहरू उपलब्ध गराएको थियो । त्यस्तै एम्नेस्टी नेपालले कतारस्थित "मर्करी मीना" कम्पनी टाट पल्टेपछि त्यहाँ काम गरेका दुई दर्जन भन्दा बढी नेपाली श्रमिकहरूले महिनौसम्म ज्याला नपाएर फर्कने टिकट पनि नपाई बसेकोमा केही श्रमिकहरू नेपाल फर्कदै गरेको सूचना प्राप्त भएको थियो । यस क्रममा यसरी नेपाल फर्किसकेका केही श्रमिकहरूलाई काठमाडौंमा र केहीलाई राजबिराजमा भेटी अन्तर्वार्ता लिनका लागि पनि एम्नेस्टी नेपालले व्यवस्था मिलाएको थियो ।

त्यस्तै कार्तिक २६ र २७ (नोभेम्वर १२ र १३) मा शेरउड र एम्नेस्टी नेपालले क्रमशः वैदेशिक रोजगार विभाग र महान्यायधिवक्ताको कार्यालयमा भेटी आप्रवासी श्रमिकहरूको अधिकार सुनिश्चित गर्न विभागबाट भएका पछिल्ला कदमहरूका बारेमा र वैदेशिक रोजगारीमा भइरहेका ठगी, श्रम शोषण र बेचबिखनसम्मका घटनाहरूका बारेमा जानकारी लिनुका साथै एम्नेस्टीको प्रतिवेदनका सुझावहरूलाई पुनः दोहोऱ्याउने काम भएको थियो । त्यस्तै श्रम मन्त्रालयका सहसचिव शिवराम पोखेलसँग पनि भेटघाट गरिएको थियो । जसमा मन्त्रालयले हाल गरिरहेको पहलहरूका बारेमा जानकारी लिइएको थियो । उहाँले कतारसँगको नयाँ सम्झौता तथा कतारमा श्रमिकहरूको अधिकारको बारेमा भइरहेको केही कानुनी प्रगतिहरूका बारेमा बताउनुभएको थियो । त्यस्तै महिला तथा बालबालिका मन्त्रालयकी महिला सशक्तिकरण महाशाखाकी सहसचिव राधिका अर्यालसँग पनि बैठक भएको थियो। बैठकका क्रममा महिला श्रमिकहरूले वैदेशिक रोजगारीका क्रममा झेल्नुपरेको ठगीको बारेमा जिज्ञासा राख्दा उहाँले श्रम मन्त्रालयले त्यस्ता विषयहरू हेर्ने भएको तथा बेचबिखनस्तरका घटनाहरू मात्र आफ्नो कार्यक्षेत्रमा पर्ने बताउनु भएको थियो । श्रम शोषणका लागि हुने बेचबिखनको प्रश्न गर्दा उहाँले त्यसमा थुप्रै नीतिगत र कानुनी कमजोरी रहेको स्वीकार्दै महिला मन्त्रालयले समन्वय र सहकार्यका प्लेटफर्महरूमा लाइन एजेन्सीहरूलाई लैङ्गिक





सुझाव दिने गरेको बताउनुभएको थियो । उहाँले मानव बेचबिखन नियन्त्रण ऐनमा संशोधन प्रस्ताव तयार भएको र यो ऐनले बेचबिखनका सबै आयामहरूलाई समेट्न प्रयत्न गरेको र सजाय पनि अझ कडा बनाइएको बताउनुभयो ।

## २.७. अन्तर्राष्ट्रिय आप्रवासी दिवसमा एम्नेस्टी इन्टरनेसनलले जारी गरेको प्रेस विज्ञप्ति समाचारमा

http://kathmandupost.ekantipur.com/news/2017-12-19/nepal-govt-failed-to-curb-illegal-recruitment-fees-says-amnesty-intl.html

https://thehimalayantimes.com/kathmandu/recruitment-agencies-victimising-migrant-workers/
https://www.thenews.com.pk/print/257817-nepal-migrant-workers-trapped-in-debt-cycle-amnesty-international

http://en.radiovaticana.va/news/2017/06/06/recruitment_firms_exploit_nepals_migrant_workers_-_amnesty/1317284

http://nepalitimes.com/article/editorial/nepals-number-one-export-nepali-people,4103

international migration day

# Nepal govt failed to curb illegal recruitment fees, says Amnesty Int'l




Participants of a rally organised on the occasion of the International Migration Day in the Capital on Monday. RSS

POST REPORT
KATHMANDU, DEC 18

The Nepal government's failure to crack down on the recruiting agencies charging illegal fees for jobs abroad is leaving migrant workers trapped in a vicious cycle of debt and exploitation, the Amnesty International has said.

In a statement on Monday that marks International Migration Day, the London-based human rights watchdog has said that almost two-thirds of Nepali migrant workers who responded to a survey, carried out in Nepal and Malaysia, had paid excessive, illegal recruitment fees.

"Nepali migrant workers are being systematically and mercilessly set up. Forced to take out loans to pay the huge fees recruitment agencies charge them to work abroad, they are left so indebted that they have no choice but to stay in jobs which often turn out to be low-paid or dangerous," said James Lynch, deputy director of Amnesty International's Global Issues Programme in the statement.

"The Nepali government's weak enforcement of the law is playing straight into the hands of extortionists and loan sharks," Lynch added, "migrant workers all too often end up trapped in the soul-destroying situation of working abroad for years simply to pay off the huge, often illegal fees they were charged to take the job".

The vast majority of about 88 percent of participants in the AI's mobile phone survey of 414 Nepali migrant workers reported that they paid fees to agents for their jobs overseas. Because these fees are so high, the majority had to borrow more than half the sum from village moneylenders, placing them in debt. More than half of the workers (53 percent) surveyed said that they received lower monthly salaries than what was promised to them by recruitment agents, the statement read.

In July 2015 the Nepali government introduced the 'free-visa-free-ticket' policy, which reduced the maximum fee workers could be charged to Rs10,000 ($96) in response to local and international pressure. But the policy is clearly not being properly enforced. The AI found that recruitment agencies were still freely exploiting migrants by charging above the limit. Only a fifth of the workers surveyed by the AI said the government was implementing the policy.

The new survey adds to this picture of country-wide exploitation, which is flourishing under an often indifferent government. Recruitment agencies who charge illegal fees often go to great lengths to evade scrutiny, including sending middlemen to collect the money rather than receiving it directly themselves, the statement added. The AI survey found that 90 percent of workers, who had paid a recruitment fee, did not receive an accurate receipt from agents. "This makes it very difficult for them to file legal cases against unscrupulous agents and claim this money back," the watchdog said in the statement, urging the Nepal government and businesses to do more to tackle the corruption that is rampant in the recruitment industry in Nepal.

# Recruitment agencies victimising migrant workers

Himalayan News Service
*Kathmandu, December 18*

Failure on the part of the government to crack down on recruitment agencies which charge illegal fees for jobs abroad is leaving migrant workers trapped in a vicious cycle of debt and exploitation.

Though the government has provided the service of free visa and free ticket to migrant workers due to the lack of proper execution of law, workers have been forced to pay for both visa and ticket.

According to the report released by Amnesty International in Nepal and Malaysia, on the occasion of International Migrants Day, almost two-third of Nepali migrant workers have become victims of illegal recruitment fees. As per the report 88 per cent people paid fee to the agents for jobs overseas. As these fees were so high, the majority of them had to borrow more than half the amount from village moneylenders, placing them in debt.

"Almost all migrants workers have been forced to pay nearly 10 times more than the price fixed by the government," said Rajan Kuikel, chairperson of National Board Amnesty International. In July 2015 the government introduced the 'free visa, free ticket' policy, which reduced the maximum fee workers could be charged up to NPR 10,000 in response to local and international pressure. But the policy is clearly not being properly enforced, said Kuinkel.

The report, 'Turning People into Profits', found that recruitment agencies were still freely exploiting migrants by charging above the limit.

Around 90 per cent workers who had paid a recruitment fee did not receive an accurate receipt from agents. This makes it difficult for them to file legal cases against unscrupulous agents and claim their money back, said the report.

"Nepali migrant workers are being systematically and mercilessly set up. Forced to take out loans to pay huge fees agencies charge for work abroad. Finally, they are left so indebted that they have no choice but to stay in low-paying or dangerous jobs," said James Lynch, Deputy Director of Amnesty International's Global Issues Programme.

## २.८. आप्रवासीहरूको मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकसँगको परामर्श छलफलमा सहभागिता



आप्रवासीहरूको मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक (UN Special Rapporteur on the Human Rights of the Migrants) **फिलिफ गोन्जालेज मोरालेज** नेपाल सरकारको निमन्त्रणमा २०७४ फागुन १५ देखि २२ सम्म (२०१८ जनावरी ५ देखि २९ फेब्रुअरी) नेपालको औपचारिक भ्रमणमा रहेका थिए । उनको भ्रमणको मुख्य उद्देश्य नेपाली आप्रवासी श्रमिकहरूको भर्ना प्रकृया, घरफिर्ती र पुर्नस्थापना लगायतका विषयवस्तुहरूमा विभिन्न साझेदारहरू र अधिकार सम्बाहक समूहहरूसँग परामर्श गरी प्रतिवेदन तयार पारी संयुक्त राष्ट्रसङ्घको मानवअधिकार समितिलाई बुझाउनु र नेपाल सरकारलाई सिफारिसहरू दिनु थियो । यसै सन्दर्भमा उनको भ्रमणको समन्वय र व्यवस्थापन गरेको नेपालस्थित अन्तर्राष्ट्रिय श्रम संगठन ( आइ.एल.ओ) को कार्यालयले मिति २०७४ माघ १८ ( फेब्रुअरी १ २०१८) का दिन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग उनीसँग एक परामर्श छलफल राखेको थियो जहाँ एम्नेस्टी इन्टरनेसनलको पनि प्रतिनिधित्व रहेको थियो । उक्त परामर्श छलफलमा एम्नेस्टीले आप्रवासी श्रमिकहरूको नेपालमा भइरहेको शोषण, ठगी, नाफामूलक व्यवसाय, न्यायमा पहुँचमाथिको अभाव, जवाफदेहिताको अभाव, भ्रष्टाचार आदिको बारेमा आफ्ना अनुसन्धान प्रतिवेदनहरूमार्फत बाहिर ल्याएका तथ्यहरूका बारेमा विशेष प्रतिवेदकलाई जानकारी गराइएको थियो । दुई अनुसन्धान प्रतिवेदनहरू **"झुटा वाचाहरू (२०११)"** र **"मानिसलाई मुनाफामा परिणत गरिदै"** को हार्ड कपि पनि गोन्जालोजलाई प्रदान गरिएको थियो र उत्तरमा विशेष प्रतिवेदकले एम्नेस्टीका ती प्रतिवेदनहरू आफूले पनि अध्ययन गरेको बताएका थिए ।

## २.९. श्रमिक भर्ना प्रकृयासम्बन्धी नीतिगत संवाद कार्यक्रमको आयोजना



एम्नेस्टी इन्टरनेसनल नेपाल र प्रवासी नेपाली समन्वय समिति (पिएनसीसी)को संयुक्त आयोजनामा वैदेशिक रोजगारमा जाने श्रमिकमाथि भर्ना प्रकृयामा हुने शोषण तथा दुर्व्यवहार न्यूनीकरणमा सरकार तथा व्यवसायीको जवाफदेहितासम्बन्धी नीतिगत संवाद कार्यक्रम २०७५ वैशाख २८ गते (११ मे २०१८) का दिन आयोजना भएको थियो । उक्त कार्यक्रममा आप्रवासी अधिकारसम्बन्धी काम गर्ने संस्था, रोजगार कम्पनी, नेपाल सरकार, नेपाल प्रहरी, राष्ट्रिय मानवअधिकार आयोग, ट्रेड युनियनका प्रतिनिधि, पत्रकार गरी करिब ५० जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको सुरुवातमा एम्नेस्टी नेपालले आप्रवासी भर्नासम्बन्धी मोबाइल फोन प्रविधि प्रयोग गरी २०१७ मा भएको सर्वेक्षणको प्रमुख निष्कर्ष र परिणामहरू प्रस्तुत गर्यो । कार्यक्रमको दोस्रो सत्रमा श्रमिक भर्ना प्रकृयामा हुने शोषण तथा दुर्व्यवहारमा छलफल गरिएको थियो जसको सहजीकरण कान्तिपुरका सहसम्पादक



जनकराज सापकोटाले गर्नुभएको थियो भने प्यानल मा वैदेशिक रोजगार विभागका महानिर्देशक भुवन आचार्य, नेपाल प्रहरीका एसएसपी रविन्द्र प्रसाद शर्मा, लप्सोज (Law and Policy Forum)का बरुण घिमिरे, FSI International Worldwide की नेहा चौधरी र पिएनसीसीका महासचिव सोम लामिछानेले आप्रवासी भर्ना शोषणसम्बन्धी आफ्नो दक्षता र अनुभव व्यक्त गर्नुभएको थियो । महानिर्देशक आचार्यले भर्ना प्रकृयालाई पारदर्शी बनाउन विभागले रोजगार व्यासायीहरूलाई अझ धेरै कडाइ गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो भने एसएसपी शर्माले वैदेशिक रोजगारको ठगीको मुद्दालाई प्रहरीले विशेष प्राथमिकता साथ अनुसन्धान गर्ने प्रण गर्नु भएको थियो ।

सो कार्यक्रमको विभिन्न संचार माध्यमले प्रकाशन गरेका समाचारहरू निम्न छन् :

http://kathmandupost.ekantipur.com/printedition/news/2018-05-13/calls-to-address-unethical-hiring-of-migrant-workers.html

https://www.karobardaily.com/news/employment/5295

thehimalayantimes.com/kathmandu/call-for-amending-act-related-to-fore



**Call for amending Act related to foreign employment**

RSS
Kathmandu, May 11

Concerned authorities have stressed the need for changing the foreign employment act and related laws with changing situation to manage and respect foreign employment.

Speaking at a dialogue programme 'Policy Dialogue: State and Business Accountability on Recruitment Abuses' organised jointly today here by the Amnesty International Nepal and the Pravasi Nepali Coordination Committee (PNCC), Director for the Department of Foreign Employment Bhuvan Prasad Acharya stressed the need for amending the existing act related to foreign employment as it cannot address problems in the sector.

Senior Superintendent of Police Rabindra Prasad Sharma told of a sad story of country's youths being forced or lured into human trafficking under various pretexts.

Secretary of Amnesty International Som Lamichhane stressed the need for expanding foreign employment to local levels to eradicate related problems.

## २.१०. आप्रवासी श्रमिक अधिकारसम्बन्धी कार्यशालाहरू सम्पन्न

आप्रवासी अधिकार सम्बन्धमा ज्ञान तथा क्षमता अभिवृद्धि गरी स्थानीयस्तरमा अभियानात्मक गतिविधिहरू सञ्चालन गर्नका लागि एम्नेस्टी नेपालले आफ्ना अभियन्ताहरूलाई हरेक वर्ष जस्तो तालिम, कार्यशाला, प्रशिक्षण गर्दै आएको छ । यस वर्ष एम्नेस्टी नेपालमा आबद्ध समूहका संयोजकहरूलाई लक्षित गरी आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी एक दिवसीय दईवटा क्षेत्रीय कार्यशाला सम्पन्न भयो । पहिलो कार्यशाला मोरङ्गको लेटाङ्गमा २०७५ असार २ मा भएको थियो जसमा पूर्वी र मध्यम क्षेत्रका–समूहका प्रतिनिधिहरू गरी ३२ जनाको सहभागिता थियो । त्यस्तै दोस्रो कार्यशाला पश्चिम, मध्य पश्चिम र सुदूर पश्चिमका समूहरुलाई लक्षित गरी २०७५ असार ९ गते नवलपरासीको गैंडाकोटमा आयोजना गरिएको थियो जसमा ३० जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



उक्त कार्यशालाहरूमा एम्नेस्टी इन्टरनेसनलले सन् २०१७ मा आप्रवासी भर्ना पक्रियाका सम्बन्धमा नेपाल र मलेसियामा गरेको मोबाइल फोन सर्वेक्षणको प्रमुख निष्कर्षहरू प्रस्तुत गरिएको थियो । त्यसपछि सहभागीहरूलाई स्थानीयस्तरमा आप्रवासी श्रमिकहरूको समस्या सम्बोधन गर्न कसरी स्थानीय निकायका पदाधिकारी लगायतका साझेदारहरूसँग सहकार्य गर्न सकिन्छ भन्ने विषयमा छलफल गराइएको थियो । यसका अलवा कार्यशालामा सहभागीहरूलाई समूहहरूको सकृयतामा अभिवृद्धि गर्न तथा आवश्यक सदस्यता सङ्ख्या कायम गरी आफ्ना गतिविधिहरू बढाउन परेका समस्या र चुनौतीहरू तथा ती चुनौतीहरूलाई सम्बोधन गर्नका लागि चालिनुपर्ने सम्भाव्य कदमहरूका बारेमा पनि छलफल गराइएको थियो ।





## २.११.उज्यालो एफएमबाट प्रसारण हुने देशपरदेश कार्यक्रमको सल्लाकार समितिमा एम्नेस्टी नेपाल

उज्यालो एफएम ९० मेघा हर्ज़बाट हरेक मंगलबार प्रसारण हुने वैदेशिक रोजगार सम्बन्धी लोकप्रीय कार्यक्रम *देशपरदेशको* कन्टेन्ट एडभाइजरी टिम (CAT) मा एम्नेस्टी नेपाल २०१७ देखि रहँदै आएको छ । CAT बैठक हरेक महिना जसो बस्ने गरेको छ र आगामी महिनामा प्रसारण हुने अङ्कका विषयवस्तुलाई नियालेर टोलीले आवश्यक सरसल्लाह तथा परामर्श देशपरदेशलाई दिने गर्दछ । एम्नेस्टीले यस टोलीमा रहेर कार्यक्रमलाई अझ समावेशी, अधिकारमुखी र आप्रवासी महिलाका मुद्दाहरू अगाडि ल्याउन मदत पऱ्याउँदै आएको छ ।

## २.१२. स्थानीयस्तरमा आयोजना भएका कार्यक्रमहरू




रत्ननगर महोत्सवका सन्दर्भमा २०७४ पौष २९ का दिन ***समूह ६४ चितवन***ले आप्रवासी श्रमिक अधिकारका बारेमा जनचेतना फैल्याउने काम सम्पन्न गर्यो । उक्त कार्यक्रममा करिब १५८ जना सर्वसाधरणलाई सूचना प्रवाह गरिएको थियो ।




त्यस्तै ***समूह ३९, नुवाकोटले*** विदुर स्थित नुवाकोट महोत्सवको परिसरमा सूचना डेस्क राखेर सुरक्षित आप्रवासनसम्बन्धी करिव १००० जनालाई जानकारी प्रदान गर्यो ।




२०७४ मंसीर १६ (डिसेम्बर २ २०१७) मा ५० जना भन्दा बढी सहभागीहरूसँग ***काठमाडौं विश्वविद्यालय युथ नेटवर्क***ले आफ्नो शैक्षिक संस्थाको प्राङ्गणमा आप्रवासी श्रमिकहरूका हक-अधिकारसम्बन्धी कार्यशालाको आयोजना गर्यो ।



२०७४ पौष २६-२८ (१० देखि १२ जनवरी २०१८) ***कृषि युथ नेटवर्क***द्वारा ईन्स्टिच्युट अफ या एग्रिकल्चर एण्ड एनिमल साईन्स, सुन्दरबजार, लम्जुङमा आप्रवासी श्रमकिको अधिकारको नारा लिएर फुत्सल प्रतियोगिताको आयोजना गर्यो । यस फुत्सल प्रतियोगितामा हरेकमा ७ खेलाडी रहेको १२ वटा टोलीहरू सहभागी भएका थिए र ३०० दर्शकले यसको अवलोकन गरेका थिए ।




***एन.सी.सी युथ नेटवर्क***द्वारा २०७५ जेष्ठ २१ (४ जुन् २०१८) मा नेपाल कमर्स क्याम्पस प्राङ्गणमा ४० सहभागी रहेका 'आप्रवासी श्रमिकको अधिकार-चुनौती र अवसर' शिर्षकमा भाषण प्रतियोगिताको आयोजना गरियो ।

# ३. महिला हिंसा विरुद्धको  अभियान

## ३.१. पृष्ठभूमी

पितृसत्तात्मक सामाजिक संरचना, यसले तयार गरेको महिलाको भूमिका र त्यसको आधारमा बनेको महिलालाई हेर्ने दृष्टिकोणका कारण महिलाहरू संसारभर हिंसा र  जोखिमा पर्दै आएका छन् । महिलाको आफ्नो शरीर र यौनिकता  माथि नियन्त्रण हुँदै आएको छ र श्रोत साधनमाथिको अधिकार सुनिश्चत हुन सकेको छैन जसले गर्दा अधिकांश महिलाहरू कुनै न कुनै किसिमको शारीरिक, सामाजिक, सांस्कृतिक, मानसिक, आर्थिक, यौनिक हिंसाको शिकार  भएका छन् ।  विशेष गरेर कम विकसित र विकासोन्मुख राष्ट्रहरूमा महिला हिंसाका घटनाहरू अधिकतम मात्रामा हुनेगरेका छन् । हाम्रो देश नेपालमा पनि लैङ्गिक विभेदका कारण महिला माथि उच्च मात्रामा हिंसा हुने गरेको छ । गत् वर्ष, देशमा महिला माथि  विभेद, हिंसा बलात्कार र हत्याका घटना घट्नुभन्दा बढेको देखिएको  थियो ।

एम्नेस्टीको विश्वव्यापी वार्षिक प्रतिवेदन २०१७-२०१८ ले पनि नेपालमा लैंगिक विभेद जारी रहेको र संविधान संशोधनले महिलालाई पूर्ण रूपमा नागरिकताको समान अधिकार सुनिश्चित नगरेको औँल्याएको छ । साथै उक्त प्रतिवेदनले नयाँ फौजदारी कानूनमा बलात्कारसँग सम्बन्धित सजाय र हदम्यादको व्यवस्था अन्तर्राष्ट्रिय मापदण्डभन्दा धेरै पछाडि रहेको, लैङ्गिक विभेदले महिला तथा बालिकाहरूको आफ्नो यौनिकतामाथि नियन्त्रण राख्ने तथा प्रजनन्सम्बन्धी सुसूचित निर्णय लिने अधिकारलाई कमजोर बनाएको, कम उमेरमा र जबर्जस्ती विवाह गर्ने तथा गर्भावस्था र मातृस्वास्थ्य हेरचाहमा पर्याप्त सेवा उपभोग गर्ने कुराहरूमा चुनौती उत्पन्न हुने क्रम जारीरहेको जनाएको थियो ।

एम्नेस्टी इन्टरनेसनलले कुनै पनि नागरिकको शरीर, स्वास्थ्य, यौनिकता र प्रजनन जीवनसँग सम्बन्धित  यौन तथा प्रजनन अधिकारलाई संरक्षण गर्न अभियान चलाउदै आएको छ । खासगरी आफ्नो शरीरमाथि आफूले नियन्त्रण कायम गर्न नपाएको अवस्थातर्फ एमनेस्टीको जोड छ  र विभिन्न दबाबमूलक तथा चेतनामूलक  कार्यक्रमहरू गर्दै आएको छ  ।

## ३.२. महिला हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवस अर्थात् १६ दिने अभियान



**महिला हिंसाविरुद्धको  अन्तर्राष्ट्रिय दिवसमा** एम्नेस्टी नेपालले समूह र युथ नेटवर्कहरूलाई एक्सन सर्कुलर पठाई  महिला हिंसा विरुद्ध समुदाय र स्थानीयस्तरमा कार्यक्रम आयोजना गरेर आवाज उठाउन अनुरोध गरेको थियो । उहाँहरूलाई विशेष गरेर अनलाइन र सामाजिक सञ्जाल मार्फत महिला विरूद्ध हुने दुर्व्यवहार र त्यसको प्रभाव बारेमा केन्द्रित रहेर मानवअधिकारकर्मी , गैरसरकारी संस्था, नागरिक समाज र महिला मानवअधिकार रक्षकहरूको सञ्जालसँगको समन्वयमा कार्यक्रम गर्न अनुरोध गरेको थियो । सचिवालयले भने २०७४ मंसिर ८ गते अर्थात् २४ नोभेम्बर २०१७ का दिन कार्यालय परिसरमा महिला हिंसा विरुद्धका नाराहरू सहितको *फोटो स्टन्ट* गरेको थियो ।



## ३.३. स्थानीयस्तरमा आयोजना भएका कार्यक्रमहरू



अन्तर्राष्ट्रिय महिला हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा मिति २०७४ मंसिर २४ गते ***समूह ६९, सुर्खेत**ले* सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको थियो । सो कार्यक्रममा श्री कृष्ण मा.वि. इत्रामका ८० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । त्यसतै ***समूह १९, रामेछाप**ले* पौष ११ मा महिला हिंसा विरुद्ध मोटरसाइकल र्‍यालीको आयोजना गरेको थियो । ***समूह ६१, पाटन**ले* मंसिर २९ गते महिला हिंसा विरुद्ध सचेतना कार्यक्रमको आयोजना गरेको थियो । करिव ३५ जना सदस्यहरूका लागि एम्नेस्टी सचिवालयबाट लैङ्गिक हिंसासम्बन्धी आधा दिने प्रशिक्षण गरिएको थियो।

## ३.४. बलात्कार लगायत महिला हिंसाका घटनाहरू संबोधन गर्न माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र

मिति २०७४ चैत्र १९ (२ अप्रिल २०१८) मा एम्नेस्टी नेपाल, जुरी-नेपाल, नेपाल बार एसोसिएसन महिला समिति लगायतका नागरिक समाजका प्रतिनिधिहरू सम्मेलित एक टोलीले गृह मन्त्री रामबहादुर थापालाई भेटी महिला विरुद्धका बढ्दो हिंसा र खासगरी पछिल्लो चरणमा महिला र बालिकाहरूमाथि बढ्दो रूपमा भइरहेको जबरजस्ती करणीको घटनाहरू र उक्त घटनाका पीडकहरूलाई अभियोजन र कारबाही गर्ने सवालमा देखिइरहेका समस्याहरूमाथि ध्यानाकार्षण गर्दै ज्ञापन पत्र बुझाएको थियो । ज्ञापन पत्र बुझ्दै मन्त्री थापाले यस समस्या समाधानमा आफूले सक्दो प्रयास गर्ने र नागरिक समाजको निरन्तर खबरदारी, साथ र सहयोगको निकै ठूलो महत्व रहेको बताउनुभएको थियो ।

थप जानकारीका लागि : http://www.amnestynepal.org/campaigns/ai-nepal-activities/csos-urge-the-home-minister-to-take-actions-against-the-cases-sgbvs.html

## ३.५. अन्तर्राष्ट्रिय महिला दिवस

१०८ औं अन्तर्राष्ट्रिय महिला दिवस ८ मार्च को सन्दर्भमा विभिन्न अभियानमूलक कार्यक्रमहरू गर्न सचिवालयबाट एक्सन सर्कुलर मार्फत पत्राचार भएअनुसार समूह र युथ नेटवर्कहरूबाट ऱ्याली, अन्तर्क्रिया, महिला हिंसासम्बन्धी अभिमूखिकरण लगायतका विभिन्न गतिविधिहरू आयोजना भए ।

यसैगरी अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा न्यायका लागि सङ्घर्षरत गङ्गामाया अधिकारीले देखाउनुभएको अदम्य साहस र न्याय प्रकृयाप्रतिको अविचलित आस्थालाई सम्मान र कदर गर्दै एम्नेस्टी नेपाल, जुरी नेपाल, होप हर्मिटेज नेपाल, नेपाल मुस्लिम महिला कल्याण समाज, जेष्ठ चौतारी नेपाल, मैना बालविकास समिति आदि नागरिक समाजको अग्रसरता आठ मार्चका दिन वीर अस्पतालमा उहाँ बस्नुभएको शैयामा भेटी उहाँलाई अभिनन्दन गरेको थियो । साथै उहाँको न्याय सङ्घर्षमा ऐक्यबद्धता जनाउने तथा आवश्यक वहस पैरवी गर्ने कुराका बारेमा उहाँलाई जानकारी गराइयो ।

## ३.६. स्थानीयस्तरमा आयोजना भएका कार्यक्रमहरू

| समूह युथ नेटवर्कहरू | कार्यक्रम |
|---|---|
| समूह ११ ,२३, ४१ र ७३ विराटनगर | प्रभातफेरी कार्यक्रमको सहव्यबस्थापन |
| समूह ४३, बनेपा युथ नेटवर्क, बनेपा | अर्न्तक्रिया कार्यक्रम |
| समूह ५४, पोखरा | महिलाहरूका लागि स्वास्थ्य शिविर |
| समूह ७५, ६०, ८३, दमक युथ नेटवर्क र इमोर्टल युथ नेटवर्क, दमक | १५ वर्ष मुनिका बालिकाहरूको म्याराथन प्रतियोगिताको आयोजना |
| समूह ६४, चितवन | चेतना मुलक साँस्कृतिक कार्यक्रम |
| समूह ६७, फरेष्ट्री युथ नेटवर्क, हेटौंडा | निबन्ध लेखन प्रतियोगिताको आयोजना |
| कपिलवस्तु निर्माणाधिन समूह, कपिलवस्तु | व्वाक्तितोकला र अन्तरक्रिया कार्यक्रमको सहआयोजना |
| समूह ६८, नेपालगञ्ज | अर्न्तक्रिया र दिप प्रज्वलन |
| समूह ७८, लालबन्दी | अर्न्तक्रिया कार्यक्रम |
| समूह ३६, प्यूठान | जनचेतनामूलक लोकगीत प्रतियोगिता तथा हस्ताक्षर संकलन |
| रामपुर युथ नेटवर्क | सडक नाटक प्रदर्शन |
| कृषि युथ नेटवर्क, लमजुङ्ग | गोष्ठी तथा विद्यालयमा जनचेतना कार्यक्रम |
| नेपाल युथ नेटवर्क, काठमाडौं | अर्न्तक्रिया कार्यक्रम |
| फ्युजन युथ नेटवर्क, भक्तपुर | अर्न्तक्रिया कार्यक्रम |
| त्रिचन्द्र युथ नेटवर्क, काठमाडौं | ऱ्याली आयोजना |
| पख्लिहवा युथ नेटवर्क, | कालो पट्टी बाँधेर अन्धविश्वासका कारणले हुने महिला हिंसाका विरोधमा सांकेतिक मौन कार्यक्रम |







## ३.७. महिलाविरुद्ध हुने हिंसा अन्त्यको माग गर्दै ऱ्याली

एम्नेस्टी नेपालले १२औं राष्ट्रिय युथ मेलाको अवसरमा २०७५ वैशाख ६ गतेका दिन महिलाविरुद्ध हुने हिंसा अन्त्यको माग गर्दै गोरखा बजारमो करिव १०० जना युवा अभियन्ताहरू समेलित ऱ्याली निकालेको थियो । साथै

र्‍यालीको अन्त्यमा गोरखा संग्रहालय अगाडि ***रामपुर युथ नेटओर्कद्वारा*** महिलाविरुद्ध हुने हिंसा सम्बन्धी एक सडक नाटक प्रस्तुत गरेको थियो ।








५७औं एम्नेस्टी दिवसको अवसरमा ***रामपुर युथ नेटवर्क***द्वारा २०७५ जेष्ठ १४ (१८ मे २०१८) मा रामपुर बजारमा '*Our Voice against Rape*' शिर्षक नाटक प्रस्तुत गरिएको थियो ।





***नेपाल युथ नेटवर्क***द्वारा २०७४ फाल्गुन २३ (७ मार्च २०१८) महिला दिवसको अवसर पारेर 'Rape as felony and protection of women's rights' विषयमा प्रशिक्षण र कार्यशालाको आयोजना गरियो ।







***बाराही युथ नेटवर्कद्वारा*** पोखरा ***समूह ८२*** को समर्थनमा २०७५ ज्येष्ठ ३१ (१४ जुन् २०१८) मा रामज्योती माध्यमिक विद्यालय, लेखनाथ, कास्कीमा वक्तृत्वकला प्रतियोगिताको आयोजना गरियो । ११ प्रतोयोगी सहभागी भएको उक्त कार्यक्रमको विषय बालअधिकार र महिलाअधिकार रहेको थियो ।




२०७४ फाल्गुन २४ (८ मार्च, २०१८) महिला दिवसको दिन एम्नेस्टी इन्टरनेसनल ***त्रि चन्द्र युथ नेटवर्कद्वारा*** महिलामाथि हुने हिंसाको अन्त्यको माग गर्दै काठमाडौं, घण्टाघरबाट शान्तिपुर्ण र्‍याली निकाली रत्नपार्क, जमल हुँदै पुनः घण्टाघरमा पुगी कोण सभा गरियो ।



महिला दिवसको अवसरमा २०७४ फाल्गुन २६ (१० मार्च २०१८) मा ***पख्लिहवा युथ नेटवर्कले*** आयोजना गरेको कार्यक्रममा सहभागीहरूले कालो पट्टी बाँधेर अन्धविश्वासको कारण महिलामाथि हुने हिंसाको विरोध गरेका थिए ।

***इन्जिनियरिङ्ग यूथ नेटवर्कले*** International Day for the Elimination of Sexual Violence in Conflict जुन १९को अवसरमा यौनिक हिंसाविरुद्ध सचेतनामुलक र्‍यालीको आयोजन गर्‍यो । पुल्चोकदेखि थापाथलीसम्मको पद यात्रामा करिब ४५ जनाको सहभागिता रहेको थियो । उक्त पदयात्रामा यौनिक हिंसाविरुद्ध विभिन्न नारा भएका प्लाकार्डहरू प्रदर्शन गरिएको थियो ।





# ४. इन्टरनेसनल सोलिडारिटी क्याम्पेन (International Solidarity Campaign)

## ४.१. पृष्ठभूमी

संसारको कुनै पनि एक कुनामा भईरहेका मानवअधिकार हनन् र ज्यादतीका घटना क्रमलाई अर्को कुनामा रहेका एम्नेस्टी अभियन्ताहरूले उत्तिकै चासो र प्राथमिकताका साथ हेर्ने गरेको छन् । त्यसको विरोधमा आफ्नो देशमा हस्ताक्षर संकलन, प्रदर्शन,र्याली, पत्राचार, सम्बन्धित देशको राजदूतावासमा ज्ञापनपत्र दिने लगायत विभिन्न अभियानात्मक गतिविधिहरू गर्ने गरेको छन् । एकातिर यस्ता गतिविधिहरूले मानवअधिकारप्रति ऐकबद्दता देखाउछ ,सम्बन्धित राष्ट्रलाई दबाब दिन्छ भने अर्कोतर्फ त्यस्ता घटना भविष्यमा आफ्नै देशमा पनि हुन सक्छ भनी सर्वसाधारणहरूलाई सजग गराउदछ।

यस वर्ष एम्नेस्टी नेपालले भारत, सिरिया, टर्की, म्यानमार, तिब्बत, सुडान, संयुक्त राज्य अमेरिका, नर्वे, अस्ट्रेलिया र जापानमा भएका  मानवअधिकार हनन्का घटनाको विरोधस्वरूप  विभिन्न  अभियानात्मक गतिविधिहरू सम्पन्न गरेको थियो ।

## ४.२. एम्नेस्टी टर्कीका अध्यक्ष, निर्देशक र अन्य मानवअधिकार रक्षकहरूको रिहाइको माग गर्दै अभियान

एम्नेस्टी नेपालले टर्कीका अध्यक्ष, निर्देशक र अन्य मानवअधिकार रक्षकहरूको रिहाइको माग गर्दै गत् सालदेखि सार्वजनिक कार्यक्रम गर्दै आएको छ । हाल निर्देशक इडेल एसर रिहाई  भएतापनि अध्यक्ष टानर किलिक र धेरैं मानवअधिकार कर्मी र पत्रकार थुनामै छन् ।

आप्रवासी श्रमिकहरूको अधिकार र अभियानसम्बन्धी इटहरी (२०७४ असार २५ र २६) र बुटवलमा (२५ र २६ असार २०७४) आयोजना भएको कार्यशालाको दौरानमा यी दुवै स्थानमा एम्नेस्टी नेपालका अभियन्ताहरूले सार्वजनिक चोकमा भेला भई टर्की सरकारले हिरासतमा राखेको एम्नेस्टी टर्कीका अध्यक्ष टानर किलिक र निर्देश इडेल एसर लगायत अन्य मानवअधिकार रक्षकहरू र पत्रकारहरूको तत्काल रिहाइको माग गर्दै र्याली र हस्ताक्षर सङ्कलन कार्यक्रम आयोजना गरिएको थियो जसबाट झण्डै एक हजार हस्ताक्षरहरू सङ्कलन भएको थियो ।







मिति २०७४ फाल्गुन १८ मा टानर किलिकको अविलम्ब रिहाईको माग गर्दै एम्नेस्टी सचिवालय परिसरमा फोटो स्टन्ट गरिएको थियो ।

त्यस्तै टानर किलिकलाई मिथ्या आरोप लगाई टर्की सरकारले अभिव्यक्ति स्वतन्त्रता र मानवअधिकारका पक्षमा आवाज उठाएको आरोपमा हिरासतमा राखेको ३०० दिन पुगेको सन्दर्भमा मिति २०७५ चैत्र २२ (५ अप्रिल २०१८) मा विरोधस्वरूप उनको शीघ्र रिहाईको माग गर्दै काठमाडौँको वसन्तपुर दरबार परिसरमा करिब ६० जना एम्नेस्टी नेपालका अभियन्ताहरू उपस्थित भई ३०० दिन जनाउने ट्यालीसहितको प्लाकार्ड र 300 Days Is Too Many / # freetaner उल्लिखित ब्यानर लिएर धर्ना दिई विरोध प्रदर्शन गरेका थिए ।




बाह्रौं राष्ट्रिय युथ मेलामा युवा अभियन्ताहरूलाई मानवअधिकारको अवधारणात्मक ज्ञान प्रदान गर्नुका साथै, मानवअधिकार अभियानका बारेमा व्यावहारिक प्रशिक्षण गराइएको थियो । यसै क्रममा २०७५ वैशाख ७ गतेका दिन टानर किलिक  रिहाईको माग गर्दै गोरखा दरबारमा पुगी फोटो स्टन्टे गरिएको थियो ।






## ४.३. स्थानीयस्तरमा आयोजना भएका कार्यक्रमहरू

चैत्र ३० २०७४ (एप्रिल १३ २०१८) मा एमनेस्टी इन्टरनेसनल ***रामपुर युथ नेटवर्क***ले आफ्नो विश्वविद्यालय प्राङ्गणमा एम्नेस्टी टर्कीका माननीय अध्यक्ष टेनर किलिकको रिहाईको माग गर्दै स्टन्ट गर्यो । ६० सहभागीहरूले किलिक थुनामा रहेको ३०० दिन धेरै समय भएको सांकेतिक सन्देश दिए ।











## ४.४. म्यान्मारका रोहिङ्ग्या मुस्लिम समुदायहरूमाथि भइरहेको मानवअधिकार ज्यादतीको विरोधमा गरिएको अभियान

म्यानमारमा अल्पसङ्ख्यक मुस्लिम रोहिङ्ग्याहरूमाथि भइरहेको मानवअधिकार ज्यादती र जातिय सफायालाई तत्काल रोक्न र द्वन्द्वग्रस्त रखाइन प्रान्तमा तत्काल मानवीय सहायता सामग्री पुऱ्याउन तथा मानवीय सहायता निकायहरू लगायत संयुक्त राष्ट्रसङ्घलाई निर्वाध पहुँच प्रदान गर्न माग गर्दै एम्नेस्टी नेपालले हस्ताक्षर, पत्राचार, अनलाइन पेटिशन, शान्तिपूर्ण ऱ्याली , लगायत विभिन्न गतिविधिहरू आयोजना गरेको थियो । मिति २०७४ असोज ४ मा एम्नेस्टी नेपालले म्यानमार राजदूतावास अघि विभिन्न नाराहरूसहितको विरोध प्रदर्शन भएको थियो । उक्त कार्यक्रममा एम्नेस्टी नेपालका सदस्यहरू र नागरीक समूदायहरू लगायत झण्डै दुई सय जनाको उपस्थिति रहेको थियो । एक घण्टे उक्त धर्ना कार्यक्रमको समापन गर्दै एम्नेस्टी अध्यक्ष राजन कुइँकेलले रोहिङ्ग्याहरूको सुरक्षा मागमा विश्वसमुदायको आह्वानलाई ध्यान दिन र उनीहरूको सुरक्षामा जोड दिन म्यान्मार सरकारलाई अनुरोध गर्नुभयो । यस अघि भाद्र २८ मा एम्नेस्टी नेपालले नेपालस्थित म्यानमार राजदूतावासमा म्यान्मारमा रोहिङ्ग्या मुस्लिम समुदायहरूमाथि भइरहेको मानवअधिकार ज्यादती रोक्नका लागि पत्राचार गरेको थियो ।

म्यान्मारमा रोहिंग्या समुदायमाथि भइरहेको हिंसाको अन्त्य गर्न माग गर्दै एम्नेस्टी नेपालको छब्बिसौं वार्षिक साधारणसभाको उद्‌घाटनको क्रममा (२०७४ असोज २७) साधारणसभाका सहभागीहरू तथा स्थानीय सदस्यहरू सम्मिलित शान्ति ऱ्याली निकालिएको थियो । त्यस्तै २०७४ चैत्र ९ मा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्‌मा भएको म्यानमारसम्बन्धी सङ्कल्प प्रस्तावको समर्थन गर्न र यदि उक्त प्रस्ताव सर्वसम्मतबाट पारित नभई यदि भोटिङ्ग प्रकृयामा गएमा उक्त प्रस्तावको पक्षमा मतदान गर्न आग्रह गर्दै परराष्ट्रमन्त्री युवराज ज्ञवालीलाई एम्नेस्टी नेपालले इमेल पत्राचार गरेको थियो। उक्त म्यानमारसम्बन्धी प्रस्तावमा ३२ भोट पक्षमा ५ विपक्षमा र १० भोट एब्स्टेन्सन सहित पारित भएको थियो ।







HEAD OF MISSION
U Zaw Myint, Ambassador
**Myanmar Embassy in Kathmandu, Nepal**
Nakhkhu Height, Lalitpur
G.P.O.Box 2437
Kathmandu
Nepal

**AMNESTY INTERNATIONAL**

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnestynepal.org

13 September 2017

Your Excellency,

**Re: STOP THE VIOLENCE AGAINST ROHINGYA IN NORTHERN RAKHINE STATE NOW**

I am writing on behalf of Amnesty International in Nepal to express our deep concern for the safety of the civilian population of northern Rakhine State.

According to latest UN estimates 370,000 Rohingya living in this area have fled to Bangladesh, while the Myanmar government has evacuated over 30,000 people belonging to other ethnic minority communities. Amnesty International believes that what is happening in northern Rakhine State can be described as ethnic cleansing, with the Rohingya people being targeted for their ethnicity and religion. In legal terms, these are crimes against humanity that include murder and deportation or forcible transfer of population.

Thousands of people are also believed to be stranded in the mountains of northern Rakhine State. They are being denied access to aid and other assistance because international humanitarian organizations are not being allowed access to the area.

While we recognize that the Myanmar authorities have the duty and the right to protect the population – and officials – from attacks, and to investigate and bring to justice those suspected of responsibility, they must ensure that measures taken in response to the attacks are proportionate and do not involve human rights violations.

On behalf of Amnesty International, I urge you to:

- Immediately end the campaign of violence and human rights abuses in northern Rakhine State;
- Ensure free and unimpeded access to Rakhine state to international humanitarian actors, the UN, independent journalists and human rights monitors and ensure their security;
- Cooperate fully with the UN Fact-Finding Mission, including by allowing its members full and unfettered access to all parts of the country.

Yours sincerely,

Nirajan Thapaliya
Director, Amnesty International [Nepal Section]

SWC Redg. No. 29068, CDO Redg. No. 19/058/059

रोहिंग्या समुदायको सुरक्षा माग गर्दै गरिएको गतिविधि प्रेसमा प्रकाशित :

1. http://epaper.thehimalayantimes.com/textview_4153_5225_4_1_4_21-09-2017_71_0.html
2. http://kantipur.ekantipur.com/news/2017-09-20/20170920171003.html
3. http://lokaantar.com/samasamayik/23499
4. http://www.newsofnepal.com/2017/09/20/56562/






## ४.५. Global Letter Writing Marathon अर्थात् राइट फर राइट्स अभियान २०१७




सन् २००१ मा एम्नेस्टी इन्टरनेसनल पोलेन्ड शाखाबाट शुरु भएको Letter Writing Marathon को अवधारणालाई एम्नेस्टी इन्टरनेसनलले विश्वव्यापि रुपमा Global Letter Writing Marathon अभियान शुरु गरेको हो । अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसर पारेर डिसेम्बर महिनामा विश्वभरबाट लाखौं मानिसहरूले विश्वको विभिन्न भूभागका मानवअधिकार हनन् भएका अपरिचित व्यक्ति/समुदायहरूको मानवअधिकार सुनिश्चितताका लागि सम्बन्धित देशका अधिकारीहरूलाई पत्र लेखिने गरिन्छ । यसका लागि एम्नेस्टी इन्टरनेसनलले "Write for Rights" भन्ने नारा अघि सारेको हो ।




राइट फर राइट्स अभियान २०१७ का लागि अन्तर्राष्ट्रिय सचिवालयले विश्वभरबाट कुल १० वटा घटना पत्रलेखनका लागि छनोट गरेकामा एम्नेस्टी नेपालल ती मध्येका चारवटा घटनाहरूलाई प्राथमिकतामा राखी १० डिसेम्बर( अन्तर्राष्ट्रिय मानवअधिकार दिवस २०१७) को हप्ता अघि र त्यसपछिको एक हप्ता देशव्यापी रूपमा आफ्ना अभियन्ताहरूलाई परिचालन गरी पत्रलेखन कार्यक्रम आयोजना गरेको थियो । प्राथमिकतामा राखेका घटनालाई सचिवालयले नेपालीमा अनुवाद गरी एक्सन सर्कुलर र आवश्यक सामग्री सहित समूह र युथ नेटवर्कलाई उपलब्ध गराएको थियो ।

ती चार घटनाहरू निम्न छन् :

| मानवअधिकार रक्षकहरू | माग |
|---|---|
| एलजिबिटिआइ अधिकारकर्मी जुला मनान, बङ्गलादेश | हत्यामाथि निष्पक्ष र यथाशीघ्र छानबिन |
| नि युलान, चीन | हिंड्डुल तथा अन्यत्र देशहरूमा आवतजावत गर्न पाउने अधिकारको सम्मान |
| ताजादिने महमत बाबुरी "महादिने", चाद **(हाल उनी रिहा भैइसकेकाछन् र त्यसमा एम्नेस्टी अभियन्ताहरूको ठुलो योगदान छ)** | सामाजिक सञ्जाल फेसबुकमा अभिव्यक्ति स्वतन्त्रता अभ्यास गरेबापत आजीवन कारावासको सजाय पाएकोमो यथाशीघ्र र निशर्त रिहाइ |
| मालिफ आदिवासी अभियन्ताहरू होन्डुरस | आदिवासी अभियन्ताहरूको सुरक्षा, पहिचान र सम्मान |

एम्नेस्टी नेपाल आबद्ध विभिन्न ३९ समूहहरू र युथ नेटवर्कहरूले आयोजना गरेको हस्ताक्षर अभियानका क्रममा नेपालभरीबाट २८, ४४८ हजार पत्र र हस्ताक्षरहरू सङ्कलन भएका थियो । यस अभियानमा सबैभन्दा बढी (४५६७) हस्ताक्षर सङ्कलन ***फ्युजन युथ नेटवर्कले*** गरेको थियो । सङ्कलित सबै पत्रहरूलाई चीन, बङ्गलादेश, चाड र होन्डुरसको राजदूतावासमार्फत सम्बन्धित अधिकारीहरूकोमा पठाईएको थियो ।

| | समूह /नेटवर्क | मानवअधिकार रक्षक | | | | |
|---|---|---|---|---|---|---|
| | | नि युलान | महादिने | जुला मनान | मिल्फा मुमेन्ट | **जम्मा** |
| १ | देवी युथ नेटवर्क, झापा | १८० | १८० | १८० | १८० | ७२० |
| २ | विक्टोरिया युथ नेटवर्क, दाङ | १० | १९ | १० | ९ | ४८ |
| ३ | समूह ६०, दमक | १७७ | १७७ | १७७ | १७७ | ७०८ |
| ४ | समूह २, सुर्खेत | २०० | २०० | २०० | २०० | ८०० |
| ५ | आर बी अच युथ नेटवर्क, काठमाडौं | २०० | २०० | २०० | २०० | ८०० |
| ६ | समूह ८२ र बाराही युथ नेटवर्क, पोखरा | | ६०५ | ४३४ | | १०३९ |
| ७ | समूह ३९, नुवाकोट | २०५ | २०५ | २०५ | २०५ | ८२० |
| ८ | आयुर्वेद युथ नेटवर्क, काठमाडौं | २०० | २०० | २०० | २०० | ८०० |
| ९ | रामपुर युथ नेटवर्क, चितवन | ६९ | ६२ | ६२ | ४१ | २३४ |
| १० | समूह ६९, सुर्खेत | १०० | २०० | २०० | २०० | ७०० |
| ११ | काठमाडौं युथ नेटवर्क र समूह ३ | ९० | ९० | ९० | ९० | ३६० |
| १२ | समूह ५४, पोखरा | | | | ५५० | ५५० |
| १३ | समूह १८, काठमाडौं | १५१ | १२९ | १५५ | ११५ | ५५० |
| १४ | समूह ५८, झापा | १८० | १८० | १८० | १८० | ७२० |
| १५ | काठमाडौं बिश्वबिद्यालय युथ नेटवर्क, काभ्रे | ८१ | १७० | १८० | ८९ | ५२० |
| १६ | समूह ७२, काभ्रे ,पनौती | २१५ | २१५ | २१५ | २१५ | ८६० |
| १७ | समूह ६१, पाटन | | ८७० | | | ८७० |
| १८ | एन सी सी युथ नेटवर्क, काठमाडौं | २०५ | १९३ | २२२ | २१६ | ८३६ |
| १९ | इन्जिनियरिङ युथ नेटवर्क, पुल्चोक | २७५ | २७१ | २७२ | २७४ | १०९२ |
| **२०** | **फ्युजन युथ नेटवर्क, भक्तपुर** | **१२०२** | **११४६** | **१२२०** | **९९९** | **४५६७** |
| २१ | समूह ८, काठमाडौं | | २२० | | ७०० | ९२० |
| २२ | समूह ८३, दमक | १७५ | १७५ | १७५ | १७५ | ७०० |
| २३ | जोसेफ युथ नेटवर्क र समूह ८०, काठमाडौं | | | १००० | | १००० |
| २४ | समूह २१, काठमाडौं | १६८ | १३६ | १३९ | २६७ | ७१० |
| २५ | समूह ५६, कवालिटी युथ नेटवर्क,भक्तपुर | १९३ | | | | १९३ |
| २६ | दमक युथ नेटवर्क र इम्मोर्तल युथ नेटवर्क, झापा | ४०० | ८० | ७०० | ३५० | १५३० |
| २७ | समूह ६८, नेपालगंज | ५०० | | | | ५०० |
| २८ | निर्माणाधिन समूह, कपिलवस्तु | १७५ | १५९ | १६६ | १६३ | ६६३ |
| २९ | समूह ५०, भक्तपुर | ९४ | | | १४६ | २४० |
| ३० | समूह ७३ र समूह ४१, विराटनगर | ३५० | ३५० | ३५० | ३५० | १४०० |
| ३१ | बनेपा युथ नेटवर्क, बनेपा | ४९ | ५० | ४८ | ४९ | १९६ |
| ३२ | समूह ६२, नेपालगंज | | | | ८०० | ८०० |
| ३३ | इलाइजन युथ नेटवर्क, काठमाडौं | ५९ | ६२ | ६६ | | १८७ |
| ३४ | समूह १७, भक्तपुर | | ६३६ | | | ६३६ |
| ३५ | समुह १९, रामेछाप | ३०० | ३०० | २९६ | २८३ | ११७९ |
| | **कुल जम्मा** | ६२०३ | ७४८० | ७३४२ | ७४२३ | २८,४४८ |



२०७४ मंसिर १७-पौष २ (डिसेम्बर ३-१७ २०१७) को बीच *Write for Rights* अभियान अन्तर्गत ***इन्जिनियरीङ्ग युथ नेटवर्क***ले विभिन्न दिनहरूमा पुल्चोक क्याम्पस, काठमाडौं प्राङ्गणमा अन्तरक्रिया तथा हस्ताक्षर सङ्कलन गरी १०९२ हस्ताक्षर सङ्कलन गर्यो ।



मानव अधिकार दिवसको अवसरमा ***देवी युथ नेटवर्क र समूह ५८- बिर्तामोड***को संयोजनमा *Write for Rights* अभियान अन्तर्गत २०७४ मंसिर २४ ( डिसेम्बर १० २०१७) मा कार्यक्रम गरी ७२० हस्ताक्षर सङ्कलन गरियो ।



***आयुर्वेद युथ नेटवर्क***द्वारा २०७४ मंसिर २७ र २८ ( डिसेम्बर १३-१४ २०१७) मा Write for Rights अभियान अन्तर्गत कीर्तिपुरमा कार्यक्रम गरी २०० हस्ताक्षर सङ्कलन गरियो ।










## ४.६. नर्वेजियन राजदूतावासअघि प्रदर्शन

**"#अब्बासी स्टेज"** अभियानअन्तर्गत नर्वे सरकारले नर्वेमा बसोबास गरिरहेका अफगानिस्तानी शरणार्थीहरूलाई बलपूर्वक स्वदेश फिर्ता गरीरहेको विरोधस्वरूप एम्नेस्टी नेपालले पनि २०७४,मंसिर २९ अर्थात २०१७, डिसेम्वर १५ का दिन निपालस्थित शाही नर्वेली राजदूतावास बखुण्डोलमा प्रदर्शन कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रममा ***इन्जिनियरिङ युथ नेटवर्क*** पुल्चोकका सदस्यहरूलगायत अन्य एम्नेस्टी नेपाल आबद्ध झण्डै ७५ सदस्यहरूको सहभागीता रहेको थियो । उक्त प्रदर्शनका क्रममा अफगानी शरणार्थीहरूलाई बलपूर्वक फिर्ता नगर्न र ताइबेइ अब्बासी जस्ता युवाहरूलाई उनीहरूको जीवन जोखिममा रहेको र मानवअधिकारको पनि चरम दुर्व्यवहार भइरहेको अहिलेको अवस्थामा अफगानिस्तानमा फिर्ता नगर्न



नर्वे सरकारलाई अनुरोध गरिएको थियो । उक्त प्रदर्शनका क्रममा नर्वली राजदूतावासकी प्रशासनिक विभागकी प्रमूख एलिन किल्भागले एम्नेस्टी नेपालका अभियन्ताहरूसँग भेटी उक्त सरोकार र चासोका बारेमा सोधपुछ गर्नुका साथै एम्नेस्टी नेपाल अभियन्ताका चासोहरूलाई नर्वे सरकारसमक्ष पुऱ्याउने वाचा व्यक्त गरेकी थिइन् ।

## ४.७. आस्थाका बन्दी टाशी वाङ्गचुकको अविलम्ब र विना-शर्त रिहाईका लागि नेपालमा अभियान







चिनिँया मानवअधिकार रक्षक तथा तिब्बती संस्कृतिका अनुरागी टाशी वांगचुकको रिहाईका लागि हस्ताक्षर सङ्कलन लगायत अन्य अभियानात्मक गतिविधिहरू आयोजना गरिएको थियो । सन् २०१६ देखि उनलाई "विखण्डन जगाको" र चिनिँया सरकारलाई अविश्वास गर्न खोजेको भन्दै उनलाई चिनिँया अधिकारीहरूले उनलाई हिरासतमा राखिरहेका छन् । उनी शारीरिक सजायबाट पिडित छन् र आफ्ना परिवारका सदस्यहरूसँग भेट्न प्रतिबन्ध लगाइएको छ ।





आफ्नो तिब्बती संस्कृति जिवित राख्न खोज्दा पक्राउ परेका टाशी वांगचुकलाई अविलम्ब र विना-शर्त रिहाई गरिनुपर्दछ भन्द सचिवालयबाट प्रेषित एक्सन सर्कुलरलाई आधार बनाएर एम्नेस्टी आबद्ध युथ नेटवर्क र समूहहरूले हस्ताक्षर संकलन, पत्र लेखन, फोटो स्टन्ट लगायत अन्य कार्यक्रमहरू आयोजना गरेका थिए । समग्रमा ४,१०७ पत्र तथा हस्ताक्षर संकलन भएको थियो जसको विस्तृत विवरण निम्न छ :

| क्र.म | समूह/नेटवर्क | हस्ताक्षर | पत्र | जम्मा |
|---|---|---|---|---|
| १ | समूह ३३, चितवन | १३७ | ४ | १४१ |
| २ | समूह ४०, नवलपरासी | २०३ | | २०३ |
| ३ | निर्माणाधिन समूह, कपिलवस्तु | ८८ | ६ | ९४ |
| ४ | इन्द्रेस्वर युथ नेटवर्क, पनौती | १३८ | १४४ | २८२ |
| ५ | भिक्टोरिया युथ नेटवर्क, दाङ | ८८ | ९६ | १८४ |
| ६ | एन ओ सी युथ नेटवर्क, काठमाडौं | | ८१ | ८१ |
| ७ | बनेपा युथ नेटवर्क, बनेपा | २२६ | | २२६ |
| ८ | इमोर्तल युथ नेटवर्क, दमक | | २३३ | २३३ |
| ९ | कृषि क्याम्पस युथ नेटवर्क, लम्जुंग | | ९२ | ९२ |
| **१०** | **एन सी सी युथ नेटवर्क, काठमाडौं** | **५००** | **१२५** | **६२५** |
| ११ | रामपुर युथ नेटवर्क, चितवन | ५०९ | | ५०९ |
| १२ | त्रि चन्द्र युथ नेटवर्क, काठमाडौं | | १२७ | १२७ |
| १३ | समूह ५४, समूह ८२, पोखरा | ५६ | | ५६ |
| १४ | समूह ६६, दाङ | | १०० | १०० |
| १५ | समूह ४२, गोर्खा | १०९ | | १०९ |
| १६ | फरेस्ट्री युथ नेटवर्क, हेटौडा | | १९२ | १९२ |
| १७ | धुलाबारी युथ नेटवर्क, झापा | ६०० | | ६०० |
| १८ | डाइन्यामिक युथ नेटवर्क | २५३ | | २५३ |
| | **कुल जम्मा** | २९०७ | १२०० | ४१०७ |

## ४.८. एवाओ हाकामादाको रिहाईका लागि नेपालबाट भिडियो संदेश पठाएको

मिति २०७४ फाल्गुन ५ अर्थात् १७ फेब्रुअरी २०१८ का दिन एम्नेस्टी जापानको अनुरोधमा एवाओ हाकामादाको रिहाईका लागि नेपालबाट ६ जनाको भिडियो संदेश एम्नेस्टी जापानलाई पठाइयो । भिडियो संदेश ***फियुजन युथ नेटवर्क, भक्तपुर, बाराही युथ नेटवर्क, पोखरा र राष्ट्रिय बोर्डका*** सदस्य पासांग शेर्पाले पठाउनु भएको थियो । भिडियो संदेशका लागि सचिवालयबाट सबै समूह तथा युथ नेटवर्कलाई इमेलमार्फत अनुरोध गरिएको थियो ।







हाकामादा संसारकै सबैभन्दा लामो (४६ वर्षे) समयसम्म मृत्युदण्डको सजाय पर्खेर कारागारमा बसेका बन्दीमध्ये एक हुन् । मृत्युदण्डको फैसला अनुचित सुनुवाइअनुसार सुनाइएको थियो, जुन् फैसला बनावटी प्रमाणका आधारमा गरिएको थियो र भुल तथा गल्ती स्वीकारोक्तीका लागि प्रहरीले अनुसन्धानका क्रममा यातना दिने तथा दुर्व्यवहार गरेका थिए । उनलाई २०१४ मा रिहा गरिए तापनि, अहिलेसम्म उनको पुनसुनुवाइको मिति तोकिएको छैन । एम्नेस्टीले उनको मानवअधिकार रक्षा गर्नका लागि विश्वव्यापी अभियान गर्दै आएको छ ।

## ४.९. सिरियामा जारी आम ज्यादतीका विरुद्ध नेपालमा अभियान

एम्नेस्टी इन्टरनेसनलले विगत केही वर्षदेखि सिरियाको मानवीय सङ्कटको बारेमा आवाज उठाउँदै आएको छ । एम्नेस्टी इन्टरनेसनलको वार्षिक प्रतिवेदन २०१७/२०१८ मा सिरियमा दण्डहीनता सहितको युद्ध अपराध, अन्तर्राष्ट्रिय मानवीय कानूनको जघन्य उल्लङ्घन र मानवअधिकार दुर्व्यवहार भईरहेको र द्वन्द्वका कारण २०१७ को अन्त्य सम्ममा चार लाख भन्दा बढी मानिसहरूको मृत्यु भएको तथा एक करोड दस लाख मानिसहरू विस्थापित भएको प्रतिवेदनमा औंल्याएको थियो ।

फाल्गुनको दोस्रो हप्ता देखि गेटा शहरमा सिरियाली सेनाद्वारा आम नागरिकहरूमाथि निर्मम आक्रमण भए पछि त्यहाँ मानवीय संकट उच्च विन्दुमा पुगेको थियो । यसका विरुद्ध जवाफदेहीता माग गर्दै अभियानहरू गर्न एम्नेस्टी नेपालले समूह र समूह तथा युथ नेटवर्कहरूलाई २०७४, फाल्गुन १६ का दिन एक्सन सर्कुलर प्रेषित गरेको थियो र समूह तथा युथ नेटवर्कहरूले स्थानीय स्तरमा विभिन्न अभियानात्मक गतिविधिहरू आ-आफ्नो क्षेत्रमा सञ्चालन गरेका थिए जसको विवरण निम्न अनुसार छ । समग्रमा ५,८०८ थान पत्र र हस्ताक्षरहरू र १८६ थान अनलाइन पिटीसन सङ्कलन भएको थियो ।

| समूह / युथ नेटवर्क | कार्यक्रम | हस्ताक्षर/पत्रहरू |
|---|---|---|
| समूह ३९, नुवाकोट | पत्र सङ्कलन | ४५० |
| धुलाबारी युथ नेटवर्क, झापा | पर्चा वितरण, दीप प्रज्वलन | |
| समूह ५४, पोखरा | हस्ताक्षर सङ्कलन | १८२ |
| समूह ६४, चितवन | हस्ताक्षर सङ्कलन | ४७ |
| अग्रसन युथ नेटवर्क, दाङ | हस्ताक्षर सङ्कलन, दीप प्रज्वलन | १०५ |
| रामपुर युथ नेटवर्क, चितवन | दीप प्रज्वलन, हस्ताक्षर सङ्कलन | ६०० |
| कृषि युथ नेटवर्क, लम्जुंग | ऱ्याली, पत्र सङ्कलन | ५३९ |
| समूह ६७ र फरेस्ट्री युथ नेटवर्क, हेटौडा | दीप प्रज्वलन | |
| पक्लिहवा युथ नेटवर्क, भैरहवा | हस्ताक्षर सङ्कलन | १७६ |
| समूह ११,२३,४१ र ७३, विराटनगर | दीप प्रज्वलन | |
| समूह ६६, दाङ | दीप प्रज्वलन | |
| समूह ७८, लालबन्दी | हस्ताक्षर सङ्कलन | २२५ |
| डाइनामिक युथ नेटवर्क, काठमाडौं | हस्ताक्षर सङ्कलन | ८० |
| समूह ६१, ललितपुर | हस्ताक्षर सङ्कलन | ४३० |
| पीस भिजन युथ नेटवर्क, भक्तपुर | हस्ताक्षर सङ्कलन, दीप प्रज्वलन | ३५० |
| त्रि चन्द्र युथ नेटवर्क, काठमाडौं | शान्तिपूर्ण ऱ्याली, हस्ताक्षर सङ्कलन | ७९० |
| दमक युथ नेटवर्क, झापा | हस्ताक्षर सङ्कलन | १३३ |
| समुह ३४, काठमाडौं | हस्ताक्षर सङ्कलन | ३०० |
| समूह ४३ र बनेपा युथ नेटवर्क, बनेपा | हस्ताक्षर सङ्कलन | १३५ |
| निर्माणाधिन समूह, कपिलवस्तु | दीप प्रज्वलन | |
| समूह ३, काठमाडौं | हस्ताक्षर सङ्कलन | ७० |
| समूह ८२ र बाराही युथ नेटवर्क,पोखरा | हस्ताक्षर सङ्कलन | १६१ |
| देवी युथ नेटवर्क, झापा | दीप प्रज्वलन | |
| पीस विजन युथ नेटवर्क, भक्तपुर | हस्ताक्षर सङ्कलन र दीप प्रज्वलन | ३५० |
| काठमाडौं युथ नेटवर्क र समूह ३, काठमाडौं | हस्ताक्षर सङ्कलन | २३९ |
| समूह ३३, चितवन | हस्ताक्षर सङ्कलन | |
| समूह ६,सुनसरी | हस्ताक्षर सङ्कलन | |
| नेपाल युथ नेटवर्क, काठमाडौं | हस्ताक्षर सङ्कलन | १३५ |
| समूह ७२ र इन्द्रेश्वर युथ नेटवर्क | हस्ताक्षर सङ्कलन | १३७ |
| **जम्मा** | | **५,८०८** |



सिरियाको पूर्वी गुट्टामा भएको बमबारी रोक्न माग गर्दै ***काठमाडौं युथ नेटवर्क***द्वारा हस्ताक्षर सङ्कलन गरियो । गोकर्णेश्वर, काठमाडौंको दुई विद्यालयमा गरिएको सो कार्यक्रममा २२७ विद्यार्थी र १२ शिक्षकहरूको हस्ताक्षर सङ्कलन गरिएको थियो ।




२०७४ फाल्गुन १७ (मार्च १ २०१८) मा ***रामपुर युथ नेटवर्क***द्वारा एग्रिकल्चर एण्ड फरेस्ट्री विश्वविद्यालय, रामपुरमा सिरियामा भइरहेको हिंसा रोक्न माग गर्दै द्विप प्रज्वलन गरियो ।




***धुलाबारी युथ नेटवर्क***द्वारा २०७४ फाल्गुण १६ (फेब्रुअरी २८ २०१८) बुधबार, सिरियामा भईरहेको युद्ध र बमबारीको बिरुद्ध नारा सहितको पम्प्लेट प्रदर्शन गरी उक्त युद्धमा परी मृत्युवरण भएकाहरूको सम्झनामा एक मिनेट मौनधारण र "प्रे फर सिरिया" लेखिएको सिरिया देशको नक्साको आकृति बनाई मैनवत्ती प्रज्वलन गरियो ।



२०७४ फागुन १६ (फेब्रुअरी २८ २०१८) मा **त्रि चन्द्र युथ नेटवर्क**द्वारा त्रि चन्द्र क्याम्पस, काठमाडौं प्राङ्गणमा 'Stop the war in Syria' माग गर्दै ७९० हस्ताक्षर सङ्कलन गरियो ।






## ४.९. भारतीय राजदूतावासमा भारतीय दलित अधिकारकर्मी रिहाईको माग गर्दै पत्राचार गरेको

मिति २०७५ फाल्गुन १२ अर्थात् २५ अप्रिल २०१८ का दिन भारतीय दलित अधिकारकर्मी तथा मानवअधिकार रक्षक चन्द्रशेखर आजादको प्रशासकीय गिरफ्तारी विरुद् एम्नेस्टीले नेपालस्थित भारतीय राजदूतावासमा पत्राचार गरेको थियो । उनलाई ३ नोभेम्बर २०१७ देखि उत्तर प्रदेश सरकारले बिना सुनुवाई हिरासतमा राखेको छ । चन्द्रशेखर आजाद् "भिम आर्मी" नामको उत्तर प्रदेशमा रहेको दलित अधिकारका लागि काम गर्ने प्रख्यात संस्थाका संस्थापक हुन् । उक्त संस्थाले दलित बालबालिकाका लागि ३०० विद्यालयहरू सञ्चालन गर्दै आएको छ ।

## ४.१०. नुरा हुसेनको ज्यानको रक्षाको माग गर्दै अनलाइन पिटिसन




According to Laxmi Niraula, the organization's general secretary, Nepal made a handful of progress in its commitment to implementing human rights in 2017, such as by arresting murder-convict politician Balkrishna Dhungel after over a decade of committing the crime. Likewise, awarding life imprisonment to three Nepal Army officials for the torture and killing of Maina Sunar, the 15 year-old schoolgirl killed in 2004 during the conflict period, have also been taken as human rights achievement of 2017.

"Apart from handful of such cases, the overall situation of human rights last year remained bleak and dismal. The government has a long way to go in eradicating deep roots of impunity," said General Secretary Niraula, stating that implementing the existing policies on migration and justice would be the first step. He further added that that the current trend of inaction on the part of the government has caused concerns that the year 2018 may also be disappointing in terms of improvements in the field of human rights.

*Coverage in the My Republica*

## ७.३.१. एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी मानवअधिकार प्रतिवेदन २०१७-१८ मा समावेश नेपाल खण्ड

## नेपाल

**सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल**
**राष्ट्र प्रमुख : विद्यादेवी भण्डारी**
**सरकार प्रमुख : शेर बहादुर देउवा (जुनमा पुष्पकमल दाहाल पश्चात् प्रधानमन्त्री भएका)**

सन् २०१५ को भूकम्पले आवास विहीन भएका झण्डै ७०% मानिसहरू अस्थायी आश्रय स्थलहरूमा रहे । तराईमा मन्सुनी बाढीबाट प्रभावित हजारौँ मानिसहरूले पयाप्त आवास तथा अन्य सामाजिक आर्थिक सहयोगका उपायहरू नपाएर दुख भोगे । नेपालको संविधान २०७२ का केही प्रावधानहरू विभेदकारी रहेको भनी जनजाती र मधेसी जनताले राखेका चासोहरूको सम्बोधन भएन । तराईमा प्रदर्शनकारीहरूमाथि प्रयोग गरिएको अत्यधिक बलका सम्बन्धमा प्रभावकारी अनुसन्धान हुन सकेन । दशक लामो सशस्त्र द्वन्द्वकालमा मानवअधिकार उल्लङ्घनबाट पीडित भएका हजारौँलाई सत्य, न्याय र परिपूणरण सुनिश्चित गर्ने प्रयासहरू अपर्याप्त रहे । नेपाली आप्रवासी श्रमिकहरू ठगी र जालसाजीमा परिरहे । उनीहरूले बन्धक श्रमिकको रूपमा आप्रवासन गर्नुपर्‍यो र यसले उनीहरूलाई वैदेशिक रोजगारीका क्रममा थप मानवअधिकार र श्रमिकअधिकार ज्यादतीको जोखिममा पुर्‍यायो ।

### पृष्ठभूमि

दुई दशक भन्दा धेरैको अन्तरालपछि पहिलो पटक स्थानीय निर्वाचनहरू सम्पन्न भए । मङ्सिर १० र २१ (नोभेम्बर २६ र डिसेम्बर ७) मा प्रतिनिधि र प्रदेशसभाका निर्वाचनहरू भए, अक्टोबर (असोज ३०) मा नेपाल संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा निर्वाचित भयो ।

### पर्याप्त आवासको अधिकार

सन् २०१५ को भूकम्प पश्चात दशौँ हजार प्रभावितहरू अझै पनि अस्थायी आश्रयस्थलहरूमा नै रहे । सरकारले पुनर्निर्माणको अनुदान रकम प्राप्त गर्नका लागि जग्गाको लालपूर्जा प्रमाणको रूपमा चाहिने शर्त राख्यो । करिब २५% जनसङ्ख्या भूमिहीन अथवा लगभग भूमिहीन भएको अनुमानअनुसार दशौँ हजार पीडितहरू सो अनुदान प्राप्त गर्न अयोग्य भए । यो अवस्थाले मुख्यतः भूमिहीन, महिला, दलित र अन्य जातीय अल्पसङ्ख्यक लगायत जोखिममा रहेका र सीमान्तकृत समुदायलाई असर पार्‍यो ।

अगस्टमा मनसुनी वर्षाका कारण दक्षिण तराईको विशाल क्षेत्र बाढीग्रस्त भयो जसका कारण १४३ जनाको ज्यान गयो र १७ लाख प्रभावित भए । चार लाख भन्दा धेरै मानिसहरू घर विहीन भए र एक हजार भन्दा धेरै घरहरू नष्ट भए । पीडितहरूलाई सरकारले पयाप्त सहयोग गरेन र निजी रूपमा भएका राहत बाँड्ने प्रयासहरूलाई पनि अवरोध गर्‍यो ।

### अत्यधिक बलको प्रयोग

संविधानसँग सम्बन्धित गुनासाहरूलाई लिएर तराईमा भएका प्रदर्शनहरूको जवाफमा सुरक्षा फौजले अत्यधिक वा अनावश्यक बल प्रयोग गरिनै रह्यो । मार्चमा सप्तरी जिल्लामा प्रहरीले मधेसी प्रदर्शनकारीहरूको भीडलाई तितरवितर गर्ने क्रममा बन्दुकको प्रयोग गर्दा पाँच जना प्रदर्शनकारीको मृत्यु भयो र १६ जना घाइते भए ।

## श्रमिक अधिकार - आप्रवासी

आप्रवासी श्रमिकलाई प्रभावकारी संरक्षण दिलाउन र श्रमिक भर्नासम्बन्धी गैरकानुनी र आपराधिक अभ्यासहरूमा विद्यमान दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्न सरकार विफल भयो । आप्रवासी श्रमिकहरूउपर वैदेशिक रोजगार व्यवसायी र एजेन्टहरूले विधिवत रूपमा गैरकानुनी र कसुरजन्य व्यवहार गरे ।

व्यवसायीले आप्रवासी श्रमिकबाट नियमित रूपमा गैरकानुनी र अत्यधिक शुल्क लिए, विदेशमा गर्ने कामको सेवा सर्तहरूका बारेमा उनीहरूलाई झुक्काए र भर्ना प्रकृयाका क्रममा लिएको ऋण सञ्चितीकरण गरेर विदेशमा काम गर्न जानका लागि श्रमिकहरूले दिएको सहमतीलाई तोडमरोड गरे । केही व्यवसायीहरू सिधै श्रम शोषणका लागि बेचविखनमा संलग्न भएका थिए जुन कुरा नेपालको मानव बेचविखन र ओसारपसार नियन्त्रण ऐनअन्तर्गत दण्डनीय छ ।

सयौं हजार श्रमिकहरू कामका लागि विदेश गइरहेका भएपनि आप्रवासी श्रमिकहरूको संरक्षण गर्ने कार्यादेश पाएका सरकारी विभागहरूका लागि नेपालको कुल बजेटको एक प्रतिशत मात्र बजेट विनियोजन गरियो । जबर्जस्ती श्रमको अवस्थामा विदेशमा फसेका आप्रवासीहरूले घर फर्कनका लागि नेपाली राजदूतावासबाट सहयोग प्राप्त गर्नमा धेरै कठिनाइ बेहोरे । विदेशमा समस्या भोगेका श्रमिकलाई स्वदेश फिर्तिका लागि रोजगार व्यवसायीहरूले सहयोग गर्नुपर्ने प्रावधान वैदेशिक रोजगार ऐनमा रहेको भएपनि उनीहरूले बिरलै त्यस्तो सहयोग गरे । वैदेशिक रोजगारीका समयमा हुने श्रमिकहरूको बढ्दो मृत्युका बारेमा शव परीक्षण लगायत विधिबाट अनुसन्धान गर्न अधिकारीहरू विफल भए ।

सरकारको "निःशुल्क भिसा, निःशुल्क टिकट नीति" कार्यान्वयनमा कुनै सुधारहरू गरिएनन् । जसले रोजगार व्यवसायीहरूले लिने भर्ना शुल्कमा सङ्कुचन आउने ठानिएको थियो । सरकारले लगातार श्रमिकहरूको आप्रवासन खर्च घटाउने र ऋण हाँसिल गर्नबाट उनीहरूलाई संरक्षण गर्ने सार्वजनिक प्रतिबद्धता गरेतापनि प्रस्थान गर्नु अघि लाग्ने खर्चहरू बढाएर आप्रवासी श्रमिकमाथिको बोझ बढायो । जूलाईमा वैदेशिक रोजगार प्रवर्धन बोर्डले सरकारी सञ्चालनमा रहेको कल्याणकारी कोषमा आप्रवासी श्रमिकहरूले योगदान गर्नुपर्ने रकम बढायो । आठ हजार भन्दा धेरै आप्रवासी श्रमिकहरूले श्रमिक भर्ना गर्ने रोजगार व्यवसायीहरूविरुद्ध उजुरी हालेका भएपनि एक सय भन्दा कम एजेन्सीलाई मात्र जरिवाना तिराउने वा वैदेशिक रोजगार ऐन उल्लङ्घन गरेकोमा वैदेशिक रोजगार न्यायधिकरणमा पठाउने काम भयो । वैदेशिक रोजगारीका लागि भर्ना गर्ने व्यवसाय मध्ये ११% को मात्र अनुगमन भ्रमण भयो । वैदेशिक रोजगार ऐन २०६४ अनुसार पीडितहरूले वैदेशिक रोजगार विभागमा उजुरी हाल्ने व्यवस्था छ र यसले वैदेशिक रोजगार व्यवसायीहरूले गरेको नेपालका फौजदारी कानुनहरूको उल्लङ्घनका सवालमा प्रहरीलाई सकृयताका साथ छानबिन गर्न बन्देज लगाएको छ । आप्रवासी श्रमिकहरूले आफूले भोगेको आर्थिक क्षति वा हानिको दावि गरेको भन्दा निकै कम क्षतिपूर्ति पाए । वैदेशिक रोजगार व्यवासायीहरूले उनीहरूद्वारा नियमित रूपमा हुने आप्रवासी श्रमिकमाथिको ज्यादती र शोषणमाथि छानबिन, अभियोजन, न्याय सम्पादन कार्य हुन नदिन आ-आफ्ना राजनीतिक प्रभावलाई उपयोग गरिनैरहे ।

## यातना र अन्य दुर्व्यवहार

फौजदारी अनुसन्धान प्रणाली पुरानो र निर्दयी प्रकृतिको रह्यो । गल्ती स्वीकार गर्न लगाउन न्यायिक सुनुवाइपूर्व यातना दिने तथा अन्य दुर्व्यवहार गर्ने परिपाटी व्याप्त रह्यो । अगस्टमा संसदले पारित गरेको नयाँ फौजदारी संहिताले यातना र अन्य दुव्यवहारलाई अपराधिकरण गर्दै बढीमा पाँच वर्ष कैद सजायँको व्यवस्था गरेको छ । संसदमा विचाराधिन रहेको छुट्टै यातनाविरुद्धको विधेयक यातनासम्बन्धी अन्तराष्ट्रिय मापदण्डहरू भन्दा धेरै पछि छ ।

### सङ्क्रमणकालीन न्याय

सर्वोच्च अदालतबाट सन् २०१४ र २०१५ मा आदेश भएअनुसार सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ संशोधन गरेन । दुई निकायहरू - सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग - ले क्रमशः ६०,००० र ३,००० भन्दा बढी हत्या, यातना, बलपूर्वक बेपत्ता जस्ता राज्यका सुरक्षा फौज र माओवादी पक्षबाट सन् १९९६ देखि २००६ को द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित उजुरीहरू सङ्कलन गरे । तर ती उजुरीहरूउपर प्रभावकारी अनुसन्धान भएन । श्रोत र क्षमताको चरम अभावले यी दुई निकायहरूको सत्य, न्याय र परिपूरण प्रदान गर्ने क्षमतामा प्रतिकुल असर पुऱ्यायो ।

### दण्डहीनता

दण्डहीनताले गहिरो रूपमा जरा गाडेको छ । सत्य, न्याय र परिपूरण लगायत भविष्यमा मानवअधिकार उल्लङ्घनका घटनाहरू पुनः नदोहोरिने सुनिश्चितता गर्नेतर्फ भन्दा मेलमिलाप र आर्थिक क्षतिपूर्तिलाई प्राथमिकतामा राख्न खोजिएको व्यापक बुझाइमाझ राजनीतिक दलहरूले सङ्क्रमणकालीन न्यायका ऐन/कानूनहरू संशोधन गर्न प्रतिरोध गरे । सन् १९९० देखि तराई लगायत देशका विभिन्न भागमा सुरक्षा फौजबाट सयौं प्रदर्शनकारीहरू मारिएका विषयमा प्रभावकारी अनुसन्धान भएको छैन । अक्टोबरमा प्रहरी महानिरीक्षकविरूद्ध सर्वोच्च अदालतमा अदालतको मानहानीसम्बन्धी मुद्दा दायर भएपछि सोको जवाफस्वरूप एकजना माओवादी नेता बालकृष्ण ढुङ्गेललाई गिरफ्तार गरियो । सन् २०१० मा सर्वोच्च अदालतले उनका विरुद्ध आदेश दिएदेखि उनी राजनीतिक संरक्षणमा थिए ।

### विभेद

लिङ्ग, जात, वर्ग, जातीय उद्‌गम, यौनिक झुकाव, लैङ्गिक परिचय र धर्ममा आधारित विभेद जारी रह्यो । संविधान संशोधनले महिलालाई पूर्ण रूपमा नागरिकताको समान अधिकार सुनिश्चित गरेन नत दलित र अन्य जातीय अल्पसङ्ख्यक र समलिङ्गी महिला तथा पुरुष र यौनिक अल्पसङ्ख्यक लगातका सीमान्तकृत समुदायलाई विभेदका विरुद्ध संरक्षण दियो । नयाँ फौजदारी कानूनमा बलात्कारसँग सम्बन्धित सजाय र हदम्यादको व्यवस्था अन्तराष्ट्रिय मापदण्ड भन्दा धेरै पछाडि छ । लैङ्गिक विभेदले महिला तथा बालिकाहरूको आफ्नो यौनिकतामाथि नियन्त्रण राख्ने तथा प्रजननसम्बन्धी सुसूचित निर्णय लिने अधिकारलाई कमजोर बनाउने, कम उमेरमा र जबर्जस्ती विवाह हुने तथा गर्भावस्था र मातृस्वास्थ्य हेरचाहमा पर्याप्त सेवा उपभोग गर्ने कुराहरूमा चुनौती उत्पन्न हुने क्रम जारी रह्यो ।

## ७.४. एम्नेस्टी इन्टरनेसनलको ५७ औं स्थापना दिवस्

प्रत्येक वर्ष एम्नेस्टी इन्टरनेसनलले मे २८ लाई आफ्नो स्थापना दिवसको रूपमा मनाउँदै आएको छ । सन् १९६१ मा यसै दिन बेलायती वकिल पीटर बेनेन्सनले *"दी फर्गटन प्रिजनर"* शीर्षकको एउटा शक्तिशाली लेख लेखी संसारभर रहेका आस्थाका बन्दीहरूको रिहाईका लागि एउटा अभियानको थालनी भएको घोषणा गर्नु भएको थियो ।




एम्नेस्टी नेपालले यस वर्ष "विविधता र समावेशितालाई सम्मान गर्दौ" भन्ने नाराका साथ एक सांस्कृतिक कार्यक्रमको आयोजना गरी एम्नेस्टीको स्थापना दिवस मनायो ।

मिति २०७५ जेष्ठ १४ (मे २८, २०१८) का दिन आयोजना गरिएको उक्त कार्यक्रममा एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कहरू (काठमाडौं विश्वविद्यालय, एन.सी.सी, जोसेफ, इलाइजन र त्रिचन्द्र) ले कविता, नाटक र नृत्यमार्फत मानवअधिकार संरक्षण र प्रवर्धनको सन्देश प्रवाह गरेका थिए । त्यस्तै सुपरिचित युवा गायिका नताशा (नटु) शाहले पनि आमन्त्रित अतिथिका रूपमा आफ्नो गीत प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा एम्नेस्टी नेपालका संस्थापक नुतन थपलिया, बोर्ड सदस्य, सल्लाहकार तथा पूर्व अध्यक्ष लगायत विभिन्न नागरिक समाज र गैर-सरकारी संस्थाका प्रतिनिधिहरू गरी १४० जनाको सहभागिता रहेको थियो ।



साथै सोही दिन कार्यक्रम स्थलमा सुडान सरकार समक्ष नुरा हुसेनको ज्यानको रक्षाको माग गर्दै *अनलाइन* हस्ताक्षर सङ्कलन गरिएको थियो । १९ वर्षीय नुरा हुसेनलाई पतिको हत्याको आरोप लगाई सुडानको अदालतले मृत्युदण्डको सजाय सुनाएको थियो जुन वास्तविकतामा बैवाहिक बलात्कारको घटना थियो र नुराले आत्मसुरक्षा गर्दा बलात्कारी पतिको हत्या भएको थियो ।









*५७ औं एम्नेस्टी स्थापना दिवसमा आयोजित नाटक लगायतका गतिविधिहरूको झलक*

### ७.४.१. एम्नेस्टी दिवसका आवसरमा स्थानीयस्तरमा आयोजना भएका कार्यक्रमहरू

| समूह र युथ नेटवर्क | कार्यक्रम | सहभागी सङ्ख्या |
|---|---|---|
| एन.ओ.सी युथ नेटवर्क, सानेपा, काठमाडौँ | एम्नेस्टीको लोगो बनाएर दिप प्रज्वलन | ३० |
| बाराही युथ नेटवर्क, समूह ८२, पोखरा | दिप प्रज्वलन, प्लेकार्ड प्रदर्शन | |
| कृषि युथ नेटवर्क, लमजुंग | मानवअधिकार सम्बन्धी नारा अंकित Balloon display | ६१ |
| समूह ४२, गोर्खा | आश्रममा रहेका अनाथ बालबालिकालाई खाध्य सामग्री हस्तान्तरण | |
| समूह ६४, चितवन | मानवअधिकारसम्बन्धी जनचेतना कार्यक्रम | २७ |
| समूह ८३, ७५, ६० दमक, दमक र इमोर्टल युथ नेटवर्क | नेपालमा दण्डहीनता विषयमा अन्तर्क्रिया कार्यक्रम | ४५ |
| समूह ११,२३,४१,७३, विराटनगर | दिप प्रज्वलन | ५०+ |
| क्वालिटी युथ नेटवर्क, भक्तपुर | विद्यालयमा मानवअधिकारसम्बन्धी शिक्षा | ६५ |
| रामपुर युथ नेटवर्क, चितवन | महिला हिंसा विशेषगरी बलात्कार सम्बन्धी सडक नाटक | १२८ |
| समूह १, धनकुटा | मानवअधिकारसम्बन्धी जनचेतना कार्यक्रम | २९ |
| अग्रासन युथ नेटवर्क, दांङ | महिला हिंसासम्बन्धी नाटक, थारु नृत्य, अन्तर्क्रिया कार्यक्रम | |
| समूह २, सुर्खेत | दिप प्रज्वलन | ७४ |
| जोसेफ, इलाइजन, काठमाडौँ विश्वविध्यालय, त्रिचन्द्र, एन.सी.सी युथ नेटवर्क | एम्नेस्टी नेपाल सचिवालयसँग सहकार्यमा रङ्गमन्चमा मानवअधिकार सम्बन्धी सांस्कृतिक कार्यक्रम | १४० |
| देवी युथ नेटवर्क, समूह ५८ झापा | दिप प्रज्वलन, जनचेतना ऱ्याली | ४० |
| समूह ७२, काभ्रे | शुभकामना आदानप्रदान कार्यक्रम | |
| जलेश्वरनाथ महिला निर्माणाधीन समूह (हाल समूह ५) | एम्नेस्टी इन्टरनेसनलबारे मन्थन | |
| बनेपा युथ नेटवर्क, समूह ४३, बनेपा | अनुभव आदानप्रदान | ३६ |
| पख्लिहवा युथ नेटवर्क | नारा लेखन प्रतियोगिता | |
| समूह ६७, फरेस्ट्री युथ नेटवर्क, हेटौडा | मानवअधिकारसम्बन्धी शिक्षा, सडक नाटक, | ४०० |
| सोसल वर्कर समूह, चितवन (हाल समूह २५) | अन्तर्क्रिया र छलफल कार्यक्रम | |
| समूह ६८, बाँके | दिप प्रज्वलन | २२ |




२०७५ जेष्ठ १४ (२८ मे २०१८) 'एम्नेस्टी दिवस' को अवसरमा ***बनेपा युथ नेटवर्क***ले अनुभव आदानप्रदान गर्ने भेला गर्यो ।




एम्नेस्टी दिवसको अवसर पारेर ***पकलिहवा युथ नेटवर्क***द्वारा नारा लेखन् प्रतियोगिता (Slogan Writing Competition) को आयोजना गरियो । यस प्रतियोगितामा ४३ वटा नाराहरू भोटिङको लागि छानिएका थिए ।




५७औं एम्नेस्टी दिवसको अवसरमा ***अग्रसान युथ नेटवर्क***द्वारा महिला हिंसासम्बन्धी नाटक र महिलाअधिकारसम्बन्धी थारु नृत्य र अन्तरक्रिया कार्यक्रम घोराही उपमहानगरपालिका वडा नं १७, कर्जाहीमा आयोजना गरियो ।




एम्नेस्टी दिवसको अवसरमा २०७५ जेष्ठ १४ (मे १८ २०१८) मा ***एन. ओ. सी. युथ नेटवर्क***द्वारा नेसनल ओपन कलेज, सानेपा, ललितपुरमा एम्नेस्टीको लोगो बनाएर द्विप प्रज्वलन गरिएको थियो ।


57th AMNESTY INTERNATIONAL DAY
28th MAY 2018
Devi Youth Network
Birtamode, Jhapa
AMNESTY INTERNATIONAL
Group 58, Birtamode, Jhapa
57TH AMNESTY DAY, 2018
HUMAN RIGHTS AWARENESS PROGRAM & RALLY
28 May, 2018 (14 Jestha, 2075)


HAPPY BIRTHDAY


AMNESTY INERNATIONAL
स्थापना दिवस
दीप प्रज्वलन कार्यक्रम
28th May
AMNESTY INTERNATIONAL

## ७.५. पच्चिसौं विश्व प्रेस स्वतन्त्रता दिवस (World Press Freedom Day)




प्रेस स्वतन्त्रतामाथि संसारभरी बढ्दो रूपमा भइरहेको आक्रमणको माझ एम्नेस्टी नेपालले **२५औं विश्व प्रेस स्वतन्त्रता** दिवस मनायो । सो दिन मे ३, अर्थात् २०७५ वैशाख २० गते एम्नेस्टी नेपाल सचिवालयले काठमाडौँको शान्तिबाटिका, रत्नपार्कमा एक प्रदर्शन कार्यक्रमको आयोजना गरी संसारभर अभिव्यक्ति स्वतन्त्रता र खासगरी पत्रकारिताका माध्यमबाट सार्वजनिक सरोकार र मानवअधिकार संरक्षणका विषयमा आवाज उठाउँदै गर्दा पत्रकारहरू माथि राज्य र गैरराज्य दुवै पक्षबाट भइरहेको दुर्व्यवहार र ज्यादतीको विरोध गऱ्यो । उक्त कार्यक्रममा वरिष्ठ मानवअधिकारकर्मीहरू, पत्रकार, एम्नेस्टी नेपालका सदस्यहरू लगायत अन्य व्यक्तित्वहरू गरी करिव १४० जनाको उपस्थिति रहेको थियो । साथै सचिवालयले आफ्ना सदस्यहरूलाई एक्सन सर्कुलर जारी गरी स्थानीयस्तरमा पत्रकार समुदायलगायतको सहकार्यमा सार्वजनिक कार्यक्रम गरी नेपाल लगायत संसारभरीका पत्रकार जो अग्रपङ्तिका मानवअधिकार रक्षकहरू पनि हुन, उनीहरूको सुरक्षा, सम्मान र मर्यादा प्रत्याभूत गर्न माग गर्न अनुरोध गर्यो ।






विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा (मे ३, २०१८) मा ***कृषि युथ नेटवर्क***द्वारा ओपन माइक (Open Mic) को आयोजना गऱ्यो । सो कार्यक्रममा ४२ सहभागीहरूले स्पिच, कविता र अरू साहित्यिक माध्यमबाट प्रेस स्वतन्त्रता र मानवअधिकारसम्बन्धी आफ्ना प्रस्तुती राखेका थिए ।

# खण्ड २
# संस्थागत गतिविधि

# ८. संस्थागत अवस्था र गतिविधि

## १. समूह र युथ नेटवर्क

आर्थिक वर्ष २०७४/७५ को अन्त्यमा एम्नेस्टी नेपालमा आबद्ध समूहहरूको सङ्ख्या ७५ रहेको थियो भने निर्माणाधिन समूहहरूको सङ्ख्या पाँच रह्यो । यस अवधिमा युथ नेटवर्कहरूको सङ्ख्या ४७ रहेको थियो । समूह र युथ नेटवर्क गरी ३७ जिल्लामा एम्नेस्टी नेपालको स्थानीय संरचनाहरू कार्यरत रहेका थिए ।

कुल ३७ जिल्लामा समूहहरू रहेका थिए भने १६ जिल्लामा युथ नेटवर्कहरूले एम्नेस्टी नेपालसँग आबद्धता लिएका थिए । एम्नेस्टी नेपालको समूहहरू नरहेको तर युथ नेटवर्क मात्र गठन भएर कार्यरत रहेको जिल्ला एउटा रहेको थियो । *(समूह र युथ नेटवर्कको विवरण अनुसूची १ र २ मा दिइएको छ)*

## २. सदस्यता

आ.व. वर्ष २०७४/७५ को अन्त्यसम्ममा एम्नेस्टी नेपालको **कुल सदस्य सङ्ख्या ७,८८०**[1] रहेको थियो । कुलमध्ये पुरुषको सङ्ख्या ४,६४८ र महिलाको सङ्ख्या ३,२२२ र अन्यको सङ्ख्या १० रहेको छ । यो सङ्ख्या गत आर्थिक वर्षको अन्त्यमा ५,६५९ रहेको थियो । एम्नेस्टी नेपालमा आबद्ध सदस्यहरूको तथ्याङ्कसम्बन्धी जानकारी ग्राफ/इन्फोग्राफिक्समा तल :




[1] यो तथ्याङ्क आर्थिक वर्ष २०७५/७६ को दोश्रो सप्ताहको सुरुआत अर्थात मिति २०७५ श्रावण १० गतेसम्मको रेकर्डमा आधारित छ । २७ औं साधारणसभाका लागि समूहहरूले आ-आफ्नो साधारण सभा सम्पन्न गर्नुपर्ने अन्तिम मिति श्रावण १० तोकिएकोले यस अवधिसम्मको तथ्याङ्कलाई समावेश गरिएको छ ।




## PROVINCE WISE REPORT

| YOUTH NETWORKS | |
|---|---|
| PROVINCE | NUMBER OF NEWTOKS |
| 1 | 8 |
| 2 | 1 |
| 3 | 26 |
| 4 | 2 |
| 5 | 7 |
| 6 | 1 |
| 7 | 2 |
| TOTAL | 47 |



| GROUPS, GIF | |
|---|---|
| PROVINCE | NUMBER OF GROUPS |
| 1 | 21 |
| 2 | 10 |
| 3 | 23 |
| 4 | 9 |
| 5 | 9 |
| 6 | 2 |
| 7 | 6 |
| TOTAL | 80 |



## ३. राष्ट्रिय रणनीतिक लक्ष्य कार्यान्वयन

एम्नेस्टी नेपालको सन् २०१७ देखि २०१९ अवधिको राष्ट्रिय रणनीतिक लक्ष्य (Strategic Goal) ले निर्देश गरेअनुसार वर्ष २०७४/७५ मा आफ्ना गतिविधिहरू अगाडि बढाइयो । उक्त रणनीतिक योजना कार्यान्वयनका लागि सचिवालयले नेसनल बोर्ड तथा अन्तर्राष्ट्रिय सचिवालयसँग निरन्तर समन्वय गर्ने काम गऱ्यो ।

## ४. वार्षिक साधारणसभा

यस संस्थाको २६ औं वार्षिक साधारण सभा २०७४ असोज २७ र २८ गते (१३ र १४ अक्टोबर २०१७) महेन्द्रनगरमा सम्पन्न भयो । सभामा देशभर रहेका एम्नेस्टी नेपालमा आबद्ध समूहहरू मध्ये यस संस्थाको विधान र साधारणसभा सञ्चालन नियमावली अनुसार एम्नेस्टी नेपालको वार्षिक साधारणसभामा सहभागी हुन आवश्यक पर्ने आधार र प्रक्रिया पुगेका कूल ६३ समूहहरूमध्ये ६५ वटाबाट ५५ जना (१० महिला र ५५ पुरुष) को प्रतिनिधित्व रहेको थियो । यसका अलावा साधारणसभामा नेसनल बोर्डको तथा पुनरावेदन समितिका पदाधिकारीहरू, राष्ट्रिय सचिवालयका कर्मचारीहरू र आमिन्त्रत पर्यवेक्षकहरूको उपस्थिति रहेको थियो ।

### ४.१. उद्घाटन सत्र

२०७४ असोज २७ गते आयोजित एक विशेष समारोहका बीच नेपालकी प्रथम महिला प्रधानन्यायाधीश सुशिला कार्कीले २६ औं साधारणसभाको उद्घाटन गर्नुभएको थियो । पूर्व प्रधानन्यायाधीश श्री शुशिला कार्की प्रमूख अतिथिका रूपमा रहनुभएको उक्त कार्यक्रमलाई नेसनल बोर्डका महासचिव श्री लक्ष्मी निरौलाले सञ्चालन गर्नुभएको थियो भने एम्नेस्टी नेपालका अध्यक्ष श्री राजनप्रसाद कुइँकेलले अध्यक्षता गर्नुभएको थियो । सो उद्घाटन सत्रमा निम्न अतिथि वक्ताहरूले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो :

१. बरिष्ठ पत्रकार तथा मानवअधिकारकर्मी प्रा. श्री पुरुषोत्तम दाहाल
२. अन्तर्राष्ट्रिय सचिवालय, दक्षिण पूर्वी एशिया प्यासिफिक क्षेत्रीय कार्यालयका क्यापासिटी बिल्डिङ्ग कोअर्डिनेटर जेरी बर्नास
३. एम्नेस्टी इन्टरनेसनल नेपालका पूर्व अध्यक्ष श्री प्रदिप पोखरेल
४. भिमदत्त नगरपालिका कञ्चनपुरका उपमेयर श्री शुशिला सिंह चन्द
५. बेदकोट नगरपालिका कञ्चनपुरका उपमेयर श्री शुशिला सिंह
६. जिल्ला समन्वय समितिका अध्यक्ष श्री फेरु तामाङ्ग
७. नागरिक समाज, कञ्चनपुरका अध्यक्ष श्री भवराज रेग्मी
८. एम्नेस्टी इन्टरनेसनल नेपाल, समूह- ४९, कञ्चनपुरका संयोजक, श्री महेश प्रसाद पाठक
९. एम्नेस्टी इन्टरनेसनल नेपाल, कञ्चनपुर महिला निमाणाधिन समूहका संयोजक, श्री भगवती थापा

उक्त कार्यक्रममा पूर्व प्रधानन्यायाधीश सम्माननीय श्री शुशिला कार्कीलाई एम्नेस्टी इन्टरनेसनल नेपालको मानार्थ सदस्यता पनि प्रदान गरिएको थियो ।

उद्घाटनसत्रमा विभिन्न सरकारी निकायका प्रमुखहरू, राजनीतिक दलका प्रतिनिधिहरू, स्थानीय संघसंस्थाका पदाधिकारी एवं बुद्धिजीवीहरू, पत्रकार गरी करिब ३०० जनाको सहभागिता रहेको थियो ।

उद्घाटन सत्र पश्चात् एउटा "पब्लिक एक्सन" गरिएको थियो । जसअन्तर्गत म्यानमारका अल्पसङ्ख्यक मुस्लिम रोहिंग्या समूदायमाथि भइरहेको हिंसा र मानवअधिकार दुर्व्यवहार र ज्यादतीको विरोधमा र्‍याली तथा प्रदर्शन गरिएको थियो ।





**४.२. बन्दसत्र**



असोज २८ गते भएको साधारणसभाको बन्द सत्रको सुरुआत "मानवअधिकार चुनौतीहरू सम्बोधन गर्ने सवालमा युवाहरूको भूमिका" शीर्षकको प्यानल छलफलबाट भएको थियो । त्यसपछि संस्थाको वार्षिक योजना कार्यान्वय तथा आर्थिक प्रतिवेदन एवं आगामी वर्षको कार्ययोजना तथा बजेटका आलावा नेपालको वर्तमान मानवअधिकारको अवस्थासम्बन्धी विभिन्न प्रस्तावउपर छलफल भएको थियो । त्यस्तै पत्रकार सम्मेलनमा साधारणसभाबाट पारित मानवअधिकार प्रस्तावहरू एवं संस्थाको गतिविधिको प्रतिवेदन पनि सार्वजनिक गरिएको थियो । साधारणसभामा देशभरबाट एम्नेस्टी नेपाल आबद्ध स्थानीय समूहका प्रतिनिधिहरू, नेसनल बोर्ड तथा पुनरावेदन समितिका पदाधिकारीहरू, पूर्व अध्यक्ष लगायतका पदाधिकारीहरू र नेसनल बोर्डद्वारा आमन्त्रित अतिथि गरी १०० जना भन्दा बढीको उपस्थिति रहेको थियो ।

प्रमूख अतिथि कार्कीले व्यक्त गर्नुभएको सारगर्भित मन्तव्यलाई ट्रान्स्क्राइब गरी अङ्ग्रजीमा उल्था गरी एम्नेस्टी नेपाल अभियानअन्तर्गतका सबै समूह र नेटवर्कका संयोजकहरू, अन्तर्राष्ट्रिय सचिवालय तथा एम्नेस्टीको अन्तर्राष्ट्रिय मुभमेन्टका सेक्सन डिरेक्टर तथा सेक्सन चेयरहरूलाई प्रेशित गरिएको थियो ।

एम्नेस्टी इन्टरनेसनल नेपालको २६औं साधारण सभाबारे प्रकाशित समाचार :



एम्नेष्टीको २६ औं साधारण सभा आजदेखि

# पूर्व प्रधान न्यायाधीश कार्की महेन्द्रनगरमा

विकल्प समाचार
महेन्द्रनगर, २६ असोज

सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश सुशिला कार्की महेन्द्रनगर आएकी छन् । महेन्द्रनगरमा हुने एम्नेस्टी इन्टरनेसनल नेपालको २६ औ बार्षिक साधारण सभा उद्घाटनका लागि पूर्व प्रधान न्यायाधीश कार्की महेन्द्रनगर आएकी हुन् । दुई दिनसम्म चल्ने एम्नेष्टीको साधारण साधारण सभा शुक्रबार देखि सुरु हुने लागेको छ ।

साधारण सभाको उद्घाटन कार्यक्रममा पूर्व प्रधानन्याधीश कार्की सहित भीमदत्त नगर पालिकाका मेयर सुरेन्द्र विष्ट, उप मेयर सुशिला सिंह चन्द, एम्नेटी नेपाल राष्ट्रिय कार्य समितिका अध्यक्ष राजन कुइकेल, पूर्व अध्यक्षहरु प्रदिप पोखरेल, ध्रुव कुमार कार्की, सूर्य अधिकारी, नागरिक समाज लगायतका सहभागी हुने भएका छन् ।

साधारण सभामा एम्नेस्टी इन्टरनेसनल नेपालको वार्षिक तथा आर्थिक प्रतिवेदनको प्रस्तुति र नेपालको वर्तमान मानवअधिकारको अवस्थाका बारेमा छलफल हुने एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले बताए ।

साधारण सभाबाट मानव अधिकार सम्वन्धि विभिन्न प्रस्तावहरु पारित गरिने निर्देशक थपलियाले जानकारी दिए ।

साधारण सभाको उद्घाटन पश्चात महेन्द्रनगरमा मानव अधिकार रक्षाका लागि अन्तरराष्ट्रिय ऐक्यबद्धता सहितको र्‍यालीको आयोजना गरिने एम्नेस्टी इन्टरनेसनल नेपालका सूचना बिभाका अधिकारी गौरव चन्द्र गुरुङले बताए ।

एम्नेष्टि नेपाल कञ्चनपुर समूह ४९ का अध्यक्ष माधव प्रसाद जोशी पूर्व प्रधानन्यायाधीश कार्कीको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम र त्यसपछि बन्द सत्र सुरु हुने जानकारी दिए ।

म्यान्मार सरकारले मुस्लिम रोहिंग्या समूदायमाथि गरेको व्यवहारको विरुद्ध महेन्द्रनगरमा र्‍याली आयोजन गरिने कार्यक्रम छ । अध्यक्ष जोशी जोशीले उद्घाटन सत्रपछि दिउँसो ३:०० बजे बजारमा र्‍याली निकालिने र मदनचोकमा शान्तिको प्रतिकको रुपमा गोदो घेराभित्र वाई लेखिने जानकारी दिएका छन् ।



# एम्नेष्टी इन्टरनेशनलको महेन्द्रनगरमा साधारण सभा

जनसरोकार समाचार
महेन्द्रनगर २७ असोज

एम्नेष्टी इन्टरनेशनल नेपालको शुक्रबारदेखि महेन्द्रनगरमा साधारण सभा शुरु भएको छ । एम्नेष्टीले पहिलो पटक ७ नम्बर प्रदेश कञ्चनपुरको महेन्द्रनगरमा २६औं बार्षिक साधारण सभा गरेको हो । पुर्व प्रधानन्ययाधिश शुशिला कार्कीले साधारण सभाको उदघाटन गर्नुभयो । साधारण सभाको उदघाटन गर्दै पुर्व न्यायाधिश कार्कीले एम्नेष्टीलाई जनताको पहरा बन्न आग्रह गरिन् ।

समयानुकुल अनुसार परिमार्जित गर्दै अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारका लागि काम गर्न समेत पुर्व न्यायाधिश कार्कीले सुझाव दिइन । पञ्चायतमा तानाशाही बिरुद्ध मानव अधिकार उलङ्घन हुँदा सरक्षणका लागि आएको धारणालाई अझै पुरस्कृत बनाउनुपर्नेमा पुर्व न्यायाधिश कार्कीले जोडदिए ।

राजनीतिक दलले सत्ता प्राप्त अघि र पछि फरक व्यवहार देखाउने हुँदा त्यसबाट मानव अधिकारको ख्याल गर्नुपर्नेमा चनाखो हुनुपर्ने बताए । एम्नेष्टीले नेपालको मानव अधिकारका लागि ठुलो सहयोग गरेको बताउदै उनले नेपाली आप्रसावीको अधिकारका लागि समेत विषेश जोडदिन आग्रह गरिन् । पुर्व न्यायाधिश कार्कीले नेपालका राष्ट्रिय मानव अधिकारका विषयमा समेत ध्यान दिन समेत एम्नेष्टीको ध्यान केन्द्रीत गरिन् । एम्नेष्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले साधारण सभाको बन्द सत्रमा संस्थाको बार्षिक

बाँकी पृष्ठ ३ मा




गीताञ्जली मेडिकलमा बिशेषज्ञ डाक्टर
CBM 2017


### ४.३. समापनसत्र

२०७४ आश्विन २८ गते एकसमारोहका बीच एम्नेस्टी नेपालको २६औं वार्षिक साधारणसभाको समापन गरियो । सो अवसरमा एम्नेस्टी नेपालका अध्यक्ष राजनप्रसाद कुईंकेलले साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने महेन्द्रनगरको स्थानीय समूह-४९ र कन्चनपुर महिला निर्माणाधिन समूह तथा त्यसका सम्पूर्ण सदस्य एवं पदाधिकारीहरूलाई धन्यवाद दिनुभएको थियो ।

कार्यक्रम समापन क्रममा स्थानीय समूह ४९ र कञ्चनपुर महिला निर्माणधिन समूहले साधारणसभामा उपस्थित सबै प्रतिनिधि र अतिथिहरूलाई मायाको चिनो प्रदान गरी सम्मान व्यक्त गरेको थियो ।

## ५. एम्नेस्टी नेपालको Governance र Management

एम्नेस्टी नेपालको नीतिगत कामका लागि यस संस्थाको सदस्यहरूमध्येबाट हरेक २/२ वर्षमा निर्वाचित हुने नेसनल बोर्ड रहेको हुन्छ भने संस्थाका सबै गतिविधि सञ्चालन गर्नका लागि राष्ट्रिय सचिवालय रहेको छ । त्यसैगरी विधान र नियमावलीले तोके बमोजिमका काम गर्न राष्ट्रिय परिषद् बैठक (वार्षिक साधारणसभा) बाट पुनरावेदन समिति निर्वाचित हुने गरेको छ । यी सबै निकायले आ-आफ्ना जिम्मेवारीअनुसारका कार्यहरू गर्ने गर्दछन् ।

### ५.१. पुनरावेदन समिति

नेसनल बोर्डले एम्नेस्टी नेपालमा आबद्ध कुनै समूह खारेजी गरेमा वा कुनै एम्नेस्टी सदस्यलाई सदस्यताबाट निस्कासनको निर्णय भएमा सम्बन्धित समूह वा सदस्यले त्यस्तो निर्णय चित्त नबुझी पुनरावेदन गर्न चाहेमा एम्नेस्टी नेपालको विधान बमोजिम पुनरावेदन समितिको व्यवस्था गरिएको छ । हरेक राष्ट्रिय परिषद् बैठकबाट २/२ वर्षमा नयाँ समितिको गठन हुने गर्दछ । पुनरावेदन समितिले पुनरावेदन निवेदनहरूउपर आवश्यक छानबिन गर्ने र आवश्यक परेमा नेसनल बोर्डको निर्णयलाई बदरसम्म गर्ने अधिकार राख्दछ ।

**पुनरावेदन समितिको बैठक**

वर्ष २०७४/७५ को अवधिभित्र पुनरावेदन समितिको बैठक एक पटक बस्यो ।

### ५.२. नेसनल बोर्ड

वार्षिक साधारणसभाको अन्तरालमा नीतिगत निर्णयहरू गर्न नेसनल बोर्डको गठन भएको हुन्छ । यसका अलावा मानवअधिकार तथा संस्थागत नीतिको मस्यौदा गरी साधारण सभामा पेश गर्ने काम पनि नेसनल बोर्डकोको कार्यक्षेत्रभित्र पर्दछ । हरेक राष्ट्रिय परिषद् बैठकबाट २/२ वर्षमा नयाँ समितिको गठन हुने गर्दछ ।

**नेसनल बोर्डको बैठक**

वर्ष २०७४/७५ मा राष्ट्रिय कार्यसमितिका छवटा बैठकहरू बसी विभिन्न निर्णयहरू गरिए ।

### ५.३. राष्ट्रिय सचिवालय

संस्थाको दैनिक कार्यसञ्चालनका लागि राष्ट्रिय सचिवालय रहेको छ र जसमा विभिन्न विभागमा विभागीय कर्मचारीहरूको व्यवस्था गरिएको छ ।

- **कर्मचारीहरूद्वारा राजिनामा**

  यस आर्थिक वर्षमा **दुई जना** कर्मचारीले एम्नेस्टी नेपालबाट राजिनामा लिए । यसरी राजिनामा लिनेमा विगत तीन वर्षदेखि पार्ट टाइम बेसिसमा वेभमास्टरका रूपमा कार्यरत रहँदै आनुभएका श्री राजन न्यौपानेले मिति २०७४ कात्तिक ५ देखि लागू हुनेगरी राजिनामा दिनुभयो भने मिति २०७४ जेठ १८ देखि लेखापालको रूपमा कार्यरत रहँदै आउनुभएकी शर्मिला मगरले २०७५ वैशाख २४ गतेदेखिबाट लागू हुनेगरी राजिनामा दिनुभयो ।

- **कर्मचारी नियुक्ती**

  वेभमास्टर राजन न्यौपानेले राजिनामा दिनुभएपछि उनको रिप्लेसमेन्टमा अस्थायी रूपमा काम गर्नका लागि मिति २०७४ कात्तिक २८ देखि मनोज शर्मालाई नियुक्त गरिएको थियो । पछि उक्त पदको स्थायी पदपूर्तिका लागि विज्ञापन आह्वान गरी प्राप्त आवेदनका आधारमा लिखित र मौखिक परीक्षामा संलग्न गराई उक्त प्रक्रियामा सबै भन्दा राम्रो नतिजा ल्याउन सफल प्रशान्त त्रिपाठीलाई सन् २०१८ को फेब्रुअरी १ अर्थात २०७५ माघ २८ देखि नियुक्त गरी काममा लगाइयो ।

  त्यसैगरी शर्मिला मगरको राजिनामापश्चात गत वर्ष उनलाई नियुक्त गर्दा अपनाइएको कर्मचारी भर्ना प्रकृयामा वैकल्पिकमा रहेकी अलिना गौतमले उक्त पदमा आउन इच्छुक रहेको जनाएपछि उनैलाई मिति २०७५ जेठ १ गतेदेखि लेखापालमा नियुक्त गरिएको छ ।

- **कर्मचारी बैठक**

  राष्ट्रिय सचिवालयमा कर्मचारीहरूको बैठक हरेक हप्ता बस्ने गरेको छ । उक्त बैठकका अलावा आवश्यकताअनुसार थप बैठकहरू बसी योजना कार्यान्वयन लगायत विषयमा आवश्यक छलफल गरिने गरिन्छ । हरेक बैठकहरूमा भएका छलफलहरूको माइन्युटिङ्ग गर्ने पद्धति रहेको छ ।

## ६. ग्लोबल गर्भनेन्स प्रकृयामा सहभागिता

एम्नेस्टी इन्टरनेसनल नेपालले यस आर्थिक वर्षमा एम्नेस्टी इन्टरनेसनलको विभिन्न अन्तराष्ट्रिय फोरमहरूमा सहभागिता जनायो ।

### ६.१. एम्नेस्टी इन्टरनेसनलको तेत्तिसौं र अन्तिम *आइसिएम*मा सहभागिता

इटलीको रोममा सन् २०१७ अगस्ट १० देखि १५ (२०७४ श्रावण २६ देखि ३१) मा सम्पन्न भएको एम्नेस्टी इन्टरनेसनलको ३३ औं र अन्तिम अन्तर्राष्ट्रिय परिषद् बैठक (ICM) मा एम्नेस्टी नेपालबाट चार जना डेलिगेटको सहभागिता रहेको थियो । उक्त बैठकले एम्नेस्टीको विधानमा संशोधन गरी एम्नेस्टी अभियानलाई नयाँ संरचना र दिशामा निर्देशित गर्न कार्यादेश दिनुका साथै एम्नेस्टी मुभमेन्टमा

केही आधारभूत परिवर्तन गरेको छ । यस्तो परिवर्तनमा प्रमुख भने यस संस्थाको संरचनागत परिवर्तन नै हो । अबदेखि एम्नेस्टी इन्टरनेसनलको उच्च तहको निर्णय गर्ने निकाय (highest level of decision making body) **ग्लोबल एसेम्ब्ली (Global Assembly)** हुनेछ र यसको बैठक वर्षमा एकपटक हुनेछ जसमा प्रत्येक सेक्सनबाट एक जना स्ट्याण्डिङ्ग रेप्रेजेन्टेटिभ (सामान्यतया चेयर) समेत गरी तीन जना (र इन्टरनेसनल मेम्बरसिप ग्रुपबाट एक जना) प्रतिनिधहरूले सहभागिता जनाउनेछन् । साथै यस आइसिएमले ***ग्लोबल एसेम्ब्ली***को भोटिङ् मोड्यालिटिमा निर्णय गर्दै **"एक सेक्सन एक भोट"**लाई अत्यधिक बहुमत (८४ प्रतिशत भन्दा बढी) ले पारित गरेको थियो । "वएटेड मोड्यालिटि (weighted mdoality)" अर्थात मेम्बरसिप स्ट्रेन्थको आधारमा सेक्सनहरूले "भोटिङ राइट" पाउने मोड्यालिटिमा जानका लागि केही सेक्सनहरूले जोडदार लबिङ्ग गरेका भए पनि सो पारित भएन । आइसिएमको प्लेनरीले यसरी प्रजान्त्रिक शैलीमा आफ्नो पोजिसन राखेका सेक्सनहरूको प्रस्तावलाई उचित सम्मान दर्शाएको थियो ।

## ६.२. पहिलो रिजनल फोरम र ग्लोबल एसेम्ब्लीमा सहभागिता

एम्नेस्टी इन्टरनेसनलको पहिलो एसिया प्यासिफिक रिजनल फोरममा एम्नेस्टी नेपालले सहभागिता जनायो । २०७५ जेठ ११ देखि १४ सम्म ब्याङ्ककमा आयोजना गरिएको उक्त रिजनल फोरममा एम्नेस्टीको एसिया प्रशान्त क्षेत्रमा रहेका सेक्सनहरू फिलिपिन्स, थाइल्याण्ड, मङ्गोलिया, हङ्कङ, ताइवान, साउथ कोरिया, जापान, मलेशिया, नेपाल, भारत, इन्डोनेसिया, अस्ट्रेलिया र न्युजिल्याण्डबाट सहभागिहरूको उपस्थिति रहेको थियो । उक्त फोरममा नेपालबाट अध्यक्ष राजनप्रसाद कुईंकेल, सदस्य पार्वता आचार्य र मेरो सहभागिता रहेको थियो ।

**Amnesty Nepal** @amnestynepal · May 28
Team @amnestynepal after the conclusion of the 1st ever @amnesty #asiapaicific regional forum in Bangkok.




त्यसैगरी २०७५ असार २२, २३ र २४ मा पोल्याण्डको वार्सामा आयोजना गरिएको एम्नेस्टी इन्टरनेसनलको नयाँ गर्भनान्स मोड्यालिटिअन्तर्गतको पहिलो **ग्लोबल असेम्ब्लीमा** एम्नेस्टी नेपालको डेलिगसन टिम (स्ट्याण्डिङ्ग रिप्रेजेन्टिटिभ अध्यक्ष राजनप्रसाद कुईंकेल, युवा बोर्ड सदस्य बिपिन बुढाथोकी र म) ले सहभागिता जनायो ।

उक्त भेलामा "अबोर्सन" र "ड्रग कन्ट्रोल"सम्बन्धी पोलिसिमा छलफल र भोटिङ्ग भएको थियो । यस ग्लोबल असेम्ब्लीले इन्टरनेसनल बोर्डले इमर्जेन्सी मोसनको रूपमा लगेको रणनीतिक लक्ष्य २०१६-२०१९ को समयावधि एक वर्ष थप गरी सन् २०२० सम्म लम्ब्याउने प्रस्तावलाई पनि सर्वसम्मत्तिले पारित गरेको थियो । असेम्ब्लीमा अन्य विविध विषयहरूमा प्यानल छलफल, कार्यशाला, अनुभव साँटासाँट आदिहरू गरिएका थिए । त्यस्तै असार २५ गते सोही स्थानमा **डाइरेक्टर्स फोरममा** पनि एम्नेस्टी नेपालबाट मैले नेपालको आर्थिक, सामाजिक अधिकारसम्बन्धी विषयवस्तुहरूमा प्रस्तुति राखेको थिएँ ।




## ७. सामग्री उत्पादन र वितरण

वर्ष २०७४/७५ मा पनि एम्नेस्टी नेपालले यसका प्रकाशन तथा अभियान सामग्री प्रकाशित गर्ने र तिनको वितरण गर्ने कार्यलाई निरन्तरता दियो ।

### ७.१. संस्थागत लिफलेट लगायत विविधि सामग्रीहरू प्रकाशन तथा वितरण

एम्नेस्टी नेपालले यो वर्ष आफ्नो संस्थागत लिफलेट, आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी वैदेशिक रोजकारका तीन चरण नामको हातेपुस्तिका र मानवअधिकार शिक्षासम्बन्धी विभिन्न अभियान सामग्रीहरू तयार गरी प्रकाशन गऱ्यो र ती सामग्रीहरूको व्यापक वितरण पनि गऱ्यो ।

### ७.२. वार्षिक प्रतिवेदन

वर्ष २०७३/७४ को एम्नेस्टी नेपालको गतिविधि तथा लेखापरीक्षण एवं आर्थिक प्रतिवेदन समेटेर एक वार्षिक प्रतिवेदन तयार गरियो । कुल ९५ पृष्ठको सो प्रतिवेदन १५० थान प्रकाशित गरिएको थियो । एम्नेस्टी नेपालको २५औं वार्षिक साधारणसभाका सहभागी, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, समाज कल्याण परिषद् लगायतका निकायमा वितरण तथा प्रेषित गर्ने उद्देश्यले प्रतिवेदन प्रकाशित गरिएको थियो ।

यसका अलावा वर्ष २०७३/७४ मा एम्नेस्टी नेपालमा कुन स्रोतबाट कति आम्दानी भयो र त्यो रकम कहाँ कति खर्च भयो भनी जानकरी गराउने उद्देश्यले २०७४ असोज २८ गते आयोजित पत्रकार सम्मेलनमा समेत सो प्रतिवेदन वितरण गरिएको थियो । साथै एम्नेस्टी नेपालको वर्ष भरीको गतिविधि तथा आय व्ययको बारेमा जानकारी राख्न चाहनेहरूलाई पनि सो प्रतिवेदन उपलब्ध गराइएको थियो ।

### ७.३. डायरी, पेन लगायत अन्य सामग्री खरिद

एम्नेस्टी को नयाँ सदस्यता लिने वा सदस्यता नवीकरण गर्ने सबैलाई Membership Pack प्रदान गरिँदै आइएको छ । त्यस्तो Membership Pack मा सदस्यता परिचयपत्र, शुल्क तिरेको रसिद, डायरी, कलम र एम्नेस्टी को नाम अङ्कित पीन राखिएको हुन्छ । त्यसरी Membership Pack मा राखी वितरण गर्ने प्रयोजनका लागि र अन्य कार्यक्रमहरूमा वितरणका लाथि थुप्रै थान डायरी, पेन, पीन लगायतका अन्य सामग्रीहरू गरीद गरियो ।

### ७.४. अन्य सामग्री

एम्नेस्टी नेपालले आयोजना गर्ने प्रशिक्षण तथा अन्य इनडोर कार्यक्रमहरूमा वितरण गर्नका लागि राइटिंग प्याड उत्पादन गरियो । त्यस्तै सदस्यताको आवेदनका लागि सदस्यता फर्म, कार्यालय प्रयोजनको लागि आवश्यक खाम, लेटरप्याड, सदस्यता परिचयपत्र, भौचर, प्रशिक्षण कार्यक्रममा वितरण गर्न प्रमाणपत्र जस्ता सामग्री आवश्यकता अनुसार उत्पादन गरियो ।

एम्नेस्टी नेपालले उत्पादन गरेको राइटिंग प्याड र डटपेन समूह वा युथ नेटवर्कले आयोजना गर्ने कार्यक्रमहरूमा वितरण गर्नका लागि पनि उपलब्ध गराइए ।

### ७.५. सचिवालयको मर्मत संभार, रङ्गरोगन र सिक्युरिटि अपग्रेड कार्य सम्पन्न

एम्नेस्टी नेपाल सचिवालयको भवनलाई २०७२ को भूकम्पले केही क्षति पुऱ्याएको र सो मर्मत संभार गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस वर्ष चर्किएका भागहरूको मर्मत गरी सम्पूर्ण भवनको बाहिरी भित्री रङ्गरोगन गर्ने कार्य गरियो । त्यसैगरी कम्पाउन्ड वाल प्लास्टर गर्ने, प्रवेश द्वार मर्मत गर्ने, सेन्सर गेट राख्ने, सिसि क्यामेरा मर्मत गर्ने, अग्नी सूचक यन्त्र जडान गर्ने लगायतका कामहरू पनि सम्पन्न भए ।

### ७.६. प्रिन्टर, कम्प्युटर लगायत विभिन्न सामग्रीहरूको खरिद

सचिवालयमा अत्यन्त आवश्यक रहेको मल्टिफङ्सनल जेरोक्स प्रिन्टर, उक्त प्रिन्टरका लागि आवश्यक पर्ने ब्याकअप पाओर सप्लाइ यन्त्र, कर्मचारीका लागि ल्यापटप लगायत विभिन्न आइटिसम्बन्धी सामग्रीहरूको खरिद कार्य पनि सम्पन्न भएको छ ।

## ८. समूह तथा युथ नेटवर्कहरूले आयोजना गर्ने कार्यक्रमहरूमा सहयोग

कुनै पनि एम्नेस्टी समूह वा युथ नेटवर्कले आयोजना गर्ने कुनै पनि प्रकारको कार्यक्रममा एम्नेस्टी नेपालको तहबाट हुन सक्ने कुनै पनि सहयोग तत्काल उपलब्ध गराउने व्यवस्था मिलाई सो को कार्यान्वयन गरिँदै आइएको छ । यसमा खास गरेर एम्नेस्टी अभियानसम्बन्धी उपलब्ध सामग्रीहरू माग भए अनुसार समूह वा युथ नेटवर्कहरूमा उपलब्ध गराउने र माग भए अनुसार अन्य सहयोग उपलब्ध गराउने काम गरियो ।

एम्नेस्टी नेपालका तर्फबाट सञ्चालन गरिने विशेष अभियानका विषयमा एक्सन सर्कुलरहरू तयार गरी त्यस्ता अभियानमा भाग लिन इच्छुक समूह एवं युथ नेटवर्कहरूमा पठाउने कामलाई गत २०७४/७५ मा पनि निरन्तरता दिइयो । यस्तो एक्सन सर्कुलरमा सम्बन्धित अभियानको उद्देश्य, त्यसअन्तर्गत के कस्ता कार्यक्रम गर्न सकिन्छ भन्ने जस्ता जानकारी समावेश गरिएको हुन्छ । यसका अलावा कतिपय अभियानसँग सम्बन्धित अभियान सामग्री पनि राष्ट्रिय सचिवालयबाट तयार गरेर प्रेषित गरियो । यसबाट समूह वा सदस्यहरूका तर्फबाट मानवअधिकारका सम्बन्धित विषयमा व्यक्त गरिने धारणाहरू एम्नेस्टी को धारणासँग बाझिन सक्ने सम्भावनाको अन्त्य हुने देखिन्छ भने समूहहरूमा सम्बन्धित विषयमा कस्ता अवधारणा व्यक्त गर्ने वा के कस्ता सम्भावित कार्यक्रम गर्न सकिन्छ होला भनी पर्ने द्विविधा अन्त्य हुने विश्वास गरिएको छ ।

## ९. स्थानीय समूह र युथनेटवर्कहरूलाई 'Campaigning Package'

एम्नेस्टी नेपालले राष्ट्रियस्तरमा गर्ने कुनै पनि अभियानका लागि सामान्यतया: यस संस्थामा आबद्ध स्थानीय समूह र युथ नेटवर्कहरूलाई "क्याम्पेनिङ्ग प्याकेज" (Campaign Package) प्रेषित गर्ने गरिन्छ । कुनै कुनै अभियानहरूका हकमा प्रारम्भमा नै सम्बन्धित अभियानमा सहभागी हुन समूह वा युथ नेटवर्कहरू इच्छुक छन् भने जानकारी गराउन एम्नेस्टी नेपालबाट प्रेषित हुने नियमित सर्कुलर मार्फत् सबै समूह र युथ नेटवर्कहरूमा अनुरोध गर्ने गरिन्छ र त्यसपछि सम्बन्धित अभियानमा सहभागी हुन इच्छा व्यक्त गर्ने समूह र युथ नेटवर्कलाई मात्र सम्बन्धित अभियानका लागि त्यस्तो प्याकेज प्रेषित गर्ने गरिन्छ । कतिपय अभियानमा भने सबै समूह र युथ नेटवर्कहरूलाई यस्तो प्याक पठाउने गरिन्छ । यस्तो प्याकेजमा सामान्यतया: निम्नानुसारका सामग्रीहरू संलग्न गरिएको हुन्छ ।

- **एक्सन सर्कुलर** (Action Circular) : अभियान गर्न लागिएको विषयमा विस्तृत जानकारी, अभियानको उद्देश्य, समय सीमा, स्थानीयस्तरमा गर्न सकिने सम्भावित कार्यक्रमहरूको सूची, कार्यक्रम आयोजना गर्दा ध्यान दिनु पर्ने कुराहरू, जस्ता विषयवस्तु उल्लेखित दस्तावेज । एक्सन सर्कुलर सम्बन्धित विषयमा अभियान गर्न इच्छुक समूह र युथ नेटवर्कहरूलाई उपलब्ध गराइने आन्तरिक दस्तावेज हो, जसलाई कतिपयले *अभियानसम्बन्धी निर्देशिका* भनेर पनि बुझ्ने गर्दछन् ।
- **अवधारणा पत्र** : जुन विषयमा केन्द्रीत अभियान हो, त्यस सम्बन्धमा विद्यमान अवस्था, एम्नेस्टी इन्टरनेसनलको त्यस विषयका सम्बन्धमा संस्थागत धारणा र मानवअधिकारको अवस्था सुधारका लागि एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएको सिफारिसहरू सहितको विस्तृत दस्तावेज । यो अवधारणापत्रले सम्बन्धित विषयमा एम्नेस्टी इन्टरनेसनलको संस्थागत धारणा स्पष्ट पार्दछ । यो दस्तावेज सार्वजनिक रुपमा वितरण वा प्रस्तुत गर्नको लागि तयार गरिएको हुन्छ ।
- **आवश्यक अन्य सामग्रीहरू** : उपलब्ध भएसम्म कार्यक्रममा वितरणार्थ तयार पारिएका पर्चा, पोस्टर, बुकलेट, प्रतिवेदन, पुस्तिका, स्टेशनरी जस्ता सामग्रीहरू एवं प्रतिवेदन वा क्याम्पेन डाइजेस्ट जस्ता सन्दर्भ सामग्रीहरू । कतिपय क्याम्पेनिङ्ग प्याकमा ब्यानरहरूसमेत तयार पारेर पठाइएको हुन्छ ।

## १०. वेबसाइट अपडेट र वेबसाइटबाटै अभियानमा भाग लिन सकिने व्यवस्था

एम्नेस्टी नेपालको वेवासाइट नियमित रूपमा अपडेट हुँदै आएको छ । त्यसैगरी एम्नेस्टी नेपालको वेवसाइटबाटै एम्नेस्टीको अनलाईन पिटिसनका कामहरू गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

### १०.१. अनलाईन एक्सन सेन्टर

एम्नेस्टी नेपालको वेबसाइटमा प्रारम्भ गरिएको अनलाईन याक्सन सेन्टरमार्फत् नेपाल तथा अन्य देशका मानवअधिकारसम्बन्धी विषयका अभियानमा अनलाईन विधि मार्फत् सम्बन्धित राष्ट्रका अधिकारीहरूलाई पत्र प्रेषण गर्न सकिन्छ ।

सो एक्सन सेन्टरको प्रयोग गरी कसले पत्रहरू पठायो र कतिवटा पठाइयो भन्ने रेकर्ड एम्नेस्टी नेपालमा ट्र्याक गर्न सकिने सुविधा छ । उक्त सेन्टरको ठेगाना http://amnestynepal.org/appeal-for-action/ रहेको छ । सेन्टरमार्फत् करिव २ मिनेटको समय खर्च गरी एउटा पत्र पठाउन सकिन्छ ।

### १०.२. वेब एस.एम.एस. को प्रयोग

कुनै महत्वपूर्ण सूचना प्रवाहका लागि एम्नेस्टी नेपालले वेब एस.एम.एस.को प्रयोग गर्ने गरेको छ । कुनै कार्यक्रमको संक्षिप्त निमन्त्रणा पठाउन वा कुनै महत्वपूर्ण जानकारी उपलब्ध गराउन यो सेवाको प्रयोग गर्ने गरिएको छ ।

## ११. सामाजिक सञ्जालमा एम्नेस्टी नेपाल

एम्नेस्टी नेपालले सामाजिक सञ्जालको प्रयोगलाई निरन्तरता दिएको छ । एम्नेस्टी नेपालको नाममा खोलिएको फेसबुक पेज (fb.com/amnesty.nepal) तथा ट्वीटर (@amnestynepal) मार्फत् हाम्रा विभिन्न अभियानहरूलाई निरन्तर जनमानसमा पुऱ्याउने कार्यलाई जारी राखिएको छ ।

सामाजिक सञ्जालका साइटहरूमा आगामी कार्यक्रमका बारेमा जानकारीहरू र सम्पन्न गरिएका कार्यक्रमका रिपोर्टिङ्गहरू अपलोड गरिनुका साथै ती साइटहरूमार्फत् कार्यक्रमको निमन्त्रणा पनि गर्ने गरिएको छ ।

## १२. कम्प्युटर सफ्टवेयरको प्रयोग

लेखा तथा सदस्यताको अभिलेखलाई सफ्टवेयरमा राख्ने गरिएको छ । सदस्यताको सफ्टवेयरमार्फत् धेरै प्रकारका रिपोर्टहरू प्राप्त गर्न सकिन्छ भने त्यसै रेकर्डबाट शुल्क तिरेको रसिद र सदस्यता कार्ड कम्प्युटर प्रिन्ट गर्ने व्यवस्था मिलाइएको छ ।

- **इलेक्ट्रोनिक एटेन्डेन्स मेसिन**

  जनवरी २०१५ देखि एम्नेस्टी नेपालमा इलेक्ट्रोनिक एटेन्डेन्ट मेसिन जडान गरी कर्मचारीहरूको हाजिरी रेकर्ड त्यस मेसिनमार्फत् गर्ने व्यवस्था गरिँदै आएको छ ।

## १३. पारदर्शिता तथा जवाफदेहिता

संस्थागत पारदर्शिता तथा जवाफदेहिताका निम्ति एम्नेस्टी नेपालले नेपाल सरकारका नियकायहरू, एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालय, यस संस्थामा आबद्ध समूह एवं युथ नेटवर्कलाई नियमित रुपमा रिपोर्टिङ्ग गऱ्यो । कुनै पनि नीति निर्माणका लागि समूह एवं युथ नेटवर्कहरूबाट सुझाव संकलन गर्ने, आर्थिक तथा अभियान गतिविधिका प्रतिवेदनहरू प्रेषित गर्ने, राष्ट्रिय कार्यसमितिका निर्णयहरूका प्रतिलिपिहरू प्रेषित गर्ने, कुनै अभियान सञ्चालन गर्नु अघि त्यस्तो अभियान सञ्चालन गर्नुको औचित्य स्पष्ट पार्ने लगायतका संस्थागत पारदर्शिता र जवाफदेहिताको अभ्यासलाई निरन्तरता दिइयो ।

### १३.१. आन्तरिक पारदर्शिता तथा जवाफदेहिता

संस्थाको आन्तरिक पारदर्शिता र जवाफदेहिताका लागि व्यवस्थित प्रणालीको विकास गरी तिनको पालना र अभ्यास गर्ने गरिँदै आएकोमा गत आ.व.मा पनि तिनले निरन्तरता पाउनुका साथै त्यस प्रणालीअन्तर्गतको अभ्यासलाई थप सुदृढ पारियो ।

- **निर्देशकद्वारा साप्ताहिक प्रतिवेदन पेश**

  संस्थाको योजना कार्यान्वयनको लागि जिम्मेवार निकाय राष्ट्रिय सचिवालयका निर्देशकले प्रत्येक हप्ता नेसनल बोर्डलाई लिखित प्रतिवेदन पेश गर्ने गरिएको छ । सामान्यतया प्रत्येक आइतबार पेश गरिने यस्तो प्रतिवेदनमा हप्ताभर भएका प्रमुख कामहरू, अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त जानकारीहरू, एम्नेस्टीले प्रकाशन गरेका प्रतिवेदन वा विज्ञप्तिहरू (खासगरी एम्नेस्टी नेपाललाई प्रत्यक्ष सरोकार हुने प्रकाशनहरूमात्रै), वा निकट भविष्यमा गरिन लागेको कुनै कार्यक्रमका सम्बन्धमा साप्ताहिक प्रतिवेदन लेखिँदासम्म भएका प्रगति वा तयारीका बारेमा जानकारीहरू समेटिएका हुन्छन् । यस्तो प्रतिवेदन नेसनल बोर्डको र पुनरावेदन समितिका पदाधिकारीहरूलाई इमेल मार्फत् प्रेषित गर्ने गरिएको छ ।

- **नियमित सर्कुलर**

  एम्नेस्टी नेपालबाट गरिने कुनै पनि अभियान वा संस्थागत विषयमा यस संस्थामा आबद्ध समूह, युथ नेटवर्क, राष्ट्रिय बोड एवं पुनरावेदन समितिका पदाधिकारीहरूलाई जानकारी गराउन

संस्थाको स्थापनाकालदेखि नै नियमित रुपमा सर्कुलरहरू प्रेषित गरिँदै आएको छ । त्यस्ता सर्कुलरमा :

- ✓ नेसनल बोर्डको बैठकको निर्णयको माइन्युट प्रतिलिपि,
- ✓ संस्थाको कुनै पनि प्रकारको नीति वा दीर्घकालिन रणनीतिक योजना वा कार्ययोजना तयार हुन लागेको रहेछ भने त्यस्तो नीति वा योजनामा समावेस गरिनु पर्ने विषयहरूका बारेमा सुझाव माग गरिएको पत्र,
- ✓ त्यस्ता योजनाको मस्यौदा तयार भएपछि थप सुझाव संकलनका लागि त्यस्ता मस्यौदाहरू,
- ✓ संस्थाको आर्थिक प्रतिवेदन तयार भएपछिको समयमा आर्थिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,
- ✓ कुनै अभियान सञ्चालन गर्नु अघि त्यस्तो अभियान सञ्चालन गर्नुको औचित्यता स्पष्ट पार्ने सर्कुलरहरू,
- ✓ स्थानीयस्तरमा गरिन लागिएको अभियानमा सहभागी इच्छुक भए सो को जानकारी गराउन एम्नेस्टी समूह वा युथ नेटवर्कलाई सूचित गरिएको पत्र
- ✓ संस्थामा आबद्ध समूह वा युथ नेटवर्कको सदस्यताको विवरण र सदस्यता नवीकरणका लागि गरिएको अनुरोध,
- ✓ समूह वा युथ नेटवर्कहरूद्वारा साधारणसभा लगायत संस्थागत रुपमा पूरा गर्नु पर्ने न्यूनतम आधार र प्रक्रिया पूरा नगरेको भए त्यस्ता आधार र प्रक्रिया नियम बमोजिम पूरा गर्न स्मरण गराइएका पत्रहरू,
- ✓ समूह वा युथ नेटवर्कको कार्यक्रम तथा आर्थिक प्रतिवेदनहरू नियम अनुसार केन्द्रीय कार्यालयमा पठाउने विषयक पत्र

- ✓ राष्ट्रिय सचिवालयका तर्फबाट गरिन लागेका केन्द्रीय कार्यक्रम लगायत संस्थाको वार्षिक साधारणसभा वा अन्य कार्यक्रमका बारेमा जानकारी गराइएका पत्र जस्ता सामग्री प्रेषित गरिने गर्दछ । यसका अलावा संस्थाले निकालेका प्रकाशनहरू, प्रतिवेदनहरू र अन्य अभियान सामग्रीहरू पनि यसै नियमित सर्कुलर मार्फत् प्रेषित गर्ने गरिन्छ ।

- **आवधिक प्रतिवेदन**

राष्ट्रिय सचिवालयका निर्देशकले सामान्यतयाः ३ महिनाको आवधिक प्रतिवेदन तयार गरी राष्ट्रिय बोर्डको बैठकमा पेश गर्ने गरिएको छ । यस्तो प्रतिवेदनमा उल्लेखित अवधिभर गरिएका कार्यक्रमहरूको विस्तृत प्रतिवेदन, त्यस्ता कार्यक्रम वा एम्नेस्टी नेपालका कामका कारण कुनै प्रभावहरू परेको भए त्यस्ता प्रभावको विवरण, पछिल्ला समयमा देखिएका मानवअधिकारलाई प्रभाव पार्ने घटनाक्रमको विश्लेषण, सदस्यताको अवस्था, संस्थामा आबद्ध समूह र युथ नेटवर्कलाई गरिएको अभियान सहयोग, प्रेषित गरिएका एक्सन सर्कुलर लगायतका विषयमा उल्लेख गरिएको हुन्छ । त्यस्तो प्रतिवेदन नेसनल बोर्डकोको बैठकले पारित गरेपछि अन्तर्राष्ट्रिय सचिवालयका विभिन्न विभागमा प्रेषित गर्ने गरिन्छ ।

- **वार्षिक प्रतिवेदन**

हरेक वर्ष एम्नेस्टी नेपालको वार्षिक प्रतिवेदनहरू तयार गर्ने गरिन्छ । राष्ट्रिय सचिवालयका निर्देशकले संस्थाको योजना कार्यान्वयनको बारेमा प्रतिवेदन तयार गर्दछन् भने राष्ट्रिय बोर्डका तर्फबाट पनि थप २ वटा प्रतिवेदनहरू तयार गरिन्छ । बोर्डले तयार गर्ने प्रतिवेदनहरूमा पहिलो वर्षभर भएका नीतिगत कामको प्रतिवेदन जसलाई महासचिवले तयार गर्दछन् भने दोस्रो आर्थिक प्रतिवेदन जसलाई कोषाध्यक्षले तयार गर्दछन् । यसका अलावा एम्नेस्टी नेपालको वार्षिक साधारणसभाले नियुक्त गरेको लेखापरीक्षकले संस्थाको लेखापरीक्षण प्रतिवेदन पनि तयार गर्दछन् ।

यी सबै प्रतिवेदनहरू एम्नेस्टी नेपालको नेसनल बोर्डको बैठकमा पेश गरिन्छ र बोर्डले पारित गर्दछ । तत्पश्चात् हरेक साल हुने एम्नेस्टी नेपालको वार्षिक साधारणसभामा यी सबै प्रतिवेदनहरू प्रस्तुत गरिन्छ । साधारणसभामा वितरण गरिने दस्तावेज पुस्तिकामा यी सबै प्रतिवेदनहरू समावेश गरिएको हुन्छ र यी सबै प्रतिवेदनहरूउपर छलफलका लागि साधारणसभाको एजेन्डामा समय छुट्याइएको हुन्छ ।

साधारणसभामा देशभर रहेको एम्नेस्टी नेपालमा आबद्ध समूहहरूबाट आउने प्रतिनिधिहरूले यी प्रतिवेदनहरूको अध्ययन गरी छलफलमा भाग लिने, प्रश्न वा जिज्ञासाहरू राख्ने, थप जानकारी माग्ने लगायतका अवसरहरू प्राप्त हुन्छ । अझ संस्थाको लेखापरीक्षण प्रतिवेदन तयार हुनासाथ सबै समूहहरूमा प्रेषित पनि गरिसकिएको हुन्छ, जसले गर्दा यसको अध्ययनका लागि समूहमा थप समय प्राप्त हुने गर्दछ ।

साधारणसभाले पारित गरे पश्चात् ती प्रतिवेदनहरू जिल्ला विकास समितिको कार्यालय र जिल्ला प्रशासन कार्यालय काठमाडौँ एवं समाज कल्याण परिषद्को केन्द्रीय कार्यालयमा पेश गरिन्छ । त्यसैगरी ती प्रतिवेदनहरू एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयको विभिन्न विभागहरूमा पनि पेश गरिन्छ ।

### १३.२. बाह्य पारदर्शिता तथा जवाफदेहिता

- **वार्षिक प्रतिवेदन**

यस संस्थाको वार्षिक प्रतिवेदनहरू पारित भैसकेपछि ती प्रतिवेदनहरू जिल्ला विकास समितिको कार्यालय र जिल्ला प्रशासन कार्यालय काठमाडौँ एवं समाज कल्याण परिषद् केन्द्रीय कार्यालयमा पेश गर्ने गरिएको छ । सरोकारवालाको जानकारीका लागि भने खासगरी पत्रकार सम्मेलन नै आयोजना गरेर एम्नेस्टी नेपालमा कहाँबाट कति रकम प्राप्त भयो र के का लागि कति कति खर्च लाग्यो भनेर सार्वजनिक गर्ने गरिन्छ ।

- **सामाजिक लेखापरीक्षण (आयव्यय सार्वजनिक गर्न पत्रकार सम्मेलन)**

एम्नेस्टी नेपालले आर्थिक पारदर्शिता कायम गर्न प्रत्येक वर्ष पत्रकार सम्मेलन गरी यस संस्थामा कहाँबाट कति रकम प्राप्त भयो र कहाँ कति खर्च भयो भन्ने विवरणहरू सार्वजनिक गर्ने गरेको छ । यसका आलावा संस्थाले गत वर्ष के के काम गऱ्यो र त्यसको के उपलब्धी हासिल भयो भन्ने विषयमा पनि सार्वजनिक गर्ने गरिएको छ ।

वर्ष २०७३/७४ मा एम्नेस्टी नेपालमा कति रकम प्राप्त भयो र सो रकम के के काममा कति कति खर्च भयो भनी सार्वजनिक गर्न २०७४ असोज २९ गते एक पत्रकार सम्मेलन आयोजना गरियो ।

पत्रकार सम्मेलनमा संस्थाका आर्थिक तथा वार्षिक प्रतिवेदनहरू वितरण गरिनुका साथै आर्थिक आयव्ययको बारेमा र संस्थाले गरेका अभियानसम्बन्धी कामका बारेमा प्रस्तुतीकरण गरिएको थियो । महेन्द्रनगरमा गरिएको सो पत्रकार सम्मेलनमा राष्ट्रिय र स्थानीय सञ्चारमाध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

